# 'एक चिहान' उपन्यासमा क्षण, जाति र परिवेशको अध्ययन

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग  अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको
दसौा पत्रको प्रयोजनका निम्ति प्रस्तुत

## शोधपत्र

शोधार्थी
सत्यवती भट्टराई
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्व विद्यालय
कीर्तिपुर, काठमाडौं
२०७१

'एक चिहान' उपन्यासमा क्षण, जाति र परिवेशको अध्ययन, - सत्यवती भट्टराई २०७१

त्रिभुवन विश्व विद्यालय

# नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा **सत्यवती भट्टराई**ले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **'एक चिहान' उपन्यासमा क्षण, जाति र परिवेशको अध्ययन** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

**हस्ताक्षर**

**१. प्रा.डा. देवी प्रसाद गौतम** ..........................

विभागीय प्रमुख

**२. प्रा.डा. सुधा त्रिपाठी** ..........................

शोध निर्देशक

**३ उपप्रा. अमृता शर्मा** ..........................

बाह्य परीक्षक

मिति : २०७१/०७/२०

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, एम.ए. दोस्रो वर्षकी छात्रा **सत्यवती भट्टराईले 'एक चिहान' उपन्यासमा क्षण, जाति र परिवेशको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँले निकै परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको समुचित मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०७१/०७/१७

.....................................

**प्रा.डा. सुधा त्रिपाठी**

(शोध निर्देशक)

त्रिभुवन विश्व विद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०७१

# कृतज्ञता ज्ञापन

प्रस्तुत **'एक चिहान' उपन्यासमा क्षण, जाति र परिवेशको अध्ययन** शीर्षकको शोधपत्र मैले मेरी श्रद्धेय गुरु प्रा.डा. सुधा त्रिपाठीज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । यो शोधकार्य पुरा नहुन्जेलसम्मको समयावधिमा दिनु भएको सल्लाह, सुझाव र निर्देशनप्रति म उहाँलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो शोधकार्य लेखनलाई स्वीकृति प्रदान गरिदिनुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. देवी प्रसाद गौतमप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै शोधकार्यमा आएका समस्याहरूमा आवश्यक सल्लाह र सुझाव प्रदान गरी सहयोग गर्नुहुने श्रद्धेय गुरु रमेश प्रसाद भट्टराई तथा नेपाली केन्द्रीय विभागका गुरुहरूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्नु मेरो कर्तव्य ठान्दछु ।

शुरुदेखि आजसम्म घरमा उचित शैक्षिक वातावरण तयार गर्न आर्थिक, पारिवारिक सहयोग पुऱ्याउनु हुने पुज्यनीय बुबा टंकनाथ भट्टराई, स्नेहमयी मातृत्व प्रदान गर्नुहुने आमा रुकमणी भट्टराई, सासु ईश्वरी सापकोटा, ससुरा सीताराम सापकोटा तथा जीवन साथी विष्णु प्रसाद सापकोटाज्यूलाई हृदयदेखि नै धन्यवाद ज्ञापन गर्न चाहान्छु । त्यसैगरी अध्ययन कार्यको तयारीका क्रममा विविध तवरले सर-सल्लाह र सहयोग दिनु हुने दाजु-भाउजु, दिदी-भिनाजु, बहिनी-ज्वाई तथा छोरा उत्सव सापकोटा र परिवारप्रति पनि धन्यवाद नदिइरहन सक्दिन । सामग्री सङ्कलनका क्रममा आवश्यक सहयोग पुऱ्याउने त्रि.वि. केन्द्रीय विभागका पुस्तकालयका कर्मचारीहरू, शोधकार्यको टङ्कनमा सहयोग गर्ने युनिर्भसल फोटा कपी एण्ड कम्प्युटर सेन्टरका प्रोपाइटर सुभाष खत्रीप्रति म कृतज्ञ छु ।

अन्त्यमा, म प्रस्तुत शोध कार्यको समूचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।


त्रि.वि. दर्ता नं. : ९-२-२४५-२१५-९९

शैक्षिक सत्र : २०६७/०६९

मिति : २०७१।०७।१७


शोधार्थी

**सत्यवती भट्टराई**

स्नातकोत्तर तह दोस्रो वर्ष

क्रमाङ्क : २५०

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं ।

# विषय सूची

## परिच्छेद : एक

## शोध परिचय


१.१ विषय परिचय १

१.२ समस्या कथन २

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ अध्ययनको औचित्य र उपयोगिता ५

१.६ अध्ययनको क्षेत्र र सीमा ६

१.७ शोधविधि ६

१.७.१ सामग्री सङ्कलन विधि ६

१.७.२ विश्लेषण पद्धति र सैद्धान्तिक आधार ६

१.८ शोधपत्रको रूपरेखा ७


## परिच्छेद : दुई

## साहित्यको समाजशास्त्र


२.१ परिचय ८

२.२ परिभाषा ११

२.३ साहित्यको समाजशास्त्रको स्वरूप/ढाँचा १३

२.४ साहित्यको समाजशास्त्रका धाराहरू १३

२.४.१ मीमांसावादी धारा १५

२.४.२ अनुभववादी धारा १६

२.५ उपन्यास विश्लेषणका समाज शास्त्रीय आधारहरू १९

२.५.१ क्षण १९

२.५.२ जाति २०

२.५.३ परिवेश २२

२.६ निष्कर्ष २३

## परिच्छेद : तिन

## हृदयचन्द्रसिंह प्रधान - परिचय र प्रवृत्ति


| | |
|---|---|
| ३.१ हृदयचन्द्रसिंह प्रधान :परिचय | २४ |
| ३.२ हृदयचन्द्रसिंह प्रधानको व्यक्तित्व | २५ |
| ३.३ हृदयचन्द्रसिंह प्रधानको साहित्यिक प्रेरणा | २७ |
| ३.४ हृदयचन्द्रसिंह प्रधानको औपन्यासिक यात्रा | २८ |
| ३.५ हृदयचन्द्रसिंह प्रधानका साहित्यिक प्रवृत्तिहरू | ३१ |
| ३.५.१ आलोचनात्मक यथार्थवादी दृष्टि | ३२ |
| ३.५.२ प्रगतिशीलता | ३३ |
| ३.५.३ नारीवादी दृष्टिकोण | ३४ |
| ३.५.४ प्रकृतिपरक चित्रण | ३४ |
| ३.५.५ मानवतावादी दृष्टिकोण | ३४ |
| ३.५.६ कारूणिकता र दुःखान्तता | ३५ |
| ३.५.७ जातिपरकता | ३५ |
| ३.५.८ सहरिया विषयवस्तुको चयन | ३६ |
| ३.६ उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको योगदान र मूल्याङ्कन | ३७ |
| ३.६.१ सङ्ख्यात्मक योगदान | ३८ |
| ३.६.२ आधुनिकताको प्रवर्त्तन | ३९ |
| ३.६.३ ह्रासोन्मुख मानवताको प्रवर्त्तनका निम्तिको प्रयास | ४० |
| ३.७ निष्कर्ष | ४१ |


## परिच्छेद : चार

## 'एक चिहान' उपन्यासमा क्षण


| | |
|---|---|
| ४.१ एक चिहान उपन्यासको पृष्ठभूमि | ४२ |
| ४.२ एक चिहान उपन्यासमा क्षणको प्रभाव | ४४ |
| ४.२.१ राजनीतिक चेतना | ४४ |
| ४.२.२ आर्थिक अवस्था | ४५ |

## परिच्छेद : पाँच

## 'एक चिहान' उपन्यासमा जाती


| | |
|---|---|
| ५.१ एक चिहान उपन्यासमा जातिको प्रभाव | ५० |
| ५.१.१ वंशानुगत विशेषताको प्रभाव | ५० |
| ५.१.२ मानसिक संरचनाको प्रभाव | ५५ |


## परिच्छेद : छ

## 'एक चिहान' उपन्यासमा परिवेश


| | |
|---|---|
| ६.१ एक चिहान उपन्यासमा परिवेशको प्रभाव | ५७ |
| ६.१.१ भौगोलिक परिवेश | ५७ |
| ६.१.२ सामाजिक परिवेश | ६० |


## परिच्छेद : सात


| | |
|---|---|
| **उपसंहार** | **६८** |
| **सन्दर्भ सामग्री सूची** | **७४-७५** |

परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

काठमाडौंको ढोकाटोल मरूहिटी बस्तीमा सूर्य प्रसादकी धर्मपत्नी सूर्यमायाका कोखबाट जन्मिएका हृदयचन्द्रसिंह प्रधान (वि.सं.१९७२/२०१६) एक प्रगतिवादी उपन्यासकार हुन् । उनले १७ वर्षबाट पढाइ सुरु गरी परम्परागत शिक्षा प्रणालीमा स्रेस्ता परीक्षा उत्तीर्ण गरेका थिए । वि.सं. १९९२ सालमा 'भ्रातृस्नेह' शीर्षक लेख प्रकाशित गरी साहित्यमा उदाएका हृदयचन्द्रसिंह प्रधान एकाङ्की, निबन्ध, कथा, उपन्यास, समालोचना आदि विधामा कलम चलाउने बहुमुखी प्रतिभा हुन् । वि.सं.१९९५ सालमा श्री ३ को फर्मायसी अड्डामा नौसिन्दा भएर सेवा प्रवेश गरेका प्रधानले नेपाली साहित्य परिषद् (२००३) को संस्थापक सञ्चालक भई विभिन्न पत्रपत्रिकाको सम्पादन समेत गरे । साहित्यका विभिन्न विधामा सक्रिय रहेका प्रधानका दुईओटा उपन्यासहरू प्रकाशित छन् । उनको वि.सं.२०११ सालमा **स्वास्नीमान्छे** र २०१७ सालमा **एक चिहान** उपन्यास प्रकाशन भएका छन् । सामाजिक रूपान्तरमा लक्षित यी दुवै उनका महत्त्वपूर्ण उपन्यासहरू हुन् ।

**एक चिहान** (२०१७) उपन्यास प्रधानको दोस्रो प्रकाशित उपन्यास हो । यसमा उनले २००७ सालदेखि २०१२ सालसम्मको अवधिमा काठमाडौंको कुरिया गाउँका किसानहरूले भोग्नु परेका आर्थिक, सामाजिक र प्राकृतिक समस्याहरूको जीवन्त चित्र प्रस्तुत गरेको पाइन्छ । सामाजिक यथार्थवादी यस उपन्यासमा गरिब किसानको पारिवारिक जीवनलाई चित्रणको मुख्य आधारमा बनाइएको छ । गाउँले किसानहरूको आर्थिक अवस्था कमजोर छ । परिश्रम गरेर कमाएको पैसाले दुई छाक खान र एकसरो लाउन नै गाह्रो परिरहेको अवस्थामा परिवारका सदस्य बिरामी भएमा त झनै ठुलो विपत्ति झेल्नु पर्ने कुरा देखाइएको छ । औषधी उपचारका लागि वैद्य, गुभाजु र कविराजहरूलाई गुहार्दा उपचार प्रभावकारी नहुने र डाक्टरको सहयोग लिँदा ऋणमा डुबेर घरबासै उड्न बेर नलाग्ने अवस्थाको उल्लेख छ । शोषक, प्रवृत्तिका विरूद्ध सङ्घर्ष गरेको विषय प्रस्तुत गरेर सामाजिक परिवर्तनका लागि विद्रोह पनि आरम्भ भएको कुरा उपन्यासमा सङ्केत गरिएको छ । गरिब किसानहरूलाई लोभ देखाई फसाएर शोषण गर्ने र नारीहरूलाई विलासको साधनका रूपमा प्रयोग गर्न

चाहने सामन्त साहुहरू पनि त्यस समाजमा देखिएका छन् । सम्पन्न वर्गबाट शोषित र पीडित सङ्घर्षशील गरिब किसानहरूको दयनीय आर्थिक, प्राकृतिक र सामाजिक अवस्थालाई यस उपन्यासमा छर्लङ्ग उतारिएको छ । यी सबै प्रसङ्गहरूलाई समेटेर समाज शास्त्रीय आधारमा उपन्यासको विश्लेषण गरिएको छ । समाज शास्त्रीय आधार अन्तर्गत जाति, क्षण र परिवेश पर्दछन् । यसर्थ यस शोधको शीर्षक **एक चिहान** उपन्यासमा क्षण, जाति र परिवेशको अध्ययन रहेको छ ।

## १.२ समस्या कथन

प्रगतिशील विचार र नवीन चेतना भएका साहित्यकार हृदयचन्द्रले सबै विधामा कलम चलाई दुईवटा महत्त्वपूर्ण उपन्यास रचना गरेका छन् । प्रधान जीवन र जगतका यावत पक्षहरूको सूक्ष्म निरीक्षण गर्दै समाजमा परिवर्तन ल्याउने सक्षम उपन्यासकार हुन् । प्रधानका **एक चिहान** उपन्यासमा विभिन्न क्षण, जाति र परिवेशगत अध्ययन नभएका सन्दर्भमा उपन्यासको प्रस्तुत शीर्षकमा केन्द्रित रही अध्ययनलाई अघि बढाउने क्रममा निम्नलिखित समस्याहरू देखिएका छन् ।

(क) **एक चिहान** उपन्यासमा क्षणको स्वरूपको के-कस्तो रहेको छ ?

(ख) **एक चिहान** उपन्यासमा जातिको स्वरूपको के-कस्तो रहेको छ ?

(ग) **एक चिहान** उपन्यासमा परिवेशको स्वरूपको के-कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

शोध कार्यमा सङ्केत गरिएका समस्याहरूको समाधान गर्नु नै शोध कार्यको प्रमुख उद्देश्य हो । ती उद्देश्यहरू यस प्रकार छन् :

(क) **एक चिहान** उपन्यासमा क्षणको स्वरूप प्रस्तुत गर्ने ।

(ख) **एक चिहान** उपन्यासमा जातिको स्वरूप प्रस्तुत गर्ने ।

(ग) **एक चिहान** उपन्यासमा परिवेशको स्वरूप प्रस्तुत गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली उपन्यास परम्परामा मौलिक सामाजिक प्रगति र सुधारवादी चिन्तन बोकेर हृदयचन्द्रसिंह प्रधान देखा पर्दछन् । उनका दुई प्रमुख उपन्यासमध्ये वि.सं.२०१७ सालमा प्रकाशित **एक चिहान** एक महत्त्वपूर्ण साहित्यिक कृति हो । यस उपन्यासका सम्बन्धमा विभिन्न समालोचक तथा साहित्यकारहरूले विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा टिप्पणी र चर्चा परिचर्चा गरेका छन् । तथापि उनका उपन्यासहरूमा क्षण, जाति र परिवेशको अध्ययन गरेको पाइँदैन । विभिन्न विद्वान्हरूद्वारा गरिएका टीका टिप्पणी र चर्चा परिचर्चालाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

माधवलाल कर्मचार्यले **साहित्य** (२०१७/१:८) मा प्रकाशित “हृदयचन्द्रसिंह प्रधान उपन्यासकारका रूपमा” शीर्षक लेखमा प्रधानको **एक चिहान** उपन्यासको चर्चा गर्दै यस उपन्यासमा पात्रहरूको अन्तर्जातीय विवाह गराउने विचार सजिलैसँग पूर्ण भएको कुरा उल्लेख गर्दै अन्तरर्जातीय विवाहका पक्षमा जोड दिएका छन् ।

माधवलाल कर्माचार्यकै **समालोचना र साहित्य** (२०२२) मा **एक चिहान** उपन्यासको टिप्पणी गर्दै यस उपन्यासमा एउटा यस्तो परिवारको चर्चा गरिएको छ जो परम्परागत समाजका मान्यताहरूमा लाग्नु नै मौजुदा दयनीय अवस्थाको मूल कारण मान्दै त्यस्ता सामाजिक मान्यतालाई तोड्न सक्रिय रहेका छन् भनी टिप्पणी गरिएको छ ।

हिमांशु थापाले **साहित्य परिचय** (२०३६) पुस्तकमा उपन्यासको सिद्धान्तका बारेमा चर्चा गर्ने क्रममा **एक चिहान** उपन्यासको प्रसङ्ग कोट्याउँदै यस उपन्यासका पात्रहरूको माध्यमले लेखकले आफ्नो सिद्धान्त र विचारलाई प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् ।

घट्टराज भट्टराईले **प्रतिभैप्रतिभा र नेपाली साहित्य** (२०४०) नामक कृतिमा नेपाली साहित्यका व्यक्तिहरू र कृतिहरूको परिचय गराउने क्रममा **एक चिहान**लाई एक प्रगतिशील र सामाजिक उपन्यासका रूपमा चित्रण गरेका छन् ।

ऋषिराज बरालले **प्रगतिवाद र नेपाली उपन्यास** (२०४०) नामक कृतिमा प्रगतिवादी उपन्यासकारहरूको चर्चा गर्ने क्रममा प्रधानको **एक चिहान** उपन्यासले नेपाली उपन्यास परम्परामा सबभन्दा पहिले किसान र उसको परिवारलाई लिएर चिन्तन गर्ने जमर्को गरेको

छ र किसान परिवारको बासै उठाउन खोज्ने तल्सिङ जमिनदार खलकलाई अघि सारेको छ भनी टिप्पणी गरिएको छ ।

कृष्णचन्द्रसिंह प्रधानले **साझा समालोचना** (२०४४) नामक कृतिमा आधुनिक उपन्यासको विकासक्रमको चर्चा गर्ने क्रममा २००७ सालमा परिवर्तनसँगै नेपाली उपन्यास क्षेत्रमा नयाँ विषयवस्तुले प्रवेश पाएको थियो । त्यही क्रममा **एक चिहान** विद्रोही भावना शोषण, अत्याचार, अन्धविश्वास र रूढिवादी धारणाको विरोध, नारी समस्या र किसानहरूको दुर्दशा जस्ता विषयलाई उठाएर प्रगतिशील प्रवृत्ति, विद्रोह र क्रान्तिको प्रेरणा र सामाजिक यथार्थको पृष्ठभूमिमा सिर्जिएको उपन्यासको रूपमा टिप्पणी गरेका छन् ।

ऋषिराज बरालले **प्रगतिशील उपन्यासको मूल प्रवृत्ति** (२०४८) शीर्षकको विद्यावारिधिको शोधपत्रमा **एक चिहान** उपन्यासले जमिनदार र सामन्तवर्गको शोषणबाट किसानहरू शोषित र सो बिरूद्ध किसानहरू जागृत हुँदै गएको चेतनालाई प्रमुख प्रवृत्ति बनाउने उपन्यासकारका रूपमा प्रधानलाई लिँदै प्रगतिशील पहिलो उपन्यासको रूपमा **एक चिहान** को चर्चा गरेका छन् ।

मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेलको **नेपाली कविता र आख्यान** (२०५७) मा **एक चिहान** उपन्यासको संरचना, चरित्र चित्रण, परिवेश, भाषाशैली उद्देश्य आदिको आधारमा सङ्क्षिप्त विश्लेषण गर्दै यसमा समाज सुधारका दिशाहरूमा प्रगतिवादी दृष्टिकोण प्रस्तुत भएको कुरा चर्चा गरिएको छ ।

कमल बहादुर खत्रीले **"एक चिहान उपन्यासको कृतिपरक अध्ययन"** (२०५८) शीर्षकको शोधपत्रमा कथावस्तु, चरित्र, परिवेश, उद्देश्य आदि तत्त्वका आधारमा सङ्क्षिप्त विश्लेषण गर्दै जातीय उचनीच, भेदभाव विरूद्धको विद्रोह, वर्गसङ्घर्षको थालनी, नारी स्वतन्त्रता, समानताको आवाज उठाउनु, नारी आदर्शको सम्मान गर्नु, नारी शोषणको विरोध गर्नु इत्यादि कुराको चर्चा परिचर्चा गरी एक प्रगतिशील उपन्यास भनी टिप्पणी गरेका छन् ।

कृष्णचन्द्र सिंह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** (२०६१) मा **एक चिहान** परम्परागत सामाजिक, धार्मिक, व्यावहारिक मान्यताका विरूद्ध समयोचित उदार र राष्ट्रिय दृष्टि अँगाल्ने आग्रहमा निर्मित छ । यसकारण यसमा आलोचना, आदर्श, सुधार जस्ता प्रवृत्तिको आधिपत्य रहेको छ । मुख्य गरेर विजातीय वैवाहिक सम्बन्ध जोड्ने, मर्दापर्दा

नसकीकन पनि गर्नुपर्ने दानधर्म तथा अमिल्दो अनुचित प्रेम सम्बन्ध जस्ता बुँदाहरूलाई उपन्यासले समातेको छ । यी सबै विषय समाजको प्रगतिको बाटोमा देखा परेका अवरोध हुन् अनि कट्टरता र उच्छृङ्खलता हुन् त्यसैले यी विषयबाट जोगाएर समाजलाई संयमित सन्तुलित तथा अनुशासित दिशा दिने दृष्टिकोण लेखकले लिएका छन् भनी उल्लेख गरिएको छ ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०६६) मा **एक चिहान**को चर्चा गर्दै परिश्रमी किसानका इच्छा, आकाङ्क्षा र सपनाहरू चिहानमा पुरिइसकेका छन् । वर्षभरि काम गरे पनि खाने बेला ऋण लिनु पर्ने अवस्थामा पुग्ने किसानहरू तथा अन्याय र अत्याचारको जाल खेलेर जनतालाई चुस्ने शोषकहरूको द्वन्द्व उपन्यासमा प्रकट भएको छ । पात्रका बिच हुने द्वन्द्वको प्रस्तुतिमा उनी सफल छन् अनि न्यायका वा अधिकार प्राप्तिका लागि निडर भएर उठ्न जनतालाई उत्प्रेरित पारेका छन् भनी उल्लेख गरिएको छ ।

यस प्रकार हृदयचन्द्रसिंह प्रधानको **एक चिहान** उपन्यासका सन्दर्भमा धेरै अध्ययन तथा विश्लेषणहरू भएको देखिन्छ तर यस उपन्यासको साहित्यको समाज शास्त्रीय अध्ययन पद्धति अनुरूप यसमा प्रयुक्त क्षण, जाति र परिवेशगत अध्ययन भने भएको छैन । यसर्थ, यिनै पूर्वकार्यहरूका आडमा यस शोधकार्यमा समाज शास्त्रीय पद्धति अनुरूप क्षण, जाति र परिवेशको अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको औचित्य र उपयोगिता

हृदयचन्द्रसिंह प्रधान काठमाडौंमा जन्मेका र यहीँका ग्रामीण समाजका पीडा र दुःखदर्दलाई प्रस्तुत गर्ने उपन्यासकार हुन् । काठमाडौंको एउटा गाउँको निम्न वर्गीय किसान परिवारलाई आधार बनाई लेखिएको **एक चिहान** प्रगतिशील विचारबाट प्रभावित उपन्यास हो । **एक चिहान** उपन्यासका सम्बन्धमा जे-जति अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको भए पनि समाज शास्त्रीय दृष्टिकोणबाट भने यसको विश्लेषण गरिएको पाइँदैन । त्यसैले **एक चिहान** उपन्यासको क्षण, जाति र परिवेशमा आधारित भई विश्लेषण गर्नुमा नै यस अध्ययनको औचित्य रहेको छ । साथै उच्च माध्यमिक तहको अनिवार्य नेपाली पाठ्यक्रममा

प्रधानको उपन्यास **एक चिहान** अध्ययन गर्ने विद्यार्थीहरूका लागि समेत प्रस्तुत अध्ययन उपयोगी हुनेछ ।

## १.६ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र हृदयचन्द्रसिंह प्रधानको **एक चिहान** उपन्यासमा क्षण, जाति र परिवेशको अध्ययनमा सीमित रहेको छ । यसका साथै प्रधानका औपन्यासिक यात्रा र प्रवृत्ति, **एक चिहान** उपन्यासको समाज शास्त्रीय अध्ययन जाति क्षण र परिवेशको प्रभावको मात्र अध्ययन गरिएको छ ।

## १.७ शोधविधि

शोधविधि  अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा पर्दछन् ।

### १.७.१ सामग्री सङ्कलन विधि

यस शोधपत्रको लेखनमा मूलतः पुस्तकालयीय अध्ययन विधिको अवलम्वन गरिएको छ । **एक चिहान** उपन्यासलाई प्राथमिक स्रोत र सो उपन्यासका बारेमा विश्लेषण भएका पुस्तक प्रकाशित पत्रपत्रिका, समालोचकीय लेखरचना, सल्लाह, सुझाव तथा पूर्व अध्ययन भएका शोधकार्यलाई सहायक सामग्रीका रूपमा लिइएको छ ।

### १.७.२ विश्लेषण पद्धति र सैद्धान्तिक आधार

प्रस्तुत शोधपत्रको विषय **एक चिहान** उपन्यासमा क्षण, जाति र परिवेशको अध्ययन रहेकाले त्यससँग सम्बन्धित सिद्धान्तका रूपमा समाज शास्त्रीय सिद्धान्तको आधारभूत मान्यतालाई लिइएको छ । उपन्यासमा क्षण, जाति र परिवेशलाई स्पष्ट पार्न वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको अवलम्वन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपमा अध्ययन विश्लेषण गर्नका लागि निम्न लिखित परिच्छेद्दहरूमा विभाजन गरी निम्न लिखित शीर्षक दिइएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : साहित्यको समाजशास्त्रको परिचय

तेस्रो परिच्छेद : उपन्यासकार हृदयचन्द्रसिँह प्रधानको परिचय र प्रवृत्ति

चौथो परिच्छेद : **एक चिहान** उपन्यासमा क्षण,

पाँचौ परिच्छेद : **एक चिहान** उपन्यासमा जाति

छैटौं परिच्छेद : **एक चिहान** उपन्यासमा र परिवेश

सातौं परिच्छेद : उपसंहार

प्रस्तुत शोधपत्रका परिच्छेदहरूलाई आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा पनि विभाजन गरिएको छ ।

## परिच्छेद : दुई

# साहित्यको समाजशास्त्र

## २.१ परिचय

साहित्यको जन्म समाजबाट नै हुन्छ । साहित्य र समाजबिच गहिरो सम्बन्ध हुन्छ । समाजबाट नै भोगेका दुःखसुखका घटनाहरू साहित्य मार्फत झल्कने गर्दछन् । साहित्य मानिसको आन्तरिक स्वरूपको अध्ययन हो । व्यक्ति र व्यक्तिका व्यवहारको अध्ययन गर्ने शास्त्र नै समाजशास्त्र हो । साहित्यमा समाज प्रतिविम्बित हुन्छ वा साहित्यमा समाजको पुनः सिर्जन हुन्छ, कृतिका माध्यमबाट समाज पढ्न र बुझ्न सकिन्छ । साहित्य समाजसँग जोडिएको हुन्छ । कला साहित्य शून्यमा सिर्जित हुँदैन, साथै कला साहित्य केवल व्यक्ति कलाकारकै आत्मगत निजी अभिव्यक्ति मात्र होइन । प्रत्येक मानिस सामाजिक पर्यावरणबाट टाढा रहन सक्दैन । त्यसैले प्रत्येक साहित्यकार कुनै न कुनै देश र कालमा हुन्छ र समाज भनेको यही वातावरण हो । साहित्यकार त्यही समाजको एक अङ्ग हो र उसको आन्तरिक व्यक्तित्व सामाजिक सन्दर्भबाट नै प्रस्फुटन हुने गर्दछ । समाजशास्त्रले मानवीय आचार व्यवहारको समग्र अध्ययन गर्दछ । अनि समाज र साहित्यलाई एक अर्काको आधारशिला ठान्दछ ।

समाजशास्त्रका जन्मदाता अगस्त कोम्ते हुन् । उनले ल्याटिन शब्द सोसाइट्स र लोगोसको अन्वय गरी सोसीयोलोजी शब्दको जन्म दिएका हुन् । ल्याटिन शब्द सोसाइट्सको अर्थ समाज र लोगोसको अर्थ विज्ञान भन्ने हुन्छ । सोसियोलोजीको नेपाली रूपान्तरण समाजशास्त्र हो । समाजशास्त्र मानवीय सामाजिक क्रियाकलापसँग सम्बन्धित रहेकाले यसको सामाजिक संरचनाका विभिन्न शाखाहरूसँग घनिष्ट सम्बन्ध रहनु स्वाभाविक हुन्छ । समाजशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, नीतिशास्त्र एवम् अन्य भौतिकशास्त्रहरू समेत आ-आफ्नै किसिमले आफ्ना विषय क्षत्रीभत्र अध्ययन गरिरहेका हुन्छन् । यी सम्पूर्ण शाखाहरूको समन्वय गरी एकै ठाउँमा राखेर अध्ययन अनुसन्धान गर्ने कार्य समाजशास्त्रले गर्छ । साहित्यसित समाजशास्त्रका यिनै विषयहरूको समन्वय गरी गरिने वैज्ञानिक अध्ययन पद्धति साहित्यको समाजशास्त्र हो ।

समाजसित साहित्यको सम्बन्ध सरल हुँदैन । यसका आफ्नै खाले विधागत विशेषता र प्रवृत्तिहरू हुन्छन् । साहित्य बुझ्नका लागि जसप्रकार समाजको आवश्यकता हुन्छ त्यसैगरी रिचर्ड होगार्ट भन्छन्, "पूरै साहित्यक साधनका अभावमा समाजका विद्यार्थी समाजबाट पूर्ण बेखबर रहन्छन् ।" समाजभित्रको वा हुर्किएको समाज तथा वातावरणको विरोधी नै भए पनि उसमा रहेको विरोधको पराकाष्टा खोज्न समेत समाज बाहिर जानु पर्दैन । एकातिर समाजकै उत्पादनका रूपमा व्यक्ति स्रष्टा वा द्रष्टा हुन्छ भने अर्कातिर व्यक्ति समूहले निर्माण गरेको समाज हुन्छ । समाजको आलोचना गर्ने वा समाजसित विद्रोह गर्ने साहित्यको समेत समाजसँग एक प्रकारको सम्बन्ध हुन्छ (पाण्डेय, १९८९:११७) । त्यसैले समाज र साहित्य एक अर्काप्रति अन्तर्सम्बन्धित हुन् । साहित्यविना समाज भए तापनि समाजविना साहित्यको निर्माण कदापि हुन सक्दैन । समाज र साहित्यलाई गहिरो रूपमा नबुझी न त साहित्यको अध्ययन विश्लेषणबाट समाजको वास्तविकता खुट्याउन सकिन्छ न त सामाजिक यथार्थबाट साहित्यको अध्ययन नै राम्रोसँग गर्न सकिन्छ । त्यसैले साहित्यको समाजशास्त्रको अध्ययन गर्न साहित्य र समाजको अन्तर्सम्बन्धको महत्त्वलाई गहिरो रूपमा बुझ्न अति आवश्यक देखिन्छ ।

समाजशास्त्रमा समाज नै अध्ययनको केन्द्रबिन्दु हुन्छ । व्यक्तिले समाजका लागि जति दिइरहेको हुन्छ, समाजबाट उसले त्यसभन्दा बढी नै पाएको हुन्छ । यसरी समाजशास्त्रले व्यक्ति मूल्यलाई भन्दा सामाजिक मूल्यलाई सुदृढ देखाउँछ । साहित्य जीवनको अभिव्यक्ति हो जो द्रष्टाको मस्तिष्कमा निर्मित मानव जीवनको स्वरूपमा आधारित हुन्छ । साहित्यमा अभिव्यक्त विषयहरू समाजकै संरचनाभित्रका घात, प्रतिघात, विश्वास आस्था जस्ता अनगिन्ती विषयहरूको आयतनभित्र रहन्छन् । साहित्य र समाज एक अर्काबाट प्रभावित हुन्छन् । साहित्यले समाजबाट कच्चा पदार्थ ग्रहण गर्दछ र समाजलाई नै तयारी साहित्य प्रदान गर्दछ । समाज शास्त्रीय साहित्यको सिर्जना व्यक्तिनिष्ठ प्रतिभाको प्रतिफल नभएर लेखक, पाठक, प्रकाशक, समाज आदिका अन्तर्क्रियाको फल हो ।

प्लेटोले प्रतिपादन गरेको अनुकरण सिद्धान्तमा सीमित रूपमा साहित्यका समाजशास्त्रको विज पाइन्छ । समाजले साहित्यको स्वरूप निर्माण गर्दछ । सामाजिक सन्दर्भबाट कृतिको विश्लेषण गर्न सकिन्छ भन्दै साहित्यलाई जलवायु, जमिन र राष्ट्रिय चेतनासँग जोडेर हेरिन्थ्यो (जैन, १९८६:१५) । पछि १९ औं शताब्दीमा आएर साहित्यको

समाज शास्त्रीय अध्ययनको सैद्धान्तिक थालनी फ्रान्सेली चिन्तक तथा इतिहासकार इपिलीटेनले प्रारम्भ गरे । टेनले आफ्नो पुस्तक 'हिस्ट्री अफ लिटेरेचर' मा प्रजाति, युग र पर्यावरणलाई साहित्यको विश्लेषणको आधार बनाएर सैद्धान्तिक धारणा प्रस्तुत गरे (शर्मा, लुइटेल, २०६३:१२७) । यिनको मान्यता अनुसार लेखकका प्रजाति, क्षण र पर्यावरण यी तिनैको प्रभाव कृतिमा पर्ने हुँदा कृतिको मूल सम्बन्ध लेखकले भोगेको समाजसित हुन्छ । साहित्यको इतिहास लेखनको मूल प्रयोजन मानिसको मनोविज्ञान र अन्तर्जगतको अध्ययन विश्लेषण एवम् अनुसन्धान गर्नु हो (दाहाल, २०५८:२) । लेखक कुन जातिको हो, उसले कुन समयमा साहित्यको रचना गरेको छ र उसको वातावरणीय प्रभाव कसरी परेको छ जस्ता कुराको अध्ययन समाज शास्त्रीय अध्ययनले गर्दछ । समाज र साहित्यको सम्बन्ध अत्यन्तै निकट भएको हुनाले सामाजिक क्रियाकलाप, समकालीन रीतिरिवाजको पुनर्लेखन तथा विशेष प्रकारको मानसको अभिव्यक्ति हो । लेखक मैनेजर पाण्डेयको मत अनुसार यस शास्त्रले कृतिको सामाजिक महत्त्वको विश्लेषण गर्दछ (पाण्डेय, १९८९:२) ।

साहित्यिक कृतिको अध्ययनले मानिसमा जुन प्रभाव पर्दछ त्यही नै कृतिगत प्रभावको सामाजिकता हो । सामाजिक विषयवस्तु र सामाजिक पर्यावरणका चापबाट प्राप्त अनुभव राशिलाई प्रकट गरिएको साहित्यिक कृति प्रकाशित वा प्रचारित गरिनासाथ एक सार्वजनिक वस्तु बन्दछ र त्यसले सार्वकालिक अस्तित्त्व लिन पुग्दछ । समाजले त्यस कृतिमा अभिरूचि राख्दछ र त्यसको उपयोगिता देख्दछ अनि त्यसलाई ग्रहण गर्न थाल्दछ । यहींदेखि कृतिको सामाजिक प्रभाव सुरु हुन्छ । यसरी साहित्यिक समाजमा प्रविष्ट आङ्गिक संरचना, त्यसको उत्पत्ति, इतिहास र निर्माणको श्रृङ्खलामा आउने विशिष्ट क्रियाकलापका सन्दर्भमा साहित्य र समाजको दोहोरो अन्तर्सम्बन्धको वैज्ञानिक अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने विधि नै साहित्यको समाजशास्त्र हो (क्षत्री, २०६३:१४) ।

अतः साहित्य र समाज बिच निकै घनिष्ठ सम्बन्ध हुन्छ । लेखक र उसमा पर्ने सम्पूर्ण प्रभाव पनि समाजबाट प्राप्त गरिरहेको हुन्छ । यसरी समाज र साहित्य बिच अन्यान्योश्रित सम्बन्ध रहेको पाइन्छ ।

## २.२ परिभाषा

समाजशास्त्र समाजको वैज्ञानिक अध्ययन गर्ने विषय हो । साहित्यका विविध तत्त्वहरूको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई साहित्यको समाजशास्त्र भन्दछन् । समाजमा भएका सामाजिक व्यवहार, आचरण, क्रियाकलाप, संस्कृति, आर्थिक, सामाजिक, राजनीतिक पक्षहरू कृतिमा कसरी प्रतिविम्बित भएका छन् भनेर साहित्यको समाजशास्त्रले अध्ययन गर्दछ । यसले लेखकको सामाजिक स्थितिलाई हेर्नुका साथै उनको प्रजाति, क्षण र पर्यावरणको प्रभाव कृति भित्र परीक्षण गर्दछ र ती तत्त्वको सामाजिक सहसम्बन्ध खोज्दछ । साहित्यको समाजशास्त्र सम्बन्धी परिभाषाहरू विभिन्न विद्वान्हरूले फरक-फरक रूपमा प्रस्तुत गरेका छन् । केही परिभाषाहरू निम्नलिखित रहेका छन् :

फेयर चाइल्डले समाजशास्त्रको शब्दकोश (ई.१९१४) मा कलाकृति तथा कलाकारको पारस्परिक प्रभावका सन्दर्भमा कला साहित्यको निरूपण, वर्गीकरण तथा व्याख्या विवेचना गर्ने विधा साहित्यको समाजशास्त्र हो भनी परिभाषित गरेका छन् । उक्त परिभाषामा कलाकारको प्रभाव कलाकृतिमा र कलाकृतिको प्रभाव कलाकारमा पर्ने सन्दर्भ उल्लेख गरेका छन् (गौतम, २०७०:११) ।

मैनेजर पाण्डेयको साहित्यको समाजशास्त्र सामाजिक संरचना, संस्था र व्यक्ति तथा समाजको सम्बन्धको अध्ययनको एउटा अनुशासन हो भनेका छन् (पाण्डेय १९८९-३२) अनि आधुनिक समाजमा साहित्यको वास्तविक स्थिति र भूमिकाको यथार्थवादी ढङ्गले बुझ्ने प्रयत्न साहित्यको समाजशास्त्रले गर्दछ भनेर परिभाषित गरेका छन् (दाहाल, २०५८:१३) ।

तेनले अङ्ग्रेजी साहित्यको इतिहास कलाको दर्शन, इटालीको यात्रा, पुस्तकमा साहित्यको समाज शास्त्रीय धारणा व्यक्त गरेका छन् । साहित्यकारले आफ्नो सिर्जनाको विषय वा कच्चा पदार्थ समाजबाट प्राप्त गर्दछ भन्ने उहाँको मान्यता रहेको छ । साहित्यले समाजको सत्य तथा मानसिक सोचाइको अभिव्यक्ति गर्दछ । ऐनाले जुन कार्य गर्छ त्यस्तै कार्य साहित्यले पनि गर्दछ भनी साहित्य समाजको दर्पण मानेका छन् । साहित्य मार्फत समाजको चालचलन, रीतिरिवाज आदिको स्पष्ट रूपरेखा कोर्न सकिन्छ । साहित्य मार्फत् समाजका क्षण, जाति र परिवेशको अध्ययन गर्न सकिन्छ । विभिन्न चरित्रहरूको प्रयोग गरेर उनीहरूले घटाउन सक्ने घटनाको वर्णन साहित्य मार्फत प्राप्त गरिन्छ । साहित्य

कलाकारको अभिव्यक्ति मात्र पनि होइन, त्यसमा कलाकारले भोगेको समाजको रहनसहन, चालचलन, रीतिरिवाज, परम्पराका साथसाथै प्रकृतिको ठुलो हात रहेको हुन्छ । लेखकले आफू बाँचेको युगलाई विशिष्टीकृत ढङ्गले व्यक्त गर्ने गर्दछ । लेखक, पाठक र कृति बिच सुमधुर सम्बन्ध रहेको हुन्छ । लेखकले कृतिको निर्माण गर्दा आफू बाँचेको युगको वास्तविक समाजका जातिहरूको प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसरी साहित्य समाजको अभिव्यक्ति हुनाका साथै समाजको स्मारक र दस्तावेजहरूको सूचना भण्डार पनि हो । समाज र कृतिभित्र परस्पर दोहोरो प्रभाव रहन्छ । समाजबाट कच्चा पदार्थ लिने साहित्यिक कृति समाजको दर्पण हो भने समाज र कृतिको परीक्षण साहित्यको समाजशास्त्र हो ।

निर्मला जैनले साहित्यका समाजशास्त्रीहरूको कार्य साहित्यिक रचनाका केवल ऐतिहासिक र सामाजिक प्रतिविम्बको खोजी गर्नु मात्र नभएर विशिष्ट साहित्यिक रचनामा निहित मूल्यको पद्धति समेत स्पष्ट गर्नु हो भनेका छिन् (बराल, २०६७:६०) । समाजमा कस्ता-कस्ता धर्मका कस्ता जातपातका कस्तो वर्ण, प्रकृति, लिङ्ग र प्रजातिका मान्छेहरू छन् । तिनको क्रमबद्ध अध्ययन साहित्यको समाजशास्त्रको गर्दछ ।

रवर्ट स्कार्पिटको मान्यता अनुसार साहित्यको समाजशास्त्र साहित्यिक तथ्यको विशिष्ट प्रकृतिसित सम्बन्धित हुन्छ र त्यसैको अध्ययन तथा विश्लेषण गर्दछ (गौतम, २०७०:११) । साहित्यको सम्बन्ध प्रकृतिसँग रहेको हुन्छ । साहित्यको समाजशास्त्रले लेखकको प्रकृतिसँगको सम्बन्ध समाजको चालचलन, आचार व्यवहार आदि अन्तर्सम्बन्ध देखाउँछ ।

अतः साहित्यको समाजशास्त्र भन्नाले वैज्ञानिक ढङ्गले साहित्यमा समाजको अध्ययन विश्लेषण गर्ने समालोचना प्रणालीको रूप हो । कुनै पनि कृतिले साहित्यकारको अनुभूतिका आधारमा आफ्नो अस्तित्त्व कायम गर्छ । साहित्यकारका सामाजिक, आर्थिक, नैतिक, भौतिक, धार्मिक, सांस्कृतिक एवम् कानुनी र मनोवैज्ञानिक प्रभाव वा परिणामको उपजले साहित्यको निर्माण हुन्छ । यसरी समाजका व्यक्तिहरूमा रहेका समाज भोगाइका यथार्थ अनुभवलाई साहित्यकारले आफ्ना कृतिमा व्यक्त गर्ने भएकाले लेखकका कृतिमा समाजको प्रतिविम्ब कलात्मक रूपमा व्यक्त भएको हुन्छ । त्यसैको खोजी गरेर प्रस्तुत गर्नु नै साहित्यको समाज शास्त्रीय अध्ययन हो ।

## २.३ साहित्यको समाजशास्त्रको स्वरूप/ढाँचा

साहित्यको समाजशास्त्रको स्वरूपलाई हेर्दा यसको आफ्नै मौलिक समालोचना सिद्धान्त भएको पाइन्छ । यसको मुख्य उद्देश्य समाजसित साहित्यको सम्बन्धको खोजी र त्यसको व्याख्या गर्नु हो यसले आधुनिक समाजमा साहित्यको वास्तविक स्थिति र भूमिकाको यथार्थ ढङ्गले विश्लेषण गर्ने प्रयत्न गर्दछ । यसको स्वरूपलाई नियाल्दा यसले मार्क्सवाद, फ्रायडवाद, संरचनावाद जस्ता प्रसिद्ध समालोचनाबाट पनि विचार ग्रहण गरेको पाइन्छ । साथै कृतिभित्र लेखक, कृति र समाजको तुलनात्मक अध्ययन एवम् विश्लेषण गर्ने भएकाले यसको स्वरूप व्यापक देखिन्छ ।

साहित्यको समाजशास्त्रले मुख्य रूपमा गद्य विधा अन्तर्गत आख्यान र नाटकको विश्लेषण गरेको पाइन्छ । साहित्यिको समाजशास्त्रमा साहित्यिक कृतिका सामाजिक तथ्य तथा घटना त्यसका उत्पत्तिका कारणको खोजी गरिन्छ । यस शास्त्रले विशेषतः आख्यान र नाटकको विश्लेषणका निम्ति सुगम आधार तयार पारि दिन्छ । नाटकमा कार्यकारणको प्रसङ्ग जति सत्यसङ्गत हुन्छ नाटक त्यति नै मञ्चमा सहायक र अनुकूल हुन्छ । उपन्यास विधा भित्र भएका धर्म, संस्कृति, रीतिरिवाज, लेखक, प्रतिभा र कल्पनाको उचित मूल्याङ्कन तथा विश्लेषण गर्दछ । यसको स्वरूपलाई हेर्दा यसले विशेष गरेर मीमांसावादी र अनुभववादी धारालाई अँगालेको पाइन्छ । मीमांसावादी धारा अन्तर्गत मार्क्सवादी, आलोचनात्मक समाजशास्त्र र संरचनावादी दृष्टिको प्रयोग पाइन्छ । अनुभववादी धारामा पुरानो विधेयवादी दृष्टिको प्रयोग भएको पाइन्छ (मगर, २०६९:१५) ।

यसरी विभिन्न सिद्धान्त र धारालाई हेर्दा साहित्यको समाजशास्त्रको स्वरूप बृहत् देखिन्छ भने विधागत रूपका आधारमा सीमित स्वरूपको पाउन सकिन्छ ।

## २.४ साहित्यको समाजशास्त्रका धाराहरू

१९ औं शताब्दीको अन्त्यतिर र २० औं शताब्दीका प्रारम्भमा साहित्यको स्वतन्त्रताका विषयमा चर्को बहस भएको पाइन्छ । बहसकर्ताको मान्यता अनुसार साहित्य एक स्वतन्त्र विधा र लेखनबाट आउनुपर्छ भन्ने थियो । विशेष गरेर पश्चिमका राष्ट्रहरूमा विकास भएको पुँजीवादले साहित्य र समाजका जटिलताहरू निम्त्याइरहेका थिए । यस्ता समस्याहरूको निराकरणका लागि विभिन्न विधाहरू अगाडि आए । कसैले स्वप्निल

चिन्तनबाट साहित्यलाई स्वतन्त्र विधाका रूपमा प्रतिस्थापित गर्ने प्रयत्न गरे भने कसैले कपोलकल्पित र मनोगत सिद्धान्तका आधारमा अगाडि सारेर समाधान प्रस्तुत गर्ने प्रयत्न गरका छन् । यी सबै मान्यता र सिद्धान्तहरू असफल भएपछि साहित्यले अर्को वैकल्पिक बाटो रोज्दै समाजशास्त्र भाषाशास्त्र, मनोविज्ञान र इतिहासको सहायताले अनुसन्धानको प्रारम्भ भयो । यसले साहित्य बुझ्नका सहायताले अनुसन्धानको प्रारम्भ भयो । यसले साहित्य बुझ्नका लागि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

मैनेजर पाण्डेयका अनुसार रूसी रूपवाद, संरचनावाद, अमेरिकी नयाँ समीक्षा, शैली विज्ञान जस्ता भाषिक सम्प्रदायहरू साहित्य विवेचना, भाषिक विश्लेषणमा सीमित रहेका छन् । यी भाषा शास्त्रीय मान्यताहरूबाट समेत साहित्यको सामाजिक अध्ययनमा कुनै मद्दत गर्न नसकेपछि चिन्तकहरू वैकल्पिक मार्गको खोजीतर्फ प्रवृत्त बने । यसैकारण साहित्यको समाजशास्त्रको जन्म भएको पाइन्छ । साहित्यको समाजशास्त्रका प्रवर्तक हिप्पोलिट टेनले साहित्य रचनालाई कार्यकारण सम्बन्धका आधारमा हेरेका छन् । उनका अनुसार साहित्य कार्य हो । यसको रचनाका लागि विशेष कारणले भूमिका निर्वाह गरेका हुन्छन् । ती कारण भौतिक र सामाजिक हुन्छन् । भौतिकवादी टेनले उनको समय अघिसम्म प्रचलित दैवी सिद्धान्तको खण्डन गर्दै आफ्ना मान्यता अघि सारेका छन् । त्यस बेलासम्म साहित्यकारलाई दैवप्रदत्त प्रतिभा सम्पन्न विशिष्ट व्यक्ति मानिन्थ्यो । टेनले साहित्य शून्यमा सिर्जना हुन सक्दैन । यो कसैको व्यक्तिगत लहड मात्र पनि होइन भन्दै साहित्यलाई मानवीय उत्पादन मानेर त्यसका लागि कच्चा पदार्थ समाजबाट जुटाइने  धारणा अघि सारेका छन् (पाण्डेय, १९८९:१२२) ।

साहित्यको समाजशास्त्रको विकास सँगसँगै प्रमुख रूपमा दुईवटा सिद्धान्त आएको देखिन्छ । एउटा साहित्यमा समाजको अभिव्यक्तिको खोजी गरिन्छ र यसलाई मीमांसावादी धारा भनिन्छ । यसैलाई समीक्षा सिद्धान्त पनि भनिन्छ । अर्कोमा साहित्यको समाजमा भएको स्थितिको विश्लेषण गरिन्छ र यसलाई अनुभववादी धारा भनिन्छ । यसैलाई विधेयवादी वा दर्पण सिद्धान्त पनि भनिन्छ । डा.मैनेजर पाण्डेयको विचारमा समाजशास्त्रमा विकासमा दुई धारा रहेका छन् :

१. मीमांसावादी धारा
२. अनुभववादी धारा

### २.४.१ मीमांसावादी धारा

साहित्यमा समाजको अभिव्यक्तिको खोजी गर्ने धारालाई मीमांसावादी धारा भनिन्छ । प्रसिद्धि कमाएका साहित्यिक कृतिहरूलाई मात्र समेट्ने सिद्धान्तलाई मीमांसावादी साहित्यको समाजशास्त्र भनिन्छ । यस सिद्धान्तमा कृतिको अन्तर्वस्तु कृतिको रचनाकाल, रचना पूर्व र रचना पश्चातको समय चक्रलाई महत्त्व दिइन्छ । साहित्यको सामाजिक स्थिति तथा पाठक, भावक र आलोचकसम्म यस धाराको अध्ययनको विषय मानिन्छ । मीमांसावादी सिद्धान्त अन्तर्गत मार्क्सवाद, आलोचनावाद समाजशास्त्र र संरचनावादका विभिन्न दृष्टिकोणहरू पर्दछन् । यस सिद्धान्तको प्रतिनिधित्व लियो लोवेन्थल, लुसिए गोल्डम्यान, रेमण्ड विलियम्स एलन सिङ्गउड आदिले गरेका छन् (क्षत्री, २०६३:१४) ।

लियो लावेन्थललाई साहित्यको सिद्धान्तको मीमांसावादी धाराको प्रारम्भकर्ताका रूपमा लिइन्छ । उनले धर्म संस्कृतिलाई आधारभूत तत्त्व मान्दै मार्क्सवाद एवम् फ्रायडवादका आधारमा कृतिको समीक्षा गरेका छन् । आलोचनात्मक साहित्यको समाजशास्त्रले कृतिमा समाविष्ट संस्कृति, रीतिरिवाज, सामाजिक अवस्था एवम् जनजीवनका आर्थिक स्रोतको विश्लेषण गर्दा तटस्थ रहने नीतिको अवलम्वन गर्दछ । उनले प्रतिपादन गरेको मान्यता अनुसार पारस्परिक मान्यतामा आलोचनात्मक दृष्टि हुन्छ । उनी युगबोधका निम्ति मानिसका वेशभूषा र त्यस युगको धर्म संस्कृतिलाई आधार मान्ने विचारक हुन् । उनले कृतिका काल्पनिक घटना र पात्रलाई समाजका यथार्थ जीवन, घटना एवं पात्रसहित अन्वय गरी हेरेका छन् । उनले समाजका यथार्थ पात्रको अध्ययन गर्दै कृतिका पात्रसँग समरूप रहेका परिप्रेक्ष्य र दृष्टिकोणबाट विवेचना गरेका छन् । महान् लेखकले आलोचनात्मक दृष्टि राख्छ भने उनको मान्यता छ (गौतम, २०७१:१६) ।

मीमांसावादी धाराको प्रतिनिधित्व गर्ने अर्का साहित्यको समाजशास्त्री लुसिए गोल्डम्यान हुन् । उनले विशेषगरी साहित्यिक रचनामा विश्वदृष्टिको अवधारणालाई अगाडि सारेका छन् । उनका अनुसार एक वर्ग वा समूहको जीवन जगतका बारेमा भएको सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो । यो एउटा व्यक्तिको विचार नभएर समूह वा वर्गको विचार हो । सामाजिक वर्गमा रहेका विश्वदृष्टि र कृतिमा रहेको विश्वदृष्टिको संरचनामा कुनै समानताको खोजीका लागि उनले उत्पत्तिमूलक संरचनावादको विकास गरेका छन् । उनको महान् रचनामा सुसङ्गत सामाजिक र साहित्यिक समान धर्मिताको निर्वाह हुन सक्छ र

विचारको निर्माण हुन सक्छ भन्ने धारणा छ । लेखक समाजको अन्य व्यक्तिहरूसँगको सम्पर्कका कारणले गर्दा उनीहरूको विचारसँग एकाकार वा समाहित भएर अगाडि बढिरहेको हुन्छ । ती व्यक्ति तथा समुदायमा भएका विचार र मान्यताले लेखकलाई प्रभावित पार्दछ । यिनै लेखकका प्रभावित विचारहरू कृतिमा अभिव्यक्त भएका हुन्छन् त्यसैले कृति वैयक्तिक नभएर वर्ग वा समूहको सहभागिताको उपज हुन जान्छ । त्यसैले कृतिमा सामाजिक यथार्थ पक्षको अध्ययन गर्दै साहित्यमा विश्वदृष्टिको खोजी हुनुपर्दछ भन्ने धारणा गोल्डम्यानको पाइन्छ (पाण्डेय, १९८७:१४७) ।

अनुभव र अनुभूतिलाई बढी महत्त्व दिँदै मीमांसावादी धाराको प्रतिनिधित्व गर्ने अर्को साहित्यको समाजशास्त्री रेमण्ड विलियम्स हुन् । उनी उपन्यास, कथा, नाटक एवम् निबन्धका स्रष्टा हुन् । उनले कृतिमा सामाजिक मूल्य खोजेका छन् । लेखकले समाजको परम्परा, मान्यता, धर्म र संस्कृति सम्बन्धी आफ्ना अनुभूतिलाई कृतिमा व्यक्त गर्ने हुनाले उनले साहित्यलाई संस्कृतिको स्रोत मानेका छन् (पाण्डेय, १९८९:१८२) । त्यसैले उनले लेखकले गर्ने अनुभूति, पाठकले गर्ने अनुभूति र समाजमा रहेका विभिन्न वर्ग र समूहले गर्ने अनुभूतिलाई साहित्यको समाज शास्त्रीय अध्ययनको प्रमुख विषय मानेका छन् ।

यसरी मीमांसावादी धाराले साहित्यको भूमिकालाई मानिसको इच्छा, आकाङ्क्षा, विचार, इतिहास, संस्कृति, मनोविज्ञान, भाषा आदिको सापेक्षतामा विश्लेषण गर्ने कुरामा जोड दिएको छ । अतः साहित्यको समाज शास्त्रीय समालोचनाको अध्ययन परम्पराको प्रारम्भ र विकास पश्चिमेली समालोचकहरूबाट भएको देखिन्छ ।

### २.४.२ अनुभववादी धारा

साहित्यको समाज शास्त्रीय अध्ययनभित्र अनुभववादी धारा पर्दछ । यसलाई प्रत्यक्षवादी धारा, विधेयवादी धारा र दर्पण सिद्धान्तले पनि चिनाउँदछ । यस सिद्धान्तले साहित्यलाई दर्पणका रूपमा स्वीकार गरेकाले गर्दा समाज र साहित्यको प्रत्यक्ष सम्बन्ध हुन्छ भन्ने मान्यता राख्दछ (आचार्य, २०६७:१७) । हिन्दी साहित्यका लेखक चिन्तक एवम् समालोचक मैनेजर पाण्डेयको विचारमा टेनले साहित्यलाई नै समाजका बारेमा थाहा पाउने मूल स्रोत मानेका छन् । समाजलाई बचाउने साहित्य हो किनकी हिजोको समाजलाई वर्तमानमा ल्याउने कार्य साहित्यले गर्दछ । लेखकले साहित्यमार्फत सामाजिकताको प्रस्तुति

गर्दछ तसर्थ कृति र समाज बिच तुलनात्मक विवेचना गर्न सकिन्छ । कृतिभित्र कृतिकार व्यक्तित्व र कृतिकार व्यक्तित्वभित्र उसको सामाजिक परिवेश विद्यमान हुने कुरा यस धारामा स्वीकारिएको छ (दाहाल, २०५८:१८) ।

अनुभववादी धाराको प्रमुख प्रचारक अमेरिका हो । यसलाई कतिपय समालोचकहरूले अमेरिकी समाजशास्त्र पनि भनेका छन् (पाण्डेय, १९८९:३६) । यसको मूल लक्ष्य साहित्यिक कृतिको प्रकाशन, वितरण, पाठक प्रतिक्रिया एवम् लेखक पेसाको अध्ययन गर्नु हो । शारीरिक श्रम र मानसिक श्रमको विभेद हुन्छ र लेखक, पुस्तक तथा पाठक बिचको अन्तर्सम्बन्धको प्रसङ्ग प्रमुख हुन्छ । तसर्थ साहित्यिक रचनाको उत्पादनका पक्षमा लेखकको सामाजिक स्थितिको यस धाराले कृति, कृतिमा वर्णित समाज तथा समसामयिक समाजका बिच तुलनात्मक अध्ययनद्वारा सिद्धान्तको पुर्ननिरीक्षण गर्छ । यस सिद्धान्तले कृतिको अन्तर वस्तुमा विशेषतः ध्यान दिने गर्दछ । कृतिको रचनाको विगत, वर्तमान र भविष्यको परिस्थितिको पनि विश्लेषण गर्दछ (पाण्डेय, १९८९:३४) । यसरी अनुभववादी धाराले साहित्यकारले कृति लेख्नु भन्दा अगाडिको समय, लेख्दाको समय र कृति लेखे पछिको अवसथको समेत अध्ययन गर्दछ तथा कृतिमा साहित्यकारको व्यक्तित्वको प्रभावलाई गहिरिएर हेर्दछ ।

साहित्यको समाजशास्त्रका जन्मदाता फ्रान्सेली समालोचक टेनले अनुभववादी धारालाई अगाडि बढाउन प्रमुख भूमिका खेलेका छन् । उनले यस सिद्धान्तमा प्रजाति, युग र पर्यावरणका अवधारणा अगाडि ल्याएर यस धारालाई वैज्ञानिक रूपरेखामा प्रस्तुत गरेका छन् । उनले कृतिमा कृतिकारले रचना गर्दाको युग र पर्यावरणका साथै लेखकको प्रजातिको छाप परेको हुन्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । साथै कला साहित्यमा सामाजिक घटना रहस्य हुने तथा तथ्य र घटनाका बिच कार्यकारण सम्बन्ध हुने कुरा व्यक्त गरेका छन् (पाण्डेय, १९८९:३१) । उनले प्रजाति अन्तर्गत व्यक्तिगत रूपमा रहेका लेखकका वंशानुगत प्रवृत्ति, उसको मानसिक र शारीरिक वनावटको चर्चा गरेका छन् । उनले युगमा साहित्यकारले कृति लेख्दाको समयलाई विशेष जोड दिएका छन् । त्यस्तै परिवेश र पर्यावरणमा प्राकृतिक र सामाजिक परिवेश गरी दुई भागमा बाँडेका छन् । यसमा प्राकृतिक परिवेशलाई मुख्य र सामाजिक परिवेशलाई गौण रूपमा लिएका छन् । उनको विचारमा समाजमा विभिन्न विचारहरू र विश्वासहरूको जन्म भएर प्रवाहित भइरहेको हुन्छ । यसले

समाजमा एक खालको प्रभाव पार्दछ । यस्ता विचारले लेखकको व्यक्तित्वमा प्रभाव पार्दछ । यी विचारहरू लेखकले आफ्नो कृतिमा प्रस्तुत गर्दछ । तसर्थ कृतिमा समकालिक समाजको यथार्थता खोज्न सकिन्छ (गौतम, २०७०:१८) ।

अनुभववादी धारालाई अगाडि बढाउने अर्का समालोचक मेडम डे स्टेल नारी साहित्यकार हुन् । उनले आफ्नो पुस्तक सामाजिक संस्थासित साहित्यको सम्बन्धमा साहित्यसित, धर्म, नैतिकता तथा कानुनको प्रभाव र तिनीहरूसँग साहित्यको प्रभाव जाँचेकी छन् । उनले प्रगतिको धारणा, सामाजिक विकासको अवस्था, युग चेतना तथा जातीय चरित्रको सहायताले साहित्यको सामाजिक आधार विवेचना गर्न सकिने धारणा व्यक्त गरेकी छन् (पाण्डेय, १९८९:१८) । साहित्यको समाजशास्त्रको उक्त प्रमुख पक्ष भनेको साहित्यको परिवर्तित रूप र विकासमा सामाजिक विकासको प्रभावको विश्लेषण हुनुपर्छ भन्दै परिवर्तनशील नयाँ साहित्यको कारण खोज्नु पर्ने धारणा उनले राखेकी छन् (जैन, १९८६:३) । उनले साहित्यलाई राजमार्गमा गुडिरहेको गाडीको ऐना हो, जो कहिले नीलो खुला आकाश र कहिले पानीको प्रवाह गराउने कालो बादल देखाउँदै हिँड्छ भनेर दर्पण सिद्धान्त वा अनुभववादी धारालाई प्रस्ट्याएकी छन् (दाहाल, २०५८:३१) । यसरी उनले साहित्यलाई समाजको दपर्णका रूपमा प्रस्ट्याएको पाइन्छ ।

फ्रान्सेली रवर्ट स्कापिटले कृति सिर्जना हुनु पूर्वको र सिर्जना भइसकेको अवस्थाको विश्लेषणमा जोड दिएका छन् । यस सिद्धान्तले लेखक प्रतिभाभन्दा पनि कृतिको उपभोग, बजार र पाठकको प्रतिक्रियाका साथै अनुभूतिलाई बढी जोडदिने गर्दछ । त्यही अनुभूतिको अध्ययन साहित्यको समाजशास्त्रले गर्दछ (दाहाल, २०५८:३१) । अनुभववादी सिद्धान्तले लेखक, प्रकाशक र पाठकलाई महत्त्व दिँदा कृतिको अन्तर्तत्त्व उपेक्षित भएकाले यो सिद्धान्त आलोचनाको विषय बनेको देखिन्छ ।

यसरी कृतिकारभित्र समाजका विविध सामाजिक पक्षको प्रभाव परेको हुन्छ र त्यही प्रभावले गर्दा आफ्नो अनुभूतिलाई कृतिकारले कृतिमा व्यक्त गरेको हुन्छ सो कुराको अध्ययन र विश्लेषण अनुभववादी सिद्धान्तले गर्दछ । तेनले साहित्यको समाज शास्त्रीय अध्ययनका निम्ति तिनओटा महत्त्वपूर्ण सूत्रहरू प्रस्तुत गरेका छन् । उनको मतमा साहित्यको समाज शास्त्रीय अध्ययनकर्ताले साहित्यमा व्यक्त प्रजाति क्षण र परिवेशबारे अध्ययन गर्नुपर्दछ (

सिङ्मड, १९७२:२३) । अतः उक्त तीन कुराको अन्तर्सम्बन्ध तथा अध्ययनबाट साहित्यको समाज शास्त्रीय अध्ययन गर्न सकिन्छ ।

## २.५ उपन्यास विश्लेषणका समाज शास्त्रीय आधारहरू

साहित्यको समाजशास्त्रले समाज र साहित्यको सम्बन्धको अध्ययन गर्दछ । अर्थात् साहित्यमा प्रयोग भएको समाजको गहिरो अध्ययन विश्लेषण गर्दछ । साहित्यको समाजशास्त्रका प्रवर्तक इपिली टेनले क्षण, जाति र परिवेशलाई महत्त्व दिएर हेरेका छन् । उनका अनुसार लेखकले समाजबाट नै विषय लिएर साहित्य सिर्जना गरेको हुन्छ । समाजबाट नै पात्र चयन गरेको हुन्छ । एक युगको साहित्य र अर्को युगको साहित्यमा परिवेश र जातिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उपन्यास विश्लेषणमा क्षण, जाति र परिवेशलाई महत्त्व दिएर समाज शास्त्रीय अध्ययन गर्न सकिन्छ ।

### २.५.१ क्षण

समाजशास्त्री टेनले साहित्यको समाज शास्त्रीय अध्ययनको लागि प्रमुख मानेका तीन सूत्रहरू मध्येको क्षण एक हो । उनका अनुसार क्षण भनेको लेखकले साहित्य सिर्जना गर्दाको समय वा काल हो । लेखक एउटा स्रष्टा मात्र नभएर द्रष्टा पनि हो । उसले आफ्नो समकालीन युगमा देखेका, भोगेका विषय र घटनालाई कृतिमा अभिव्यक्त गर्दछ । यसबाट कुन क्षणमा कस्तो किसिमको विचार प्रधान थियो भन्ने कुरा बुझ्न सकिन्छ । कलाकार आफू बाँचेको युगप्रति सचेत हुन्छन् । आफू बाँचेको युग वा क्षण कस्तो छ त्यस युगको वातावरण कस्तो प्रकारको रहेको छ त्यसको प्रतिच्छाया साहित्यकारका कृतिमा पर्दछ । कुनै समयको सामाजिक घटना तथा परिस्थितिले लेखकका मनस्थितिमा अविस्मरणीय छाप पारेको हुन्छ । त्यस्ता छापले साहित्यको सिर्जना हुन्छ र त्यही युगको वास्तविक चित्र पाठकले बुझ्न र पढ्न सक्दछन् । त्यसकारण साहित्यको समाज शास्त्रीय अध्ययन गर्दा लेखकले कृतिमा व्यक्त गरेको युगको अध्ययन गरिनु पर्दछ ।

साहित्य समाजको ऐना हो । साहित्यकारले समाजको वास्तविक रूप आफ्ना कृतिमा प्रतिविम्बित गर्दछ । समाजको विकास साहित्यमार्फत गर्न सकिन्छ । समाजमा व्याप्त विभिन्न प्रकारका रहनसहन, भेषभूषा, संस्कार संस्कृति सबैको सही प्रयोगको मार्ग निर्देशन साहित्यले गर्दछ । साहित्यविनाको समाज कोरा हुन पुग्दछ । साहित्यकार बाँचेको समाजको

परिदृश्य खोजेर त्यसको अध्ययनले त्यस युगको समाज र लेखकको भावना बुझ्न सकिन्छ। यसरी हेर्दा फरक समयका लेखकहरू बिच बेग्ला-बेग्लै धारणा पाइन्छ। साहित्यिक कृतिले एउटा अभिलेखको काम गर्दछ किनकि साहित्यमा व्यक्त गरिएका कुराहरू त्यस क्षणका तत्कालीन सामाजिक घटना, राजनीतिक अवस्था, राष्ट्रको भावना तथा आकाङ्क्षालाई व्यक्त गर्दछ।

साहित्यक कृतिमा क्षणको अध्ययन गर्दा वातावरणको महत्त्वपूर्ण भूमिका पाइन्छ। टेनले साहित्यमा वातावरणको प्रभाव प्रबल रहन्छ भनेका छन्। राम्रो वातावरण उर्वरभूमि रहेको ठाउँमा त्यहाँका साहित्यकारले आफ्ना साहित्यमा खुसी हर्षोल्लास व्यक्त गरेको पाइन्छ भने समस्याबाट ग्रसित वातावरणको साहित्य सिर्जनामा खुसीको आभास पाइदैन वा वातावरण द्वन्द्वमय अवस्थामा साहित्यले हाँसो-खुसी साट्न सक्दैन। त्यसैले साहित्यमा वातावरणको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ (गौतम, २०७०:१९)।

क्षण अन्तर्गत राजनीतिक चेतना र आर्थिक अवस्थालाई पनि अध्ययन गर्न सकिन्छ। समाजबाट नै साहित्यकारको जन्म हुन्छ तसर्थ त्यस समाजको राजनीतिक चेतनाको प्रभाव साहित्यकारमा पर्दछ अनि भौगोलिक वस्तुस्थिति पनि कृतिमा देखा पर्दछ। साथै आर्थिक अवस्थाले समेत लेखकलाई प्रभाव पारेको हुन्छ। यो सबै कुराको यथार्थ अध्ययन लेखकको कृति सिर्जनाको क्षणमा तुलना गरेर हेर्न सकिन्छ। अतः साहित्यको समाज शास्त्रीय अध्ययनमा क्षणको प्रभाव वातावरण, राजनीतिक चेतना, भौगोलिक अवस्था र आर्थिक अवस्थाको अध्ययनबाट हेर्न सकिन्छ जुन लेखकको कृति सिर्जनालाई प्रभाव पार्ने विषय हुन्।

### २.५.२ जाति

टेन व्यक्तिभन्दा बढी जाति, क्षण र पर्यावरणको सन्दर्भबाट साहित्यको मूल्याङ्कन गर्ने समालोचक हुन्। मानिसमा समाजका विभिन्न जात जातिहरूको प्रभाव परिरहेको हुन्छ। त्यही समाजबाट लेखकले विभिन्न जातजातिको चरित्र चित्रण गर्दछ। इपिली टेनका अनुसार साहित्य समाजका प्रजातिहरूका पद चिन्हका आधारहरू हुन्। प्रत्येक साहित्यकार कुनै न कुनै जातिको सदस्य हुन्छ। संसारका प्रत्येक जातिको आफ्नै सांस्कृतिक र ऐतिहासिक परम्परा हुन्छ। आफ्नै कलागत मूल्य मान्यता र जीवनको आदर्श हुन्छ। यी सबै

विशेषताहरू त्यस जातिको जीवनमा घुलमिल भएर अविभाज्य रूपमा रहेका हुन्छन् । यस्ता जातिगत विशेषताहरू त्यस जातिका सबै साहित्यकारमा घटी वा बढी मात्रामा पाइन्छ (लुइटेल र शर्मा, २०६३:१२५) । त्यसैले लेखकले यही जातिगत विशेषतालाई आफ्नो कृतिमा अभिव्यक्त गरेको हुन्छ । लेखकमा भएको जातिको संस्कृति, परम्परा, धर्म, रीतिरिवाजलाई उसले आफ्नो कृतिमा कुनै न कुनै रूपमा व्यक्त गरेको हुन्छ । त्यसैले टेन कुनै पनि साहित्यिक कृतिको समाज शास्त्रीय अध्ययन गर्दा लेखकको प्रजातिगत विशेषतालाई बुझ्न भन्दछन् (मगर, २०६९:२६) ।

टेनका मतमा साहित्यको नियामक तत्त्वमध्ये जाति एक हो । उनले प्रजातिको व्याख्या वंशानुगत विशेषता, स्वभाव, शरीर संरचना आदिका रूपमा गरको छन् । व्यक्तिगत वंशाणुगत विशेषताले उसको वंश परम्पराबाट आर्जित विशेषतालाई बुझाउँछ । मानसिक बनावटले भने ऐतिहासिक तथा तत्कालीन सामाजिक वस्तुस्थितिसँग पनि सम्बन्ध राख्दछ । वंश परम्परामा अघिदेखि रहँदै आएका विशेषता प्रत्येक पुस्तामा पर्दै जान्छ । बेग्ला-बेग्लै प्रजातिको निर्माणमा माटो तथा पर्यावरणले भूमिका खेलेको हुन्छ । तसर्थ प्रजातिको निर्माण र उनीहरूको चरित्रगत विशेषता जलवायु, बसोबास, माटो तथा उनीहरूको इतिहासको महान धारणाबाट निर्मित हुने कुरा बताएका छन् (गौतम, २०७०:२०) ।

इपिली टेनले प्रजातिलाई छुट्याउने आधार शारीरिक बनावटलाई पनि मानेका छन्। शारीरिक बनावट भन्नाले मान्छेका उचाइ अनि आकारप्रकार भन्ने बुझिन्छ । टेनका अनुसार शारीरिक कदको सम्बन्ध वंशाणुसित मात्र हुँदैन र त्यसमा पौष्टिक भोजन तथा जलवायुले पनि प्रभाव पारेको हुन्छ । एउटा प्रजाति विभिन्न देशमा फैलिए पनि ती प्रजातिका मौलिक विशेषता तथा पदचिह्न कायम नै रहेको हुन्छ । व्यक्तिमा जतिसुकै अन्य कुराको छाप परे पनि उसको साहित्यमा आफ्नै परिवेशको छाप परिरहेको हुन्छ । आफ्नो वंश परम्परामा दाह्री जुँगा नभएका मान्छे छन् भने त्यसको प्रभाव पछिल्लो पुस्तामा पनि परेको हुन्छ (जैन, १९८६:१२९) ।

अतः साहित्यिक कृति सिर्जनामा लेखकले आफ्नो प्रजातिगत विशेषता अभिव्यक्त गरेको हुन्छ । सम्पूर्ण साहित्य चिन्तनको लक्ष्य समाजको मानव जाति तथा प्रजातिबारे जान्ने आधार हो । साहित्यिक कृति आकाशबाट झरेको फल नभई समाजबाट निर्मित कुरा

हो । प्रत्येक जातिको छाया लेखकका साहित्यिक कृतिमा हुन्छ त्यसको खोजी साहित्यको समाज शास्त्रीय अध्ययनमा गर्न सकिने कुरा टेनले व्यक्त गरेका छन् ।

### २.५.३ परिवेश

टेनले परिवेशलाई पनि साहित्यको समाज शास्त्रीय अध्ययनको आधार बनाएका छन् । परिवेशलाई त्यस बेलाको देश काल र परिस्थिति वा वातावरण पनि भनिन्छ । परिवेशले प्राकृतिक परिवेश र सामाजिक परिवेशलाई समेट्दछ । टेनका विचारमा यस दुनियाँमा मानिस एक्लो छैन उससँग समाज र प्रकृति रहेको हुन्छ (पाण्डेय, १९८९:१२४) । टेनले व्यक्तिका स्वभावको निर्माण परिवेशबाट हुन्छ भन्ने मत व्यक्त गरेका छन् । साहित्यकारमा साहित्यको सिर्जना गर्दा पर्यावरणले पनि प्रभाव पार्दछ । प्रत्येक साहित्यकारले जन्मदेखि नै आफ्ना वरपरको पर्यावरणबाट प्रभाव ग्रहण गर्दछ । यी प्रभावहरू पछि उसका साहित्यिक अभिव्यक्तिका रूपमा क्रियाशील हुन्छन् र यिनैका परिचालनबाट उसले साहित्यको साधना गर्छ (शर्मा र लुइटेल, २०६३:१२९) । यसबाट के देखिन्छ भने लेखकले आफ्नो वरिपरिको परिवेश वा पर्यावरण प्रभावलाई साहित्यमा अभिव्यक्त गर्दछ । जलवायु, वातावरण जस्ता प्राकृतिक परिवेशले व्यक्तिको स्वभाव निर्माण हुने र त्यही स्वभावको अभिव्यक्ति साहित्यमा पर्न जाने हुनाले उनले प्राकृतिक परिवेश र मानव स्वभाव बिच कार्यकारण सम्बन्ध हुन्छ भनेका छन् । टेन सामाजिक परिवेशभन्दा प्राकृतिक परिवेशलाई ठुलो ठान्दछन् ।

हाम्रो वरिपरिको सेरोफेरोलाई परिवेश भनिन्छ । अनि परिवेशलाई देशकाल वातावरण भनेर पनि बुझिन्छ । देश भनेको स्थान र काल भनेको समय हो । उपन्यासमा कुनै कार्यव्यापारको पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न कुनै दुःख, सुख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ति नै वातावरण हो । यसको निर्माण देशकालमा घट्ने घटना दृश्य वा चरित्रहरूको कार्यबाट हुन्छ (बराल र एटम, २०५५:३७) ।

अतः कृतिमा परिवेशको प्रभाव गहन हुन्छ । वरिपरिको वातावरण सुन्दर भएमा कृतिको रचना पनि सुन्दर नै हुन्छ । यदि वरिपरिको वातावरणमा विभिन्न प्रकृतिका कुरूपता भए त्यसैको अंश कृतिभित्र छरिएर रहेका हुन्छन् । निरङ्कुशता र द्वन्द्वले रूमलिएको

वातावरणमा सृजित कृति शान्त प्रजातान्त्रिक वातावरणमा सृजित कृतिभन्दा फरक हुन्छ । त्यसकारण समय, स्थान अनुसार लेखकले प्रभाव ग्रहण गरी कृति सिर्जना गर्दछ त्यसैको अध्ययन साहित्यको समाजशास्त्रले गर्दछ ।

## २.६ निष्कर्ष

साहित्यको समाजशास्त्र साहित्य र समाजको सम्बन्धको विश्लेषण गर्ने समालोचना शास्त्र हो । यसले समाजमा प्रचलित राजनीतिक, आर्थिक, भौतिक र सांस्कृतिक पक्षको खोजी गर्दछ । साहित्यकारको प्रजातिगत विशेषता कृति सिर्जना गर्दाको क्षण र लेखक बाँच्दाको परिवेश कस्तो भन्ने कुराको विश्लेषण गर्दछ । यसले तत्कालीन सामाजिक व्यवसथको गहिराइसम्म पुगेर अध्ययन गर्दछ । यस अध्ययनले समाजको जाति, वर्ग, समुदाय, विचार, चेतना, सामाजिक, राजनीतिक र आर्थिक अवस्थाको अध्ययन विश्लेषण गर्न सकिन्छ । साहित्यकारले आफ्नो कृति रचना गर्न कच्चा पदार्थ आफू बाँचेको समाजबाट नै जुटाउने धारणा टेनले अघि सारेका छन् । क्षण, जाति र परिवेशका सूत्रद्वारा साहित्यलाई हेर्ने दृष्टिकोण एउटा युगको साहित्य र अर्को युगको साहित्य बिच फरक धारणा आउने र त्यसमा जाति र परिवेशले फरक पार्नुका साथै तत्कालीन समयको आर्थिक स्थिति, राजनीतिक अवस्था, भौगोलिक अवस्थितिले पनि प्रभाव पार्ने विचार टेनले राखेका छन् । यसरी लेखक बाँचेको समाज र साहित्यलाई बुझ्न साहित्यको समाज शास्त्रीय आधारमा टेनको सिद्धान्तलाई लिन सकिन्छ ।

परिच्छेद : तिन

# हृदयचन्द्रसिंह प्रधान : परिचय र प्रवृत्ति

## ३.१ हृदयचन्द्रसिंह प्रधान : परिचय

हृदयचन्द्रसिंह प्रधानको जन्म वि.सं.१९७२ माघ १९ गते काठमाडौं जिल्लाको ढोकाटोलबस्तीको मरूहिटीमा भएको हो । बाबु सूर्य प्रसाद र आमा सूर्यमाया प्रधानका जेडा छोरा प्रधानको खास नाम चन्द्र प्रसाद प्रधान हो । राणा शासनको मध्य कालमा जन्मिएका प्रधानले बाबु सूर्य प्रसाद प्रधान जागिरे भएकाले बाल्यकालमा अभाव र गरिबीको अनुभव गर्नु परेन । उनी जन्मिएको दुई वर्ष पछि उनका भाइ कृष्णचन्द्रसिंह प्रधानको जन्म भएकाले उनलाई पालनपोषणको लागि उनको मामाघर काठमाडौंको नरदेवीमा लगिएको थियो । उनका मावलीहरू सम्पन्न आर्थिक अवस्था भएका र नएका मामाका छोारहरू नभएकाले मामाघरका हजुरबा र हजुरआमाबाट नाितको रूपमा प्रशस्तै माया, ममता र स्नेह पाएर ११ वर्ष बिताए । प्रधानलाई ५ वर्षकै उमेरदेखि दमको रोगले आक्रमण गऱ्यो । पछि त्यही रोगका कारण जीवनको अन्त्य भयो (घिमिरे, २०३६:१) ।

प्रधान बाल्यकालदेखि नै रोगी भएकाले संरक्षकहरूबाट उनको शिक्षाका लागि कुनै खास व्यवस्था भएको पाइँदैन । तैपनि मामाघर नरदेवीमा हुँदा नै उनले साँवा अक्षरहरू चिनिसकेका थिए । बाबुको जागिरको सिलसिलामा वि.सं.१९८४ सालमा प्रधान वीरगञ्जबाट ३ कोस पश्चिम रानीगञ्ज गए । त्यहाँ गएको २ वर्षपछि मात्र वीरगञ्जदेखि पूर्व सुगौली गाउँमा पठाइयो जहाँ उनका बाबुको मामाघर थियो । उनले त्यहाँ बसेर हिसाब सम्बन्धी साधारण ज्ञान प्राप्त गरेका थिए (प्रधान, २०२४:१६) । केही समयपछि उनका बाबु वीरगञ्जदेखि केही उत्तर श्रीपुर जाँदा उनी पनि बाबुसँगै श्रीपुर गएका थिए । श्रीपुरमा अध्ययनको अनुकूल वातावरण भएकाले १७ वर्षको उमेरमा अङ्ग्रेजी शिक्षाको पाँच कक्षाको ल्याकत हासिल गरे । उनको अध्ययन तीव्रताका साथ अघि बढिरहेको समयमा काठमाडौं घरमा देवालीको पाली परी घर फर्कनु पऱ्यो र उनको अध्ययन गति टुट्यो । काठमाडौं आएर औपाचारिक शिक्षा प्राप्त गर्ने सिलसिलामा उनी नेपाली स्रेस्ता परीक्षामा सामेल भए र पछि सो परीक्षाको सफलता प्राप्त गरे । यो प्रमाणपत्र नै उनको प्रथम र अन्तिम प्रमाणपत्र भएको पाइन्छ । उनको सानैदेखिको एक जिज्ञासु र पढन्ते बानीले गर्दा

स्वाध्ययनको गति भने अगाडि बढिरह्यो । जसले साहित्यका विविध विधामा कलम चलाउन उनलाई सक्षम गराएको देखिन्छ (प्रधान, २०२४:२५) ।

स्वाध्ययनबाटै साहित्य लेखनका लागि क्षमता हासिल गरेका प्रधान वि.सं.१९९५ सालमा 'नौसिन्दा' तहको जागिरमा प्रवेश गरी जागिरे जीवनको सुरुवात गरेका हुन् । नौसिन्दा पदबाट जागिर सुरु गरेका हृदयचन्द्रसिंह प्रधान बहिदार, राइटर, मुखिया हुँदै वि.सं.२००४ सालमा नेपाली भाषा प्रकाशिनी समितिमा ग्रन्थकारको पदसम्म पुगे । जागिरका क्रममा उनी शिक्षक भएर पनि काम गरे । काठमाडौंको क्षेत्रपाटीमा एउटा विद्यालयको संस्थापक रहेका प्रधान नेपाली साहित्य परिषद्को संस्थापक सदस्य र सञ्चालक समेत भएका थिए । साहित्यस्रोत, जागरण, जनचेतना जस्ता नेपाली भाषामा प्रकाशित हुने पत्रिकाहरूका साथै नेपाल नामक नेवारी भाषाको पत्रिकाको समेत सम्पादन गरी एउटा कुशल सम्पादकका रूपमा उनले काम गरेको पाइन्छ । यी सबै कार्यले उनलाई परिपक्व व्यक्तित्व निर्माणमा ठुलो सहयोग पुऱ्याएको देखिन्छ (घिमिरे, २०३६: ६) ।

प्रधान मध्यम वर्गीय परिवारमा जन्मिएका व्यक्ति हुन् । बाल्यकालमा आर्थिक समस्या सामना गर्नु नपरे पनि पछि आर्थिक अवस्था खस्किएको पाइन्छ । उनको आठ वर्षको उमेरमा व्रतबन्ध र २२ वर्षको हुँदा रूक्मिणादेवीसँग विवाह भएको थियो । उनको परिवारमा ४ छोरी, १ छोरा, श्रीमान् श्रीमती गरेर ७ जना सदस्यहरू थिए । प्रधानले उपचारका क्रममा दुई पटक भारत र नेपालका केही जिल्लाहरूको भ्रमण गरेका छन् । प्रधानले वि.सं.२००४ सालमा भएको प्रतियोगितात्मक साहित्य सम्मेलनमा **जुँगा** निबन्धमा प्रथम पुरस्कार प्राप्त गरेका थिए (भट्टराई, २०४०:३५) । प्रधान २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएको आरोपमा करिब ७५ दिनसम्म जेलमा परे । त्यो समयमा उनलाई टि.बी. रोगले सतायो । टि.बी. रोगको उपचार गर्दा पनि निको नभएर वि.सं.२०१६ साल माघ १० गते उनको मृत्यु भयो (भट्टराई, २०४०:४५) ।

## ३.२ हृदयचन्द्रसिंह प्रधानको व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधानको बाह्य व्यक्तित्वको चर्चा गर्दा उनी होचा कद भएका चस्माधारी गोरा, केही दुब्ला, फुर्तिला र जाँगरिला अनि क्रान्तिकारी विचार भएका तर एक मिलनसार व्यक्ति भन्ने रामबाबु घिमिरेको टिप्पणी उपयुक्त देखिन्छ । उनले नै आफ्नो तीस

रूपैयाँको नोट निबन्धमा आफ्नो होचो कदको उल्लेख गर्दै अर्को जन्ममा पनि पुड्को बनूँ भन्ने आशय प्रकट गरेका छन् । त्यसैगरी आनन्ददेव भट्टले उनको अन्तिम अवस्थाको चर्चामा तिल टुसे ठुला दाह्री जुङ्गा, व्यक्तित्व बढाउने चस्मा, उज्यालो निधार तर धर्सा परेका गालाहरू...... सुकेका हातगोडा तर गोरा भनी टिप्पणी गरेका छन् (खत्री, २०५८) । प्रधान सानैदेखि रोगी भए पनि उनका क्रान्तिकारी विचारले उनलाई फुर्तिलो र जाँगरिला बनाइरहेका थिए । प्रधानका रचनामा आगोको रापिलोपन भए पनि अनुहारमा मिलनसारिता देखिएको कुरा प्रष्ट हुन आउँछ ।

प्रधान बहुआयामिक व्यक्तित्वका रूपमा चिनिन्छन् । उनले आफ्नो जीवनकालमा विविध क्षेत्रमा संलग्न रहेर समाजको सेवा गरे । उनको सामाजिक कार्यमा गहिरो रूचि थियो । उनी समाजमा रहेका अन्धविश्वास कुरीति र कुसंस्कारको विरोधी थिए अनि परिवर्तनको चाहना राख्दथे । शिक्षाको माध्यमबाट चेतना फैलाएर समाज सुधारको अपेक्षा राखेका कारणले उनले क्षेत्रपाटीमा एउटा प्राथमिक विद्यालय खोले । त्यस बेलाको समयमा त्यो एक साहसिक र आँटिलो कार्य थियो । उनले आफ्ना रचनाहरूमा यथास्थितिको विरोध गरेर परिवर्तनशील नयाँ समाजको स्थापनाको अपेक्षा राखेको पाइन्छ । उनी एक जनपक्षीय साहित्यकार हुन् । उनका साहित्यिक रचनाहरूमा समाजमा व्याप्त रहेका अन्धविश्वास, कुरीति, जातीय उचनीच भावनाको विरोध, नारी समस्याको चित्रण, वर्गीय समाजको चित्रण, विविध क्षेत्रबाट भएको शोषणको चित्रण र त्यस्ता कार्यको विरोधका साथै आमूल परिवर्तनका आवाजहरू पाइन्छन् । तसर्थ उनी एक मार्क्सवादी लेखकका रूपमा चिनिन्छन् ।

प्रधानले समाजमा जनचेतना ल्याउन पत्रपत्रिका र भाषाका क्षेत्रमा पनि महत्त्वपूर्ण कार्य गरे । नेपाली साहित्य परिषद्को स्थापनामा उनको महत्त्वपूर्ण योगदान छ । प्रधानले साहित्य स्रोत मासिक पत्रिका र जागरण साप्ताहिक पत्रिकाको सम्पादन कार्य गरेका थिए । त्यसैगरी नेपाली भाषाका दुई 'चिन्हपरिचय' र शब्दशुद्धि विज्ञान अनि नेवारी भाषामा 'शब्दशुद्धया ताचाः' व्याकरण प्रकाशित गरी भाषिक उत्थान गरे । उनको आफ्नो साहित्य सम्बन्धमा आफ्ना धारणाहरू प्रस्तुत गर्दै हिन्दी भाषाको ऐसा मै सोचता हूँ (२०१७) को प्रकाशनले उनको हिन्दी भाषामा पनि दखलता रहेको देखिन्छ । प्रधानले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । प्रधानका निबन्ध सङ्ग्रहहरूमा **भू-स्वर्गको** (२००३), **तीस रूपैयाँको नोट** (२००४), **जुँगा** (२००९), **कुरा साँचो हो** (२०११) र **अफसोस** (२०२७)

पर्दछन् । अनि उनका कथा सङ्ग्रहहरूमा उसको **आँसु** (२०१२) र **हृदयचन्द्रका केही कथाहरू** (२०२५) पर्दछन् भने एकाङ्की सङ्ग्रहहरूमा **छेउ लागेर** (२०१०), **गङ्गालालको चिता** (२०११), **कीर्तिपुरको युद्धमा** (२०१६) र **उनी देवता हुन्** (२०१६) रहेका छन् । कविताका क्षेत्रमा उनको धेरै सफलता देख्न सकिँदैन तैपनि **विनयपुकार** पद्य कवितामा प्रेम र प्रणयको भाव स्पष्ट रूपमा कोरिएको देखिन्छ । प्रधान नाटक र कविताको क्षेत्रमा केन्द्रित रहेका समालोचक पनि हुन् । उनका समालोचनात्मक कृतिहरूमा **केही नेपाली नाटक** (२००२), **साहित्य एक दृष्टिकोण** (२००४), **भानुभक्त एक समीक्षा** (२०१३) र **नेपाली काव्य र उसका प्रतिनिधि कवि** (२०२१) पर्दछन् । प्रगतिवादलाई आदर्शका रूपमा ग्रहण गरेर सामाजिक उपादेयताका दृष्टिले कृतिको मूल्याङ्कन र मध्यनिर्धारण गर्नु उनको समालोचकीय विशेषता हो । उनले शिशुहरूको शिक्षणका लागि **शिशु शिक्षणकला** (२००५) को प्रकाशन गरे यसले उनी बालमनोविज्ञानको पनि ज्ञाता रहेको देखिन्छ । अनि उनका उपन्यासमा **स्वास्नीमान्छे** (२०११) र **एक चिहान** (२०१७) रहेका छन् ।

यसरी हृदयचन्द्रसिंह प्रधान एक बहुमुखी र बहुआयामिक व्यक्तित्व भएका प्रतिभा थिए । उनले आफ्ना जीवनकालमा विभिन्न क्षेत्रबाट व्यक्ति, समाज र राष्ट्रलाई प्रगतिको पथमा डोऱ्याइरहेका थिए । यो नै नेपाली साहित्यको उन्नतिका लागि महत्त्वपूर्ण र अनुकरणीय पक्ष भएको पाइन्छ ।

## ३.३ हृदयचन्द्रसिंह प्रधानको साहित्यिक प्रेरणा

सफलता प्राप्त अमर व्यक्तिका पछाडि कोही न कोही प्रेरणाको स्रोत हुन्छ । उसले नै अमर व्यक्तिको लागि असल मार्ग निर्देश गर्दछ । त्यस्तै गरी एक असल साहित्यकार हुनका लागि प्रेरणाको प्रमुख भूमिका रहन्छ । प्रेरणा पाएको खण्डमा साहित्यिक वातावरण सिर्जना हुन्छ अनि कृति जन्मिन पुग्दछ । प्रधानलाई बाल्यकालमा आर्थिक अभाव नभए पनि उपयुक्त शैक्षिक वातावरण भने मिलेको थिएन । युवा अवस्थाको उमेरतिर प्रवेश गर्दै रहँदा उनले प्रेम सम्बन्धी गीत भएका पुस्तक पत्रिकाहरू खोजी खोजी खुब पढ्न थाले जसले गर्दा प्रधानमा किताब हेर्ने र पढ्ने बानीको सुरुवात भएको पाइन्छ (प्रधान, २०२४:२६) । उनलाई एक पटक एकजना साथीले ज्यादै अत्याचार गरेको थियो तर उनी रोगी र कमजोर भएकाले केही गर्न सकेनन् । अनि साथीसँग बदला लिन इन्द्रजाल 'शत्रुमरण' मन्त्र पढी त्यसमा उल्लिखित बुट्टिहरू पत्ता लगाउन बुट्टिकोश हेर्ने गरेको जसबाट उनमा पुस्तक र शब्दकोश

हेर्ने बानी बसी स्वाध्ययनको जग बसेको कुरा उनका निबन्धमा प्रस्तुत गरेको पाइन्छ । यसपछि चन्द्रकान्त, भूतनाथ जस्ता ऐयारी, तिलश्मी, जासुसी तथा रोमाञ्चकारी पुस्तकहरूको अध्ययनले उनको स्वाध्ययनको गतिलाई थपेको पाइन्छ । यही अध्ययनको परिणाम स्वरूप साहित्यका पुस्तक मान्छेले नै लेख्ने थाहा पाएर अब आफू किन नलेख्ने भन्ने उत्साह उनीमा पलाउँदछ । स्वाध्ययनमै पुस्तकहरू पढ्दै जाँदा उनलाई शुक्रराज शास्त्रीको स्वर्गको दरबार नामक पुस्तकले निकै प्रभाव पारेको कुरा आफ्ना निबन्धहरूमा उल्लखे गरेका छन् । उनले नेपाली साहित्य क्षेत्रमा उत्कृष्ट स्थान भएका साहित्यकारहरू बालकृष्ण समको मुटुको व्यथा, लेखनाथ पौड्यालको ऋतुविचारर भानुभक्तको रामायण सुन्दरकाण्ड जस्ता उत्कृष्ट रचनाहरू पढेको कुरा पनि उनकै निबन्धमा प्रस्तुत भएका छन् ।

यसरी प्रधानको जीवनमा औपचारिक शिक्षाले भन्दा स्वाध्ययनले नै विशेष महत्त्व राखेको पाइन्छ । यही अध्ययनले नै साहित्यको क्षेत्रमा उनको पहिलो साहित्यिक लेखन निबन्ध **भ्रातृस्नेह** वि.सं.१९९९ सालमा शारदा पत्रिकामा प्रकाशित भयो । त्यसपछि उनको कलम विविध क्षेत्रमा दगुरेछन् फलस्वरूप कविता उपन्यास, कथा, निबन्ध, एकाङ्की सङ्ग्रहहरू तथा समालोचनाको सिर्जना भएको पाइन्छ । अतः स्वाध्ययन नै उनको ठुलो प्रेरणाको स्रोत भएको देखिन्छ ।

## ३.४ हृदयचन्द्रसिंह प्रधानको औपन्यासिक यात्रा

हृदयचन्द्रसिंह प्रधान **स्वास्नीमान्छे** (२०११) उपन्यास प्रकाशित भएपछि उपन्यासकारका रूपमा नेपाली साहित्यका फाँटमा देखा परेका प्रतिभा हुन् । उनका उपन्यासहरू प्रगतिशील विचारबाट प्रभावित छन् । नारी समस्या,गरिब, किसान तथा निम्नवर्गीय परिवारको समस्या, जातीय भेदभाव, अन्धपरम्परा, सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक आदि क्षेत्रबाट समाजमा भएका शोषण उनका उपन्यासहरूका विषयवस्तु भएर आएका छन् । उनका उपन्यासहरू विचारप्रधान छन् । समाजका थोत्रा परम्पराबाट मुक्ति रीतिस्थितिमा सुधार तथा आफ्नो अधिकारप्रति चनाखो रहनु पर्ने सन्देश उनका उपन्यासमा पाइन्छ । नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी धाराको प्रतिनिधित्व गर्ने **एक चिहान** (२०१७) महत्त्वपूर्ण उपन्यास हो । उनका औपन्यासिक कृतिहरूको परिचय यस प्रकार दिन सकिन्छ :

(क) **स्वास्नीमान्छे**

**स्वास्नीमान्छे** (२०११) उपन्यास हृदयचन्द्रसिंह प्रधानको पहिलो औपन्यासिक कृति हो । प्रस्तुत उपन्यासमा वेश्या-जीवनको परिचर्चा छ । वेश्या भएर पनि वेश्यावृत्ति निर्मूल गर्न खोज्ने वेश्याहरूको क्रान्तिकारी काम र विवश जीवनको कथा यस उपन्यासमा वर्णित छ । वेश्यावृत्ति अँगालेर घृणित जीवन यापन गर्ने वेश्याहरू समस्या होइनन्, समस्या त **स्वास्नीमान्छे**लाई वेश्या बनाउने स्थिति र विवशताहरू हुन् । लेखक तर्क गर्दछन् के कोही चाहेर वेश्या बन्दछन् ? उपन्यासका वेश्याहरूलाई वेश्यावृत्ति एक घृणित काम हो, समाज र नारी-जातिकै निमित्त कलङ्क हो भन्ने थाहा छ । तर पनि उनीहरू किन वेश्या बन्दछन् ? यसकै उत्तरको खोजीमा उपन्यास केन्द्रित छ । वेश्या बनेर समाजलाई कलङ्कित गर्ने **स्वास्नीमान्छे** दोषी होइन । यो त भ्रष्ट समाजले जन्माएको रण्डीबाजहरूको क्रियाकलापको परिणाम हो अनि आर्थिक विवशता सृष्टि गरेर तिरस्कृत र बलात्कृत हुनुपर्ने सामाजिक परिणाम हो । वेश्या बनाएर घृणा गर्नु र बन्न लगाएर तिरस्कार गर्नु अमानवीय र अनधिकृत कुरा हो त्यसकारण यो वेश्या बन्नु पर्ने बाध्यताका सबै कारण सुधार्नु पर्दछ जस्ता महत्त्वपूर्ण कुरा उपन्यासले देखाउन खोजेको छ (प्रधान, २०६१) ।

यस उपन्यास कोही पनि **स्वास्नीमान्छे** रण्डी वा वेश्या बन्न चाहँदिन तर बाध्यता विवशताले मात्र उसलाई रण्डी बनाउँदछ । उपन्यासमा मोतीमायाले विनोदलाई जन्माए पछि प्रमोदले अर्की आइमाई कमला भित्र्याएको छ । कमलाकै नखरमाउलो चियोचर्चोमा विश्वास गरी जेठी श्रीमती मोतीमायालाई विभिन्न खालका मानसिक गाली र शारीरिक दण्ड दिने काम प्रमोदबाट हुन्छ । यो पीडा असहय भएर बालखे छोरो छोडी मोतीमाया आत्म हत्या गर्न तम्सिन्छे तर अर्को पुरूषको नजर परी मर्न पाउँदिन । निराधार बनेकी मोतीमायालाई बनावटी माया देखाएर मोहन बहादुरले फसाउँदछ । बालक छोरो भेटाइ दिने आश्वासन दिएर मोतीमायाको सतित्त्व लुट्दछ र अन्त्यमा गलत्याएर घरबाट निकाली दिन्छ । अनि सहारा दिने नाउँमा उनलाई रण्डी खानमा पुऱ्याइन्छ । त्यहाँ आफ्नो शरीर नबेची स्वर बेची रहँदा छोरासँग भेट हुन्छ । छोराले सबै बाध्यात्मक परिस्थिति बुझ्छ र आफ्नो घरमा लैजान्छ तर समाजको आडमा बसेको प्रमोदले तिरस्कार गरी छोरा सहित मार्न लाग्दा विनोद र मोतीमायासँगै आएकी मैयाँ नानीले मारी दिन्छिन् र उनलाई जेल लगे पछि उपन्यासको कथावस्तु समाप्त हुन्छ (प्रधान, २०११) ।

**स्वास्नीमान्छे**लाई अवला बनाएर रण्डी भनेको विनोदलाई मन पर्दैन त्यसैले विनोदले आफ्नी आमालाई रण्डी नभनी मातृस्नेहको स्रोत बगाइरहन्छ । विनोदलाई आफ्नी आमा रण्डी भएको प्रत्यक्ष भए पनि चाहनामा रण्डी भएको होइनन् भन्ने विश्वास छ । त्यसैले आमालाई रण्डी बनाइएको गुनासो विनोदमा छ । विनोद मोतीमाया रण्डी भएको दोष प्रथमतः प्रमोद अनि समाजलाई दिन्छ । प्रमोद र समाज नै त्यसको जिम्मेदारी भएको हुनाले आमा रण्डी भएकोमा विनोदलाई किञ्चित पनि रिस र घृणा छैन । त्यसैले आमालाई विनोदले पवित्र आमै सम्झेर कोही रण्डी बन्ने कारण पत्ता लगाएको अनुसन्धानमा विश्वास गर्दछ र त्यसको निराकरण गर्न खोज्दछ (प्रधान, २०११) ।

**स्वास्नीमान्छे** विकृत, विडम्बित र विपन्न व्यक्तिहरूको प्रतिकारात्मक चित्कार हो । यसमा आफूलाई भोग्या, दयनीय र कमारी बनाएर वेश्यापर्यन्त हुन बाध्य गर्ने अन्यायका विरूद्ध आवाज उठाइएको छ । मैयाँ नानी र उसका साथीहरू समाज-सुधारको ध्येयले क्रान्ति गर्ने कार्यकलापका नायिका र सक्रिय सदस्य हुन् । उनीहरूले नारीको हकहितका लागि एउटा संस्था खोली क्रान्तिकारी विचार अगाडि बढाउँदै समाज सुधार गर्न जीवन सुम्पेका छन् । अतः यस उपन्यासले आइमाईलाई वाध्यता, विवशतात्मक परिस्थितिले वेश्या बनाएको हो आफैँ रहरले बनेको होइनन् भन्ने कुरालाई छर्लङ्ग उतारेको छ (प्रधान, २०६१) ।

**(ख) एक चिहान**

**एक चिहान** (२०१७) हृदयचन्द्रसिंह प्रधानको दोस्रो उपन्यास हो । यो उपन्यास यथार्थवादी सामाजिक उपन्यास हो । यो उपन्यास नेपाली समाजलाई क्रान्तिचेत प्रदान गर्ने उद्देश्यले लेखिएको हो । यो कृति किसान परिवारसँग जोडिएको विषयमा आधारित छ । यसको कथानकले गरिब किसान एवम् जिम्दारका बीचको सङ्घर्षलाई सजीव रूपमा प्रस्तुत गरेको छ । अनि यसमा उच्चवर्गीय व्यक्तिहरूले अवला नारीमाथि राखेको दृष्टि तथा व्यवहारको स्पष्ट चर्चा गरिएको छ । काठमाडौंको एउटा गाउँको निम्न वर्गीय किसान परिवारलाई आधार बनाई लेखिएको प्रस्तुत उपन्यास प्रगतिशील विचारबाट प्रभावित छ । एउटा गरिब तर परिश्रमी किसान अष्टनारां बिरामी परेर गरिबीकै कारणले समयमा उपचार गराउन नपाएपछि साधारण रोगकै कारणबाट उसको मृत्यु हुन्छ । ऊ एक प्रगतिशील विचार भएका पात्र हुन् । उनी आफ्नो परिवारलाई परिश्रमी बन्न र अन्याय, अत्याचार,

शोषण र समाजमा रहेका अन्धपरम्परा कुरीति र कुसंस्कारको विरोध गर्ने उपदेश दिन्छन् । अष्टनारांको उपचार गर्न आएका डाक्टर नानीथकुंको यौवनमा लोभिएर प्रेमको ढ्वाङ् रची भगाएर बेहोसपारी गर्भिणी समेत बनाउँदछ । उता जमिनदार पनि नानीथकुंलाई पाउने अभिलासामा देशी तान दिएर नानीथकुंको आमालाई लोभ्याउँदछन् तर यी दुवैका कुकृत्यलाई पन्छाएर तराईबासी रामखेलावनसँग नानीथकुंको विवाह अष्टनारानका छोराहरूले गरी दिन्छन् । यसबाट नारीहरू आफ्नो मूल्य कायम राख्न सजक हुनुपर्ने कुरा अगाडि सारिएको छ । समाजमा रहेका शोषकहरूको अन्याय र अत्याचारलाई प्रतिकार गर्नुपर्छ भन्ने विचार भएका गरिब ज्यापू किसान परिवारको गरिबीकै कारण घर पनि मर्मत गर्न नपाउँदा प्राकृतिक प्रकोपमा परेर दुःखद अन्त्य हुन्छ । घरमा बस्ने र खेती नजिकै बस्ने सबै परिवारको एकै चिहान भएको देखाएर कथा समाप्त हुन्छ ।

यसरी **एक चिहान** उपन्यासमा किसानहरूको समस्या र स्वप्न चर्चाको विश्लेषण गरिएको छ । "व्यावहारिक समाज जीवनमा प्रचलित अन्ध परम्परा, असामाजिक रीतिथिति र जातीय पृथकतावादी प्रचलनको सेरोफेरो परिभ्रमण गर्ने **एक चिहान** सामाजिक सुधारलाई अँगालेर प्रजातान्त्रिक परिप्रेक्ष्यमा एक उत्कृष्ट नमुना प्रस्तुत गर्छ (प्रधान २०६१:२५६) ।" **एक चिहान** उपन्यासले एक आदर्श समाजको परिकल्पना गरेको छ । जो परिश्रम गर्दछ अन्न उब्जाउँदछ उसैलाई एक पेट खान रहर छ अनि एक टुक्रा जमिन पनि छैन भन्दै किसानहरूको समाजको वास्तविक अवस्थाको ऐना देखाउने काम यस उपन्यासमा भएको छ । आफ्नो पसिना र परिश्रममा भर परी माटामा जीवन मर्ने किसानहरू एकातिर सामाजिक शोषणहरूबाट उत्पीडित हुन् भने अर्थ अभावका कारण प्राकृतिक प्रकोपबाट पनि तिनै गरिबहरूकै सर्वनास भएको देखाइएको छ ।

## ३.५ हृदयचन्द्रसिंह प्रधानका साहित्यिक प्रवृत्तिहरू

नेपाली साहित्यको उपन्यास क्षेत्रमा पनि हृदयचन्द्रसिंह प्रधानको योगदान अविस्मरणीय रहेको छ । प्रधान सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनका उपन्यासले प्रगतिवादी चिन्तनको प्रधानता बोकेका छन् । उपन्यास बाहेक प्रधानका थुप्रै अरू रचनाहरू पनि छन् । नाटक तथा एकाङ्की सङ्ग्रहहरू, कथा सङ्ग्रहहरू, निबन्ध सङ्ग्रहहरू, समालोचना, कविताहरू, व्याकरण पुस्तक आदि विशेष उल्लेखनीय छन् । यी उल्लिखित कृतिहरू मध्ये नाटक तथा एकाङ्की, निबन्ध र उपन्यास क्षेत्रमा उनी बढी चर्चित

देखिन्छन् । प्रधानका **स्वास्नीमान्छे** (२०११) र **एक चिहान** (२०१७) दुई मात्र उपन्यास भए पनि सामाजिक यथार्थताको उद्घोष गर्न सक्षम छन् ।

प्रधान नेपाली उपन्यास परम्परामा आधुनिक कालका आलोचनाबाट यथार्थवादी नेपाली उपन्यास भित्र्याउने प्रमुख व्यक्ति मानिन्छन् । लैनसिंह वाङ्देलको लङ्गडाको साथी (२००८) मा आलोचनात्मक यथार्थवादको प्रारम्भिक झल्को पाइए पनि ठोस रूपमा यस धाराको आरम्भ भने प्रधानको **स्वास्नीमान्छे** (२०११) बाट नै भएको देखिन्छ जसले नारीमाथि गरिने भेदभाव र भोगवादी प्रवृत्तिलाई हाँक दिँदै सङ्घर्षका लागि एकजुट हुने प्रेरणा दिएको छ । प्रधान काठमाडौंमा जन्मेका र यहाँका ग्रामीण समाजका पीडा र दुःखदर्दलाई प्रस्तुत गर्ने उपन्यासकार हुन् । सामाजिक दायित्वप्रति अत्यन्त सचेत रही अन्धविश्वास, शोषण, परम्परागत कुरीतिप्रति कठोर प्रहार गर्न प्रधान आफ्ना उपन्यास मार्फत परिवर्तनको आह्वान गर्दछन् । उनको दृष्टि प्रगतिशील, समाजको स्थापना र सुधारतर्फ गएको हुँदा उनमा नयाँ समाज रचनाका लागि प्रदान गर्ने शक्ति देखिन्छ । उनका दुवै उपन्यास दमन र भेदभावका विरूद्ध उचालिएका छन् (बराल र एटम, २०६१) । यिनै दुई उपन्यासका आधारमा प्रधानका निम्नलिखित औपन्यासिक प्रवृत्तिहरू औंल्याउन सकिन्छ ।

### ३.५.१ आलोचनात्मक यथार्थवादी दृष्टि

समाजका यथार्थ पक्षहरूको तटस्थ प्रस्तुति मात्र नभएर तिनमा रहेका विकृति र विसङ्गतिका पक्षहरूमाथि आलोचनात्मक टिप्पणी गर्दै तिनको निराकरणका लागि आवाज उठाउने स्वच्छन्द क्रान्तिकारिता नै आलोचनात्मक यथार्थवाद हो (वराल र एटम, २०६६:१७९) । यस प्रकारको उपन्यास रचनामा उनको **स्वास्नीमान्छे** (२०११) प्रथम मानिन्छ । उनको यस उपन्यासमा तिरस्कृत मोतीमायाले पछि सम्मानपूर्वक स्थान ओगटेकी छन् । प्रधानले समाजका विसङ्गति र विकृतिका यथार्थहरूलाई औंल्याउँदै तिनको निराकरणको चाहना **स्वास्नीमान्छे** उपन्यासमा राखेका छन् । नारी र पुरूष बीचको असमान अवस्था, नारी किनबेच गर्ने र नारीलाई भोग्याका रूपमा हेर्ने सामाजिक दृष्टिकोणमाथि दरिलो प्रहार उपन्यास मार्फत गर्न सफल प्रधान देखिन्छन् । समाज खराब नभईकन मान्छे बिग्रिंदैन । मान्छेलाई बिग्रिन बाध्य पारिन्छ । बिग्रिए पछि बिगार्ने व्यक्ति वा समाजलाई बदल्न हत्यालाई समेत प्रश्रय दिने काम उपन्यासमा वर्णित छ । यसरी प्रधानले शुद्ध

आचरण, शोषणविहीन समाज, उदार परिपाटी, राष्ट्रिय दृष्टिकोण, उच्च नैतिकता र भेदभावरहित व्यवहार, अनि सबै किसिमका अन्धविश्वासबाट मुक्त विचार पछ्याएर युग सुहाउँदो समाज निर्माण गर्नुपर्ने धारणा **स्वास्नीमान्छे**मा स्पष्ट राखेका छन् भने **एक चिहान**मा पनि श्रमजीवी किसानले नै सचेत र सङ्घर्ष गरेर डाक्टर गोदत्त प्रसाद र सुरमान सुब्बा जस्तालाई ठीक पार्नु पर्दछ । अन्याय र अत्याचार सहेर यसले झाङ्गिने मौका पाउँदछ तसर्थ त्यसको जरो उखेल्न सबै किसान एकजुट हुनुपर्दछ भनेका छन् । उपन्यासमा अन्तर्जातीय वैवाहिक सम्बन्ध जोर्ने, मर्दापर्दा नसकीकन पनि गर्नुपर्ने दान, धर्म तथा अमिल्दो अनुचित प्रेम सम्बन्ध जस्ता बुँदाहरूलाई समातेर प्रगतिको बाटोमा देखा परको अवरोधलाई हटाएर समाजलाई अनुशासित दिशा दिइएको छ । यस उपन्यासले आलोचना मात्र नगरेर सुझाउ पनि दिएको छ, यथार्थको मात्र चित्रण होइन आदर्श पनि प्रस्तुत गरेको छ । तसर्थ दुवै उपन्यासमा उनको आलोचनात्मक यथार्थवादी दृष्टिकोण पाइन्छ (बराल र एटम, २०६६:१११) ।

## ३.५.२ प्रगतिशीलता

हृदयचन्द्रसिंह प्रधानका दुवै उपन्यास **स्वास्नीमान्छे** र **एक चिहान** प्रगतिशीलताका प्रतिनिधि कृति हुन् । **स्वास्नीमान्छे** उपन्यास भित्रका पात्रहरूको चरित्र हेर्दा विनोदमा पाइने आदर्श पुत्रत्त्व, मोतीमायामा पाइने विवशता र स्त्रीसुलभ चरित्र, स्त्रीका वश पर्ने प्रमोद, सौताहाको डाह गर्ने कमला, स्त्रीप्रति आशक्त र सम्हाल्न नसक्ने मोहन बहादुर र नारी उद्धारका लागि कर्मठ स्त्री मैयाँनानी जस्ता पात्रहरूले उपन्यासको प्रगतिशील पक्षलाई चमकदार बनाएका छन् । त्यस्तै **एक चिहान** पनि प्रगतिशीलतालाई विशेष मान्ने सामाजिक उपन्यास हो । यसमा पाइने अन्तर्जातीय विवाह, खेतीपातीमा सुधार, किसानको दायित्त्व, किसानको आर्थिक स्थितिको विश्लेषण, डाक्टर गोदत्त प्रसादको नानी थकुंप्रति आशक्ति र रञ्जनादेवीको सचेतता स्वाभाविक रूपले उपन्यासमा अङ्कित छन् यसरी उनले दुवै उपन्यासमा प्रगतिशील विचारहरूको मार्मिक र सशक्त चित्रण गरेको पाइन्छ (भट्टराई, २०५१:२३७) ।

### ३.५.३ नारीवादी दृष्टिकोण

हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा नारीपात्रले उच्च स्थान प्राप्त गरेका छन् । सात सालपछि जनसमाजमा देखा परेको चेतना, विद्रोहात्मक प्रवृत्तिलाई दुवै उपन्यासका नारीहरूले ग्रहण गरेका छन् । **स्वास्नीमान्छे**की मैयाँ नानीले प्रमोद र कमलालाई गोली हानेर हत्यारिणी बन्नु र न्यायाधीशका अगाडि भनेको "**स्वास्नीमान्छे**लाई केवल फूल मानी भोग्य जीवन सम्झने तपाईं लोग्ने मानिसहरूका भावनाको यो प्रतिक्रिया हो" कुराले नारी जातिको सुधारका लागि रचिएको स्पष्ट हुन्छ । त्यस्तै **एक चिहान**मा हाकुमायाले राम बहादुरलाई ठाडो जवाफ दिनु, रञ्जनादेवीले नानीथकुंको भावना परिवर्तन गर्न सक्नु र नानीथकुंले नाजायज गर्भ त्यागी अर्को विवाह गर्नु नारीवादी दृष्टिकोणको उच्च रचनात्मक कृति हो । यसरी हृदयचन्द्रसिंह प्रधानका दुवै उपन्यासमा नारी पात्रले उचित सम्मान पाउनु पर्ने कुरा देखाइएको छ (भट्टराई, २०५१:२३७) ।

### ३.५.४ प्रकृतिपरक चित्रण

हृदयचन्द्रसिंह प्रधान प्रकृतिको चित्रण गर्ने उपन्यासकार हुन् । उनका उपन्यासमा प्रकृतिको वर्णन अनि प्रकोप देखिन्छ । उनको कथानकलाई अगाडि बढाउन वा टुङ्ग्याउन प्रकृतिको चित्रण गरेको पाइन्छ । **स्वास्नीमान्छे**मा मोतीमायाले आत्महत्या गर्न लाग्दाको प्रकृति वर्णन स्वाभाविक नै देखिए पनि **एक चिहान**मा सबै परिवारको मृत्यु प्राकृतिक प्रकोप अविरल वर्षाले उर्लिएको बाढीकै कारणबाट भएको छ । **एक चिहान** उपन्यासमा गरिब अष्टनारांको मानवीय दुःखमा प्रकृति पनि रौद्र रूपमा प्रकट भएर सम्पूर्ण परिवारलाई एउटै चिहान बनाउन पुग्दछ । मानवका सुखका क्षणमा प्रकृति साम्य र शान्त अवस्थामा मुस्काइरहेको हुन्छ अनि दुःखका क्षणमा डरलाग्दो रूप धारण गरी विनाश पारिदिन्छ भन्ने विषयले उपन्यासमा महत्त्वपूर्ण स्थान पाएको छ ।

### ३.५.५ मानवतावादी दृष्टिकोण

हृदयचन्द्रसिंह प्रधान साहित्य मार्फत मानवाद प्रतिस्थापना गर्ने चाहना भएका उपन्यासकार हुन् । उनी एक संवेदनशील, जीवन, जनता र जगतसित प्रेम गर्ने र समाजका अन्धविश्वास, अन्याय र अस्वाभाविक संस्कार र तर्कहीन मान्यताहरूको कटु आलोचना गर्ने मानवतावादी लेखक थिए । उनको विचारधारा स्वतन्त्र, प्रगतिशील, आशावादी र वैज्ञानिक

छ र उनको हृदय आदर्श भावना र विश्वबन्धुत्त्वको शुभेच्छाले परिपूर्ण छ (अधिकारी, २०५५:१३३) । उनको दुवै उपन्यासमा मानवतावादको राम्रो प्रयोग पाइन्छ । मानवजीवन र विश्वलाई स्वर्ग बनाउन सत्यम् शिवम् र सुन्दरम्को पूर्ण एवं सुसन्तुलित समन्वय गर्नु पर्ने कुरा उपन्यासमा प्रस्तुत गर्दै अन्याय, शोषण, अविश्वास र कुरीतिको विरोध गर्ने काम भएको छ ।

### ३.५.६ कारूणिकता र दुःखान्तता

हृदयचन्द्रसिंह प्रधानका दुईओटै उपन्यासमा कारूणिकता पाइन्छ । कारूणिकताले मानिसको मनलाई छुन्छ । उपन्यासका पात्रहरू आफू मात्र कारूणिक बन्ने होइन, आफ्ना करूणा पाठकलाई बाँडेर उनीहरूलाई पनि करूणामा डुबाउँछन् । दार्शनिक अरस्तुले भने जस्तै करूणाले पाठकको मनको कल्मष पखाल्छ (गौतम, २०७०:३४) ।

**एक चिहान**को त्रासदीय वातावरण उपन्यासको अन्त्यतिर वाढीले बगाएर अष्टनारांको परिवार एकै अँगोलामा बाँधिएको, घरमा बसेका परवार पनि घर भत्किएर मरेका, टोलीयाहरूले उनीहरूको घर खनेर निकालेका, सबै पुननारां, हर्षनारां, लतमाया सिन्तली सबका सब लास भएका घटनाहरू वेदनामय छन् । **स्वास्नीमान्छे**मा पनि प्रमोदले मोतीमायालाई गरेको अत्याचार, वासन्तीले अञ्जना कुमारी र सुर प्रसादलाई गोली हानी मारेको, मैयाँनानीले प्रमोद र उसकी कान्छी श्रीमतीलाई मारेको घटना त्रासदीय छन् भने मोतीमायाले जीवनमा भोगेका पीडाहरू बढी संवेदनामय रहेका छन् । प्रधानको यही असाधारण करूणामयताले गर्दा उपन्यासहरू पाठकको मर्म छुन सफल भएका छन् । त्यसैले प्रधानको कारूणिक दुःखान्त अभिव्यक्ति प्रभावशाली छ ।

### ३.५.७ जातिपरकता

प्रधान दुवै उपन्यासमा उनकै जाति नेवारको विषयवस्तु प्रस्तुत गर्ने उपन्यासकार हन् । उनले आफ्नै जाति नेवारको धर्म, संस्कार, संस्कृति र रहनसहनलाई उपन्यासमा उल्लेख गरेका छन् । उनका उपन्यासका पात्रहरू प्रायः नेवार जातिकै छन् । उपन्यासमा प्रयुक्त भाषा पनि बढी नेवारी मिश्रण छ । उपन्यासकारले आफ्ना तर्फबाट गरेका विषय वर्णनमा पनि नेवारी शब्दहरूको लवज प्रशस्त उपयोगमा ल्याएका छन् :

डाक्टरले आफ्नो सिद्धान्तको मर्यादा राख्तछन् । म पनि आफ्नै सिद्धान्तअनुसार बोलिरहेको छु, किसानको छोराको लागि यही सिद्धान्त छ बाबु ! डाक्टरलाई म मर्ला भन्ने डर भयो, किनभने उनले मलाई औषधी गरिरहेका छन्, त्यस्तै मलाई आफ्नो खेत नहाँस्ला र यसपालिको बाली मर्ला भन्ने डर भयो ....(प्रधान, २०५६:२४) ।

उक्त वाक्यमा नेवारी भाषाका वाक्यको गन्ध पाइन्छ । साथै उपन्यासमा प्रयुक्त गुभाजू (पृ.३), सिकर्मी (पृ.९), ज्यामी/डकर्मी (पृ.१६), खर्पन (पृ.३५), विचाः (पृ.४१), ब्याहबिचाः (पृ.४३), लाखे/भ्यातल (पृ.४४), हमा (पृ.९०) खतामुगाः (पृ.१२४), ज्यापु/ज्यापुनी (पृ.३३) शब्दले नेवारी संस्कृति र संस्कार झल्काएका छन् अनि उपन्यासका अष्टनारां, शिवनारां, हर्षनारां, पुननारां, हाकुमाया, पुनचा, लतमाया, नानीथकुं जस्ता पात्रको नामले नेवारीपनको अनुभव गराउँदछ । त्यसैले प्रधानका उपन्यास जातिपरकताका उत्कृष्ट नमुना हुन् ।

### ३.५.८ सहरिया विषयवस्तुको चयन

हृदयचन्द्रसिंह प्रधान सहरिया विषयवस्तुको चयन गरी कृति सिर्जना गर्ने साहित्यकार हुन् । उनका रचनाहरूमा प्रायः सहरिया विषयवस्तुले नै महत्त्वपूर्ण स्थानप्राप्त गरेका हुन्छन् । उनका दुवै उपन्यास **स्वास्नीमान्छे** र **एक चिहान** सहरिया वातावरणका विषयवस्तु टपक्क टिपेर प्रस्तुत गरिएका उत्कृष्ट नमुना हुन् । स्वास्नी मान्छे (२०११) मा मोतीमाया सौता र आफ्नै श्रीमानको तिरस्कार लिएर कहिले विजयेश्वरीतिर, कहिले शोभाभगवतीतिर त कहिले सिम्भूको डाँडा एक्लन पुग्थिन (प्रधान, २०११:३६) भनी उल्लेख भएका विषयदेखि लिएर नानीमैंयाले कमला र प्रमोदलाई मारी न्यायालय पुगेर कथावस्तु टुङ्गिएको विषयले काठमाडौंको सेरोफेरोलाई नै देखाउँदछ । अनि **एक चिहान**को विषयवस्तु पनि काठमाडौं, असन, पाटन, विष्णुमती खोला वरिपरिको स्थानलाई लिएर रचना गरिएको कृति हो । वि.सं. २०११ सालमा काठमाडौंमा ठुलो बाढी आएर बालीनाली तथा जनधनको नोक्सानी गरेको थियो । त्यही विषयवस्तु उपन्यासमा चित्रित छ । त्यसकारण प्रधान सहरिया विषयवस्तुको चयन गरी कृति सिर्जना गर्ने एक सफल व्यक्ति हुन् ।

अतः प्रधानका उपन्यासको अध्ययन गर्दा आलोचनात्मक यथार्थवादी दृष्टि, प्रगतिशीलता, नारीवादी दृष्टिकोण, प्रकृतिपरक चित्रण, मानवतावादी दृष्टिकोण, कारूणिकता

र दुःखान्तता, जातिपरकता, सहरिया विषयवस्तु चयन जस्ता औपन्यासिक प्रवृत्ति पाउन सकिन्छ । उनी उपन्यासका माध्यमबाट समाज सुधारको अपेक्षा राख्ने एक प्रगतिवादी उपन्यासकार हुन् ।

## ३.६ उपन्यासकार Åदयचन्द्रसिंह प्रधानको योगदान र मूल्याङ्कन

नेपाली उपन्यास क्षेत्रमा उपन्यासकार हृदयचन्द्रसिंह प्रधानले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनले स्वच्छन्दतावाद र यथार्थवादको विकास भइरहेको समयमा आलोचनात्मक सामाजिक यथार्थवादलाई आफ्ना उपन्यास मार्फत प्रयोग गरेका छन् । प्रधान वि.सं.१९९२ मा शारदा पत्रिकामा प्रकाशित 'भ्रातृस्नेह' नामक निबन्धको प्रकाशनपछि नेपाली साहित्यको लेखनका क्षेत्रमा देखा परेका प्रतिभा हुन् । निबन्ध लेखनबाट नेपाली साहित्यको फाँटमा प्रवेश गरेका प्रधानले नेपाली व्याकरण, समालोचना, कविता, कथा, एकाङ्की र उपन्यास जस्ता साहित्यका विविध विधामा कलम चलाएका छन् ।

सानै उमेरदेखि दमको रोगबाट पीडित हृदयचन्द्रसिंह प्रधानले पहिलो निबन्ध वि.सं.१९९९ मा प्रकाशन गरी आफ्नो पहिलो नाम चन्द्र प्रसाद धेरैसँग मिलेकाले परिवर्तन गरे (प्रधान, २०११:१२३) । यो निबन्धको प्रकाशन पछि उनलाई साहित्य लेखनमा थप प्रोत्साहन मिल्यो । साहित्यका अन्य विधामा भन्दा निबन्ध विधामा सफल प्रधान मूलतः आत्मपरक निबन्धकार रूपमा प्रतिष्ठित छन् । उनका विभिन्न निबन्धहरू, समालोचनाहरू र कथाहरू प्रकाशित छन् । अनि नेपाली समाजमा विद्यमान अन्याय अत्याचार, शोषण र अन्धपरम्पराको विरोधमा उनका नाटकहरू प्रकाशित भएका छन् । त्यस्तै भाषा विकासका लागि व्याकरण पुस्तकहरू समेत प्रकाशित गरेका थिए । पछि उनी प्रगतिशील विचारबाट प्रभावित भएर उपन्यास लेख्न लागे, जसको फलस्वरूप उनका **स्वास्नीमान्छे** (२०११) र **एक चिहान** (२०१७) उपन्यास प्रकाशित भएका छन् (क्षत्री, २०५८:५०) ।

रोग, शोक र भोकले सताइएका हृदयचन्द्रसिंह प्रधानको ६ वटा करङ काटिए पनि रोग हटेन तैपनि साहित्य साधनामा समर्पित भएर धेरैओटा विधामा कलम चलाए र उनी एक अनुभवी व्याकरणकार, एक कुशल सम्पादक, एक प्रगतिशील उपन्यासकार, एक चिन्तनशील निबन्धकार, एक पारखी समीक्षक, एक नामी नाटक (एकाङ्की) कार, एक कुशल समीक्षक र एक उल्लेखनीय सामाजिक कथाकारका रूपमा साहित्यिक फाँटमा अमर

छन् । उनको योगदानको कदर गर्दै मूल्याङ्कन गर्दा उनी साहित्यलाई अग्र स्थानमा पुऱ्याउन सफल भएका देखिन्छन् । उनका दुवै उपन्यास वैचारिक पृष्ठभूमिमा सृष्टि भएका छन् । उनी रूपभन्दा वस्तुलाई, व्यक्तिभन्दा समाजलाई चित्रणभन्दा व्याख्यालाई र भित्रभन्दा बाहिरको जीवनलाई महत्त्व दिने शैलीका उपन्यासकार हुन् । प्रगतिशीलताका नमुना कृति हुन् । उनको योगदानलाई निम्न लिखित रूपमा उल्लेख गर्न सकिन्छ ।

### ३.६.१ सङ्ख्यात्मक योगदान

हृदयचन्द्रसिंह प्रधान आधुनिक नेपाली उपन्यास परम्पराका विशिष्ट व्यक्तित्व हुन् । नेपाली उपन्यास साहित्यमा उनले गुणात्मक र सङ्ख्यात्मक दुवै दृष्टिले महत्त्वपूर्ण योगदान दिएका छन् । नेपाली उपन्यास परम्पराको थालनी वि.सं.१८२७ मा शक्ति वल्लभ अर्ज्यालद्वारा अनुवाद गरिएको कृति विराटपर्वलाई लिइन्छ । वि.सं.१८२७ देखि थालनी भएको नेपाली आख्यान परम्परा मनोरञ्जनात्मक र अतिरञ्जनात्मक कृतिहरूका साथ क्रमिक रूपमा अगाडि बढेको पाइन्छ । यस चरणमा देखा परेका पिनासको विनास, स्वस्थानी व्रतकथा, मुद्राराक्षस जस्ता कृतिहरूले नेपाली उपन्यासको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । वि.सं.१९४६ मा वीरसिक्का प्रकाशित भएपछि नेपाली उपन्यासमा केही नयाँ मोड देखा पऱ्यो । यसपछि मनोरञ्जनात्मक घटनाप्रधान, नैतिकता सामाजिक सन्देश दिने खालका औपन्यासिक कृतिहरू रचना भए । वीरसिक्का (१९४६), वीरचरित्र (१९५६), महेन्द्रप्रभा (१९५९), प्रारब्ध दर्पण (१९६३), बहादुर चरित्र (१९५७) महारानी प्रियम्वदा (१९७३) जस्ता कृतिहरू रचना भएका छन् (गौतम, २०७१:३८) ।

उल्लिखित कृतिहरूले नेपाली उपन्यासलाई आधुनिक कालमा प्रवेश गराउन महत्त्वपूर्ण योगदान दिएका छन् । वि.सं.१९९१ बाट भने नेपाली उपन्यासमा मौलिक उपन्यास लेखनको थालनी भई आधुनिक कालको सुरुवात भएको मानिन्छ । उपन्यासकार रूद्रराज पाण्डेको रूपमती (१९९१) बाट आधुनिक कालको प्रारम्भ भएको हो । आधुनिक कालमा प्रवेश गरेपछि नेपाली उपन्यास परम्परामा धेरै उपन्यासकार र तिनका उपन्यासहरू देखा परेका छन् । आधुनिक कालको सुरुवाततिरै रूद्रराज पाण्डे, काशीबहादुर श्रेष्ठ, रूपनारायण सिंह, अच्छाराई रसिक, लैनसिंह वाङ्देल, लीलबहादुर क्षत्री, हृदयचन्द्रसिंह प्रधान जस्ता धेरै उपन्यासकारहरू देखा परे । यस समयमा एक प्रसिद्ध उपन्यासकार हृदयचन्द्रसिंह प्रधान पनि हुन् । हृदयचन्द्रसिंह प्रधानले नेपाली उपन्यासलाई आलोचनात्मक यथार्थवादी

धारामा प्रवेश गराए । नेपाली उपन्यास क्षेत्रमा प्रवेश गरेका प्रधानले सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिमा योगदान दिएका छन् ।

हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे**ले आधुनिक नेपाली उपन्यासमा आलोचनात्मक सामाजिक यथार्थवादको प्रवर्त्तन गरायो । परम्परादेखि चल्दै आएको नेपाली उपन्यासका क्षेत्रमा आधुनिकताले प्रवेश पाए पनि **एक चिहान** जस्तो उल्लेख्य कृति प्रकाशित भएको पाइँदैन । उनका दुईओटा उपन्यास प्रकाशित भएका छन् । **एक चिहान** उपन्यास सिङ्गो किरान परिवारको यथार्थ सामाजिक परिवेश उतार्न सफल भएको छ । त्यसैगरी उनको अर्को उपन्यास **स्वास्नीमान्छे** (२०११) मा पनि सामाजिक अपराधप्रति आलोचनात्मक व्यङ्ग्य पाउन सकिन्छ । नारीलाई अपमान गर्ने, नारीलाई वेश्या बनाउने व्यक्ति र समाज नै हो त्यसकारण त्यसको अन्त्यका लागि व्यक्ति सङ्घ संस्था जुट्नु पर्ने प्रगतिशील विचार पाइन्छ । मार्क्सवादी समाज शास्त्रीय पक्षको धेरथोर ज्ञान आर्जन गरेका कारणले प्रधान प्रगतिवादी चिन्तक बनेका हुन् (सुवेदी, २०६१:१५५) । उनी नेपाली राजनीतिको सङ्कीर्ण घेरामा कुण्ठित चेतना, आर्थिक शोषण र वैचारिक दमनको सिकार बनेको समाजलाई मुक्तिको मार्ग देखाउन सफल छन् । उनका उपन्यासहरू सङ्ख्याका आधारमा थोरै भए तापनि गुणात्मकताका आधारमा एकदमै स्तरीय बन्न सफल भएका छन् ।

### ३.६.२ आधुनिकताको प्रवर्त्तन

माध्यमिक कालीन तिलस्मी, जासुसी प्रवृत्तिहरूबाट रूद्रराज पाण्डेको रूपमती (१९९१) ले छुट्कारा प्राप्त गर्दै सामाजिक जीवनको पारिवारिक वृत्तलाई विषयवस्तु बनाएर आधुनिकताको सुरुवात गरेको थियो भने रूपनारायण सिंहको **भ्रमर** (१९९३), उपन्यास मार्फत स्वच्छन्दतावादी नवधारणालाई संवरण गरेको थियो अनि सामाजिक यथार्थको प्रस्तुति वाङ्देलको मुलुक बाहिरबाट भएको थियो । त्यसैगरी ऐतिहासिक यथार्थवादी धाराको सुरुवात डायमन शमशेरको **वसन्ती** (२००६) बाट भएको थियो भने अति यथार्थवादी धारा वाङ्देलकै **लङ्गडाको साथी** (२००८) बाट भएको थियो । त्यसपछि देखा परेका अर्को आधुनिक उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी धाराको ठोस रूपमा प्रारम्भ हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (२०११) बाट भएको पाइन्छ ।

उपन्यासकार रूपमा प्रधानको उपस्थिति नभएको भएदेखि हामीले आलोचनात्मक यथार्थवादी धारा छिट्टै देख्न सक्दैनथ्यौं । प्रधानले आदर्शवादी र परम्परामुखी उपन्यासबाट मुक्त तुल्याउँदै प्रगतिवादलाई समृद्ध बनाउने काम गरेका छन् । उनको उपन्यासकारिता आलोचनात्मक यथार्थवादबाट उठेर प्रगतिवादतिर उन्मुख हुन खोजेको छ । तल्लो वर्गका शोषित पीडित जनताका समस्यालाई सजीव रूपमा वर्णन गर्न र ग्रामीण समाजको यथार्थ चित्र उतार्न उनी खप्पिस छन् । सामाजिक यथार्थवादका उपन्यासहरू देखिए पनि उनको **स्वास्नीमान्छे** र **एक चिहान** दमन र भेदभावका विरूद्धमा उचालिएर नयाँ समाज रचनाको लागि प्रेरणा बनेका छन् । जीवनवादी भावनाको प्रस्तुतीकरण, समस्याको बाटो देखाउने प्रवृत्ति तथा नयाँ समाजको रचनाको चेतना दिने प्रधानलाई आलोचनात्मक यथार्थवादी वा प्रगतिवादी धाराका प्रयोक्ताका रूपमा स्थापित गराएको छ ।

### ३.६.३ ह्रासोन्मुख मानवताको प्रवर्त्तनका निम्तिको प्रयास

हृदयचन्द्रसिंह प्रधान वैज्ञानिक दृष्टिकोण र जनवादी भावना भएका यथार्थवादी लेखक थिए । उनले आफ्ना कृतिहरूमा सधैँ विचार स्वतन्त्रतामाथि खुब जोड दिए । मानवको लामो इतिहास विचार स्वतन्त्रताको इतिहास हो । मनुष्यमा वास्तविकताको भोक र जिज्ञासाको प्रवृत्ति अमिट छ । उनी भन्छन् - “भोकको समस्या उति भयानक छैन, जति शिक्षा अभावको समस्या !” भोकले गर्दा केही मानिसहरू मर्न सक्छन् तर शिक्षाबाट वञ्चित भए भने समाज र राष्ट्र नै कुहिएर झर्ने सम्भावना हुन्छ अनि मानवता नै नाश हुनेछ र संसार केवल ढुङ्गा, लट्ठी, खुकुरी भाला र अन्धकार मात्र बाँकी रहनेछन् । यसरी उनका मतमा शिक्षाको वास्तविक उद्देश्य स्वतन्त्र चिन्तनको प्रेरणा दिनु र मानवताको सुरक्षा गर्नु हो (भट्ट, २०५५:१२७) । प्रधानका दुवै उपन्यास मानव स्वतन्त्रता र सुरक्षाका दृष्टिले सफल छन् ।

प्रधानको ह्रासोन्मुख मानवताको प्रवर्त्तनका निम्तिको प्रयास अथक रहेको पाइन्छ । उनी मानिसले आवेशमा आएर कस्तो-कस्तो कार्य गर्छ भन्ने यथार्थतालाई **स्वास्नीमान्छे** र **एक चिहान**मा प्रस्टसँग देखाउन सफल भएका छन् । कान्छी श्रीमतीको वशमा परेको प्रमोदले मोतीमायालाई दिएको यातना र स्त्रीप्रति आशक्त र यौनलाई सम्हाल्न नसक्ने मोहन बहादुरले मोतीमायालाई दिएको यातना अनि सम्बन्ध विच्छेद मानवता विरूद्धका घटना हुन् । यी दुवै घटनालाई उपन्यासमा निरूत्साहित गरिएको छ । **स्वास्नीमान्छे**मा एक

मानवको कुभलो र अन्याय अत्याचार गर्ने अर्को मानवको उन्नति, प्रगति र चयनको मृत्यु हुँदैन भन्ने देखाउनु अनि **एक चिहान**मा देखाइएको असमानतालाई विरोध गर्नु पनि मानवताको प्रवर्त्तनका लागि गरिएको प्रयास हो ।

## ३.७ निष्कर्ष

हृदयचन्द्रसिंह प्रधान नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । अपहेलित र निम्न वर्गको हितमा सामाजिक सुधार गर्न अग्रसर प्रधान आलोचनात्मक यथार्थवादी धारालाई उपन्यास परम्परामा भित्र्याउने उपन्यासकार हुन् । सङ्ख्यात्मक भन्दा गुणात्मक योगदान पुऱ्याउने प्रधानका दुईवटा उपन्यास प्रकाशित छन् । उनले सामाजिक यथार्थको आलोचना गरेर उपन्यासमा एकदमै विशिष्टता थपेका छन् । **स्वास्नीमान्छे** उपन्यास प्रगतिशील र नारी जातिको सुधारका लागि रचिएको कृति हो  भने **एक चिहान** प्रगतिशीलतालाई विशेष मान्ने सामाजिक उपन्यास हो । प्रगतिशील उपन्यासकारका रूपमा प्रधानलाई मूल्याङ्कित गर्दै इन्द्र बहादुर राई **स्वास्नीमान्छे**लाई हृदयचन्द्रसिंह प्रधानभन्दा सानो र **एक चिहान** चाहिँ लेखक समानको कृति मान्छन् । जुन बेला जुन परिस्थितिमा हृदयचन्द्रसिंह प्रधानले दुई उपन्यास लेखे र प्रगतिशील विचारहरूको मार्मिक र सशक्त चित्रण गरे त्यस स्थितिलाई आत्मसात गर्दा एक नामी उपन्यासकारका रूपमा उनको योगदान प्रकटित हुन्छ (भट्टराई, २०५१:२३७) ।

सिङ्गो हृदयचन्द्रको मूल्याङ्कन कृष्ण प्रसाद पराजुलीले "हृदयचन्द्रसिंह प्रधान प्रगतिशील साहित्यकार हुन् । उनका सबैजसो कृतिमा जनवादी भावना, वैज्ञानिक दृष्टिकोण, स्वस्थ विचार तथा तल्लो वर्ग र नारीहरूको प्रतिनिधित्व गरेको पाइन्छ । उनी नौलो प्रणालीमा समाजलाई बाटो देखाउने अगुवा हुन्छन् अनि चेतना र जागृतिको बिगुल फुक्ने सचेत प्रहरी ।" भनेर शब्दमा गरेका छन् (भट्टराई, २०५१:२३९) ।

यसरी प्रधानको उपन्यास क्षेत्रमा देखिएको प्रगतिशील सोचले समाजको पुनः सिर्जना अर्थात् निम्नवर्ग र नारी उत्थानको अपेक्षा गरेको छ । अनि उनी मानवताको प्रवर्त्तन र आधुनिकताको सन्देश छर्न पनि सफल छन् । त्यसकारण थोरै कृतिले पनि साहित्य क्षेत्रमा उनको स्थान उच्च रहेको छ ।

परिच्छेद : चार

# एक चिहान उपन्यासमा क्षण

## ४.१ एक चिहान उपन्यासको पृष्ठभूमि

**एक चिहान** (२०१७) उपन्यास उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको आलोचनात्मक सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा काठमाडौंको ज्यापूहरूको किसानी (कृषक) पेसा र उनीहरूका जीवनका यथार्थलाई देखाउन खोजिएको छ । एउटा गरिब किसानका घरमा कडा परिश्रम निरन्तर गर्दा पनि पेटभरि खान रहर छ भने विरामी पर्दा औषधी उपचार गर्ने खर्च हुँदैन । आर्थिक समस्याबाट सिर्जिएका विभिन्न आर्थिक कठिनाइ र समस्याहरू प्रस्तुत उपन्यासले पृष्ठभूमिका रूपमा उठाएको छ । उपन्यासको नायक पनि निम्न वर्गकै किसान व्यक्ति शिवनारां हो । उसका माध्यमबाट समाजमा व्याप्त रहेका अन्धपरम्परा, कुरीति, कुसंस्कार, शोषण, अन्याय, अत्याचार र विसङ्गतिहरूको विरोध गरिएको छ अनि त्यसको विरूद्ध सङ्घर्ष भएको छ । उसले कुनै अवस्थामा समाजका सामन्त र शोषक वर्गसँग सम्झौता र आत्मसमर्पण गरेको पाइँदैन । शिवनारांको परिवारले जीवनमा भोगेका आर्थिक तथा अन्य कठिनाइ, तिनको सोचाइ कस्तो, तिनका मनोभावना विचार र कार्यहरू, तिनको सामाजिक आीर्थक जीवन, तिनको जातीय संस्कार र चलन जस्ता मूलभूत प्रश्नहरूमा उपन्यास केन्द्रित रहेको छ ।

नेपाली उपन्यास परम्परामा **एक चिहान** उपन्यासले नवीन प्रवृत्ति भियाएको छ । सामाजिक यथार्थवादी उपन्यास लेखन परम्परा रहेको अवस्थामा आलोचनात्मक सामाजिक यथार्थवादी प्रवृत्ति वरण गर्दै **एक चिहान** नेपाली उपन्यासका क्षेत्रमा प्रगतिशील उपन्यासका रूपमा कोसे ढुङ्गा बनेर रहिरहने छ । यस उपन्यासमा शोषण गर्ने प्रवृत्तिको विरोध र प्रतिकार गर्ने वर्ग सङ्घर्षको थालनी भएको नारी स्वतन्त्रता र समानताको आवाज उठाउनु र नारी आदर्शको सम्मान गर्नु, घरको काममा नारीलाई सहयोग गर्नु, नारीलाई स्वतन्त्रपूर्वक प्रेम विहे गर्ने अवसर दिनु अथवा उचित व्यक्ति रोजेर विवाह गर्न पाउनु, नारी शोषणको विरोध गर्नु जस्ता प्रगतिशील क्रान्तिकारी विचार समेत उल्लेख गरिएको छ ।

प्रस्तुत अध्ययनमा मूलतः समाज शास्त्रीय अध्ययन मान्यताका आधारमा **एक चिहान** उपन्यासमा जाति, क्षण र परिवेशको विश्लेषण गरिएको छ । यस उपन्यासमा प्रधानले

काठमाडौंमा रहेका नेपालीका विभिन्न प्रजातिहरूलाई पात्रका रूपमा प्रस्तुत गरेका छन् । यस उपन्यासको पर्यावरणको मूल थलो काठमाडौंको विष्णुमती किनार र आसपासका ठाउँ भएकाले त्यहाँको समाजसित सम्बन्धित जातजातिको प्रभाव पनि उपन्यासमा पाइन्छ । उपन्यासकार प्रधान मङ्गोलियन प्रजाति अन्तर्गत नेवारी जातिका भएको हुनाले उपन्यासमा स्वजातीय प्रभाव रहने केही पात्रहरू चयन गरिएका छन् भने तिनका मनोभावना, कर्म विचार र संस्कार तथा चालचलनमा पनि प्रजातिले निर्देश गरेको देखिएको छ । यस उपन्यासले मूल रूपमा काठमाडौंको सेरोफेरोलाई पर्यावरणको रूपमा समेटेको छ भने समयगत दृष्टिले हेर्दा राणा शासन पछिको प्रजातन्त्रको सुरुवात कालदेखि पञ्चायती शासन अगाडिको समयका घटनाहरू तथा वि.सं.२०१५ सालको झरी तथा बाढीको घटनाहरू यसमा रहेका छन् । समाज मनोविज्ञानका विविध पक्षहरू पात्रका मनोद्वन्द्व, आवेग, संवेग, विचार, कार्य आदिलाई पनि उपन्यासले समेटेको छ । उपन्यासमा किसान र सम्पन्न व्यक्तिहरूको मिश्रित संस्कृति आएका छन् । उपन्यासकारको स्वजातीय प्रभाव कृतिमा विभिन्न पात्र र तिनका क्रियाकलापमा देख्न सकिन्छ ।

उपन्यासमा उपन्यासकारले विभिन्न क्षणहरूको उल्लेख गरेका छन् । उपन्यासमा वर्णित विषयले वि.सं.२०११ को हाराहारीको समय प्रस्तुत गरेको पाइन्छ । त्यसबेला रु.१५० मा तिन-तिनओटा डाक्टर देखाउन पुग्ने शुल्क आजको समय र क्षणसँग मिल्दोजुल्दो छैन । त्यतिबेला नेपालमा भूमिसुधारको कार्यक्रम लागु नभएकाले मोही हक कायम थिएन । जिम्दारले जग्गा रोप्न दिने नदिने निर्णय उसैका विवेकले गर्थ्यो । जग्गा जमिन राजामहाराजाबाट बक्सिस मिल्थ्यो जसले गर्दा सामन्तीहरू मोटाउँदै जाने वातावरण सिर्जना भएको देखिन्छ । बाल विवाह र अनमेल विवाहलाई रोक्ने कानुन नभएको र नारी शिक्षाको व्यवस्था राम्रो नभएको युगसँग उपन्यास नजिक देखिन्छ । यो उपन्यास वि.सं.२०१० का आसपासको हो । प्रस्तुत उपन्यासमा काठमाडौंको प्रजातन्त्रको सुरुवात वातावरणको प्रस्तुति भएबाट **एक चिहान** उपन्यास क्षण, जाति र परिवेशका अध्ययनका निम्ति महत्त्वपूर्ण रहेको छ । अतः यस अध्ययनमा जाति, क्षण र परिवेशका आधारहरूबाट प्रस्तुत उपन्यास **एक चिहान**को विश्लेषण गरिन्छ ।

## ४.२ 'एक चिहान' उपन्यासमा क्षणको प्रभाव

### ४.२.१ राजनीतिक चेतना

**एक चिहान** उपन्यास वि.सं.२०१७ सालमा प्रकाशित भए पनि वि.सं.२०१० सालतिरको करिब एक वर्षको समयलाई लिएर रचना गरिएको उपन्यास हो । यस समयमा १०४ वर्षे राणा शासनको अन्त्य भएर प्रजातन्त्रको विजारोपण भएको थियो । हैकमवादी आफ्नो रवाफ देखाउनमै अभ्यस्त थिए भने सर्वसाधारण जनता स्वतन्त्रताको पक्षमा आकर्षित भएका थिए तर आर्थिक कमजोरीले उनीहरूलाई अनेक क्षेत्रबाट समस्या मात्रै आइ परिरहन्थ्यो । तिनै समस्याहरूका विविध पाटाहरूलाई उपन्यासकारले प्रस्तुत गर्न खोजेका छन् ।

२००७ साल पछि नेपालमा जहानियाँ राणा शासनको अन्त्य भयो । सबै जनता स्वतन्त्र भए । कसैले कसैको अन्याय अत्याचर सहेर बस्नु पर्ने बाध्यात्मक अवस्था रहेन तर राजनीतिक सङ्क्रमण कालीन अवस्थामा मानिसहरूलाई रोजगारीको अवसर थिएन । शैक्षिक अवस्था पनि ज्यादै कमजोर थियो । जोसँग जग्गा जमिन छ ऊ सम्पन्न र जग्गामा स्वामित्व नुहनेको अवस्था मोही बनेर जीवन निर्वाह गर्दथे । मोहियानी हकको समेत कानुनी व्यवस्था थिए । मोहीले बाली नफले पनि कुत बुझाउनु पर्दथ्यो । एक साल नफले अर्को सालकोमा थपिएर ऋणको बोझिलो भारी बोक्न पर्दथ्यो । यस्तो बाध्यतामा पनि जग्गा कमाउन किसान राजी हुन्थे । त्यसकारण किसानलाई प्रकृतिले साथ नदिएमा हातमुख जोर्न पनि कठिन अवस्था थियो । धनीहरूको दमनचक्र नराम्रो गरी जडिएको नेपाली समाजमा प्रजातन्त्रले पाइला टेक्दै गरेको समय उपन्यासमा उल्लेख गरिएको छ ।

**एक चिहान**को पृष्ठभूमि क्रान्तिपछि खुल्ला राजनीतिक परिवेशमा आधारित छ । बिदा भएको राणा कालीन तानाशाही पुरानो युग र पदार्पण भएको अर्को नयाँ युग प्रजातन्त्रको सङ्क्रमण स्थल काठमाडौंको ऐतिहासिक परिवर्तनले **एक चिहान** उपन्यास उन्मुक्त हुन सकेको छैन । राणा शासनको अन्त्य भए पनि राणाका पालाका सुब्बाले शासन गरेको युगको अवशेष देख्न सकिन्छ । नेपालमा भूमि सुधारको कार्यक्रम लागू नभएको युगमा मोही हक कायम थिएन । जिम्दारले जग्गा कमाउन दिने नदिने निर्णय उसैका मुखमा हुन्थ्यो । त्यस समयमा जिम्दार नै सर्वेसर्वा थिए । उपन्यासमा पनि सुब्बा सुरमान सर्वेसर्वा छन् । राम बहादुर नामक पात्रका संवादमा श्री ५ महाराजधिराजबाट सुब्बालाई जग्गा बक्सिस मिलेको घटना उल्लेख भएको छ (प्रधान, २०५६:४८) । धेरै जग्गा हातमा पार्ने टाठाबाठा सुब्बा जस्ताको हैकम चलेको थियो । तिनैका जग्गा जमिन कमाएर जीविकोपार्जन

गर्ने काम शिवनारां जस्ता पात्रले गरिरहेका थिए । त्यस समयका किसानहरूमा सामान्य स्वतन्त्रताको ज्ञानभन्दा अन्य राजनीतिक विषयको ज्ञान थिएन । मात्र आफूमाथि हुन आँटेको अन्यायको प्रतिकार गर्न सक्ने भएका थिए भन्ने कुरा सुरमान सुब्बाले नानीथकुंमाथि राखेको कुदृष्टिको प्रतिकार अष्टनारांका जेठा छोरा शिवनारांले गरेकोबाट थाहा पाउन सकिन्छ (प्रधान, २०५६:१५९) । अरू सर्वसाधारणभन्दा शिवनारांको परिवार प्रजातन्त्रप्रति सचेत थियो भन्ने कुराको पुष्टि "धम्की देखाउने बानी हटाउनोस् राम बहादुरजी ! किसानका छोरामा जागृति आइसकेको छ । जमाना पहिचान्ने बुद्धिमानी गर्नुहोस्" (प्रधान, २०५६:१५८) भन्ने शिवनारांको वाक्यले गर्दछ । अनि उनका परिवारका अन्य सदस्य भाइहरू र श्रीमतीको विचार पनि नयाँ राजनीतिक प्रभावबाट प्रभावित भएको देख्न सकिन्छ । शिवनारानकी श्रीमती हाकुमायाले सुब्बाले नानीथकुं प्राप्त गर्ने अभिलाषा राखेर पढाएको नयाँ तान फर्काएर लान लाग्दा भनेको "जा, पच भयो तेरो तान...छुन जा त तान बाबुको विहे हेर्नुपर्ला ।" भन्ने वाक्यबाट विद्रोही भाव प्रस्तुत भएको छ । त्यसैले त्यस समयमा सामान्य नारीमा पनि स्वतन्त्रताको बोध भइसकेको देखिन्छ । प्रस्तुत उपन्यासमा डाक्टर गोदत्त प्रसादकी श्रीमती रञ्जनादेवी पनि पढेलेखेकै कारणले राजनीतिप्रति जागरूक देखाइएको छ । उनले शिवनारांका परिवार र आफ्ना श्रीमान्लाई समेत स्वतन्त्रताका विषयमा स्पस्ट तर्क राखिन् । यस उपन्यासभित्र नारीहरू पनि राजनीतिप्रति सचेत बन्दै गएको धारणा प्रस्तुत छ । अनि शिक्षित र अशिक्षित दुवै नारीहरू राजनीतिक विद्रोहप्रति सचेत रहेका देखिन्छन् । त्यसै गरी माइला तामाङले नेवार पर्वते एकै हुन् भने प्रजातन्त्रको नारालाई स्वीकार्दै आफ्नी छोरी पुतलीको विवाह नेवार जातिका हर्षनारांसँग गरिदिन्छन् जसले साम्प्रदायिक भावनाको अन्त्य गर्नुपर्ने प्रगतिशील धारणा व्यक्त भएको देखिन्छ ।

### ४.२.२ आर्थिक अवस्था

**एक चिहान** (२०१७) उपन्यास प्रगतिवादी सामाजिक उपन्यास हो । यस उपन्यासमा काठमाडौंको एउटा गाउँको ज्यापू परिवारको दुःखद र कारूणिक आर्थिक अवस्थामै कथावस्तुले फेरो मारेको छ । प्रजातन्त्रले केही किसानलाई चेतनशील बनाए पनि आर्थिक अवस्था भने ज्यादै कमजोर थियो । जमिनदारको हैकम कायम नै थियो । नेपाली जनतासँग खान पुग्ने आफ्नो जग्गा जमिन थिएन । अरूको जग्गा जमिन कमाएर जीविकोपार्जन गर्नु पर्दथ्यो । तिरो तिर्ने गरी आम्दानी निभएमा त्यसैले ऋणको भारी बोकाउँदथ्यो । उपन्यासको

सुरुआतमै यसो भनिएको छ - "सुँगुरले झैं मैले तिमीहरूलाई केवल जन्माए, तिमीहरूको गाँसबासको मैले केही बन्दोबस्त गर्न सकिनँ" यो अष्टनारांले परिवारलाई जीवनको अन्तिम अवस्थामा भनेको वाक्यले नै मिहिनेती किसानको आर्थिक अवस्था ज्यादै कमजोर रहने कुरा स्पष्ट पारेका छन् । सिङ्गो जीवनभर केही आर्थिक प्रगति नभएको विषम परिस्थितिबाट उपन्यासको प्रारम्भ भएको छ (प्रधान, २०५६:१) ।

जीवनभर इमानदार बनेर श्रम गरिरहने अष्टनारांलाई औषधी उपचार गर्ने पैसा छैन । गाँसबास नै राम्रो नभएपछि औषधी उपचारमा गरिएको खर्च पनि व्यर्थ ठानेका छन् । आफू मरेपछि कात्रोसम्मको पनि बन्दोबस्त नदेखेर दुई वर्षदेखि दुई चार पैसा नखाएर जम्मा गरेको २५ रूपैयाँ मोहोर छिडीको ढिकीनेर गाडिराखेको पैसाले काजकिरिया गर्नु, ऋण लिने काम नगर्नु भन्ने अष्टनारांको सल्लाहले पनि त्यस समयका किसानको आर्थिक स्थितिलाई छर्लङ्ग पारी दिन्छ । बाबुको उपचार गराउन तुयु गुभाजू, कविराज र डाक्टर गोदत्त प्रसादलाई गरी जम्मा रु.१५० खर्च गर्दा पनि ऊ रोग निको नभएर मर्दछ । समान्य रोगको पनि समयमै राम्रो उपचार नभएर गरिब किसान मर्नु पर्दछ । अन्त्येष्टिका लागि जम्मा पारिएको रकम पनि उपचारमै खर्च भएपछि फेरि ऋण लिन डाक्टरकहाँ पुग्दछन् । यसले ज्यापू किसान परिवारको आर्थिक अवस्था ज्यादै दयनीय रहेको देखिन्छ (प्रधान, २०५६:३) ।

लामो समय राणा शासनको मारमा परेका नेपाली किसानहरूको घरमा अर्को कपडा बुन्ने पेसा पनि छ । घरका केटाकेटी, बुढा बुढी, जवान सबै काममा खटिएका छन् तैपनि उनीहरूको आर्थिक अवस्थामा सुधार भएको पाइँदैन । अष्टनारांको पूरै परिवार श्रम गरिरहेका छन् । तर गाँसबासको राम्रो व्यवस्था गर्न सकेको छैन । हर्षनारां घर बनाउने सिकर्मी-डकर्मी भए पनि घरको छाना फेर्नु नसकेको कुरा उपन्यासमा उल्लिखित छ । शिवनारांका पूरै परिवार चौबीसै घण्टा खेतमा काम गरेर बसे पनि छोरा छोरीलाई पेटभरि खुवाउँला भन्ने आश्वासनमा काम लगाइरहेको देख्न सकिन्छ । आफ्नो घरमा मीठो मसिनो खाना नभई गहुँ, कोदो, मकैबाट बनेका सुख्खा खानेकुराले दिक्क भएका स-साना कलिला बालबालिकालाई गरिबीकै कारणले पढ्न नपठाएर खेतीमै काम लगाउनु पर्ने बाध्यात्मक अवस्था ज्यापू परिवारमा छ ।

विपन्नताले भरिएको आफ्नो जीवनमा राहत ल्याउन रातदिन निरन्तर खटेर शिवनारांले सबैको भन्दा अगाडि रोपाइँ गरेर सिध्याएका थिए । अघिल्लो सालको कुत पनि

तिर्ने र आनन्दले खाने अभिलासाले राती पनि निद्राबाट ब्युँझीकन बाली नियालिरहन्थे । पानी, गोडमेल मिलेकाले बाली राम्रो सप्रिरहेको थियो । जसले गर्दा शिवनारांका मनमा अनेक इच्छा आकाङ्क्षा बढ्दै गएका थिए । एउटा घाँस कतै उम्रन पायो भने एक केडा अन्न घटाउँछ भन्दै पानी परिरहँदा घुमको अभावमा भिजे पनि लगौटी एउटा त भिज्ला भन्दै झार झिकिरहेका छन् । अनि  छोरीले भात खाने रहर र छोराले तल्सिङका कूत तिर्न जाँदा तल्सिङका छोराको एउटा जडाउरी लुगा मागेर ल्याई दिन शिवनारानका सन्तानले गरेको अनुरोधले उनीहरूको आर्थिक अवस्था ज्यादै नाजुक रहेको ऐनामा झैं छर्लङ्ग देखिन्छ (प्रधान, २०५६:२२८) ।

वर्षभरि दश नङ्ग्रा घोट्दा पनि एक पेट खान र एकसरो आङ ढाक्न नसक्ने स्थितिले किसान पिरोलिएका थिए । घरमा नबसी खेती नजिकै गोठमा बसेर चौबिसै घण्टा बाली नालीको रेखदेख गरिरहँदा पनि नसुध्रिएको आर्थिक अवस्थालाई उपन्यासमा देखाइएको छ । प्रस्तुत उपन्यासमा काठमाडौंका नेपाली किसानको रहनसहन, निम्न वर्गीय समाजको चित्रण पाइन्छ । विकराल आर्थिक स्थितिका चेपुवामा परेका इमान्दार परिश्रमी पात्रहरू र त्यसै अनुरूपको संस्कार, भेषभूषा, भाषिक प्रयोग रहनसहन आदिको चित्रणले उपन्यासलाई स्वाभाविकता प्रदान गरेका छन् ।

आफ्ना बाबु बिरामी पर्दा उपचारको लागि ऋण गर्नुपर्ने, मर्दा अन्तेष्टिका लागि ऋण नै गर्नुपर्ने, चुहिएको छानो टाल्न नसक्ने अनि पेटभरि खान नसक्ने कष्टैकष्टको जीवन जिउँदा जिउँदै प्राकृतिक प्रकोपका कारण शिवनारांको सम्पूर्ण परिवारको एकै चिहान हुन्छ । यदि उक्त आर्थिक समस्या समयमै समाधान भएको भए सो परिवारले अकालमै ज्यान गुमाउनु पर्ने थिएन । विभिन्न प्रकृतिका कार्यहरू गर्दा पनि पेट पूजामा व्यस्त रहनु पर्ने अनि त्यो पनि पूर्ण रूपमा सक्षम नहुनु भनेको किसानको घरमा अभावै अभाव छ भन्ने कुरा उपन्यासले देखाउन खोजेको छ ।

त्यस समय नेपालका अधिकांश जनता कृषिमा आश्रित हुनु पर्थ्यो । काठमाडौंका ज्यापूको पनि जीवन कृषिमै आश्रित थियो । वैज्ञानिक किसिमको मल, बीउ र आधुनिक तरिकाले खेती गर्ने कुनै प्रविधि प्रयोग भएको थिएन जसका कारण परिश्रम धेरै र फल थोरै प्राप्त हुन्थ्यो । अनि मानिसहरूलाई वर्ष दिन धान्न पनि धौ धौ पर्थ्यो । धान रोप्दादेखि नै भातै खाने रहर पालिरहनु पर्दथ्यो भन्ने विषयलाई यस उपन्यासमा समेटिएको छ । यसै

सन्दर्भमा उपन्यामास भनिएका छ - “बा यसपालि धान काटेपछि हामीले सधैँ दुई छाक भात खान पाउनेछौं ? मलाई त कोदो, गहुँ, मकैको रोटी, उसिनेको आलु त खान मन लागेन, बा । दालतरकारी हालेर सुरू-सुरू भात मात्रै खान मन लागिरहेको छ (पृ.२२९) ।

पढ्ने लेख्ने अवसर नपाएका किसान परिवारका व्यक्तिलाई उपन्यासमा बढो बुद्धिमान् पात्रका रूपमा उल्लेख गरिएको छ । गरिब भए पनि आफ्नो गच्छे अनुसार काम गर्ने नेवारी परिवार मात्र नभई तामाङ पनि देखिन्छ । महिला तामाङले आफ्नो क्षमता अनुसारको हर्षनारांलाई राम्रो स्वागत सत्कार गर्दै छोरी पुतलीलाई एकजोर नयाँ लुगा किनी दिएर साथमा डोको, नाम्लो र हँसिया उपहार दिएर बिदाई गर्छन् (पृ.१८९-९१) । अनि नानीथकुंको विहेमा शिवनारांहरूले रामखेलावन राउत तराईबासीसँग अन्तर्जातीय विवाह गरिदिएर साथमा कुटो, कोदालो, हँसिया, चर्खा, खर्पन, खुकुरी, भादगाउँले टोपी र नेपालीको चित्र पठाउँदछन् जसले सामान्य आर्थिक अवस्था भएको परिवार आफ्नो आर्थिक क्षमता अनुसार कर्म गर्न सक्षम देखिन्छन् ।

उपन्यासमा हाकुमायालाई पनि चलाख पात्रका रूपमा प्रस्तुत गरिएको पाइन्छ । किसानको जति बाली राम्रो भए पनि आर्थिक पक्ष कहिल्यै नसुध्रिएको कुरा देखाउन खोजिएको देखिन्छ । कुनै राम्रो दरबार किसानको पहुँचमा बन्न नसकेको कुरा उल्लेख छ । गरिबीका कारणले मर्मत समेत गर्न नपाएको घर तीन दिनको वर्षातलाई थेग्न नसक्दा भत्किएर घरमा सुतेका सबै परिवारको मृत्यु हुन्छ अनि खेत गोठ बाढीले बगाउँदा चारजना परिवार बाढीसँगै बग्न पुग्दछन् र उनीहरूको लास क्वेनामा भेटिन्छन् तर लाश बुझ्ने कोही हुँदैन (पृ.२२८-२३२ ) । यसै सन्दर्भमा उपन्यासमा भनिएको छ - शिवनारां, हाकुमाया र दुई बालकबालिका यी चार लासको कोही हकवाला निस्केनन् । यी चार लाशहरू बेवारिसे भई त्यसै पल्टिरहेका छन् । यी विचरा लासहरूका हकवाला नै सिद्धिसके, कसले तिनलाई खोज्न आउला ? यी लाशहरूका हकवाला पुननारां हर्षनारां, लतमाया, सिन्तली, पुतली सबका सबले संसार छाडिसकेका थिए (पृ.२३२) । गरिबीका कारणले साहूसँग ऋण लिन बाध्य भएका गरिब निम्न वर्गीय किसानहरू पुस्तौंपुस्तादेखि जमिनदारहरूको शिकार बन्दै आएका छन् । मृत्युको अन्तिम अवस्थामा पनि ऋणको चिन्ताले पिरोलिँदै मर्नु परेको किसानको बाध्यात्मक स्थिति **एक चिहान** उपन्यासमार्फत प्रधानले प्रस्तुत गरेका छन् ।

परिच्छेद : पाँच

# एक चिहान उपन्यासमा जाती

## ५.१ एक चिहान उपन्यासमा जातिको प्रभाव

टेनका नियामक तत्त्वमध्ये जाति एक हो । टेनका अनुसार समाज शास्त्रीय अध्ययनमा जाति, युग र क्षणको अध्ययन गरिन्छ । व्यक्तिका वंशाणुगत विशेषता, मानसिक बनावट जस्ता पक्ष प्रजाति  अन्तर्गत पर्छन् (पाण्डेय, १९८९:१२४) । व्यक्तिका वंशाणुगत विशेषताले उसका वंश परम्पराबाट आर्जित विशेषतालाई बुझाउँछ । मानसिक बनावटले भने ऐतिहासिक तथा तत्कालीन सामाजिक वस्तुस्थितिसँग पनि सम्बन्ध राख्छ । साहित्य शून्यमा सृजना नभई यस समाजबाट नै उत्पादन हुने भएकाले यसमा वंश परम्पराको महत्त्वपूर्ण हात रहेको हुन्छ । लेखकका मानसिक संरचनाले समाजका इतिहासदेखि लिएर तत्कालीन समाजमा रहेको वस्तुस्थितिसँग पनि सम्बन्ध कायम राख्ने गर्दछ । **एक चिहान** उपन्याकारले आफ्नो जातिका पात्र धेरै र आसपास भएका ब्राह्मण, तामाङ, मधेसी पात्रहरुलाई पनि महत्वपूर्ण स्थान दिएका छन् ।

अतः **एक चिहान** (२०१७) उपन्यास राणा शासनको अन्त्य र प्रजातन्त्रको बिजारोपण भएको समयमा रचना गरिएको सामाजिक यथार्थवादी उपन्यास हो । अष्टनारांलाई औषधी गराउँदा तिन-तिनवटा डाक्टर देखाउन पुग्ने १५० रुपैयाले, सुब्बाले शासन गरेको अवशेषले, नारी शिक्षाको व्यवस्था नेपालमा नभएको र नेपालमा भूमिसुधारको कार्यक्रम लागु नभएको विषयले यो उपन्यको क्षण तथा युग वि.स. २०१० आसपासको मान्न सकिन्छ ।

### ५.१.१ वंशानुगत विशेषताको प्रभाव

प्रस्तुत **एक चिहान** उपन्यासमा वंशाणुगत विशेषताको प्रभाव पाउन सकिन्छ । मुख्य पात्र शिवनारां रहेको उपन्यासमा ऊ अष्टनारांको जेठो छोराका रूपमा चिनिन्छ । अष्टनारांको घर काठमाडौंको विष्णुमती नजिकै ज्यापू नेवारी जातिका  मानिसको बसोबास रहेको हुनाले अष्टनारांको परिवार पनि नेवारी जातिको प्रतिनिधित्व गर्ने परिवार हो । उपन्यासकार प्रधान पनि काठमाडौंको मरूहिटी ढोकाटोलका नेवार भएकाले उपन्यासको मुख्य पात्र चयनमा स्वजातीय प्रभाव परेको देखिन्छ । नेवारहरूको मूल थलो काठमाडौं

उपत्यका हो । नेवारी किसानहरू मिहिनेती, परिश्रमी र इमान्दार हुन्छन् । अरूभन्दा सोझा, सरल निष्कपट र छक्कापञ्जा नजान्ने हुन्छन् । शिवनारां र उनको परिवार यस्तै स्वभावका छन् । उनीहरूमा कतै छलकपट छैन र उनीहरूमा अनाचार पनि छैन अनि सामन्तीहरूको जस्तो छक्कापञ्जा वा शोषणको जाल पनि छैन ।

किसान नेवारी जाति स्वाभाविक रूपमा सरल र निष्कपट हुन्छन् तर उनीहरू आफ्नो मनमा सामान्य चोट पर्दा भने रिसको आवेगलाई थाम्न सक्दैनन् । डाक्टर र नानीथकुंका बारेमा कुरा गर्दा शिवनारां पीडित हुन्छन् र घरमा पनि डाक्टर देख्दा आमा र बहिनीसँग क्रोध व्यक्त गर्दै रिसाउँदछन् । उपन्यासकारले उपन्यासको स्वाभाविक आक्रोशलाई यसरी चित्रण गरेका छन् - शिवनारान रिसले चुर भएर घरका सबै सदस्यसँग राता-राता आँखामा कराउँदै नानीथकुंलाई कराएर भने - "हेर नानीथकुं ! म साफ भनिदिन्छु डाक्टरसित तिमीले कुराकानी गरी उनलाई आवतजावत गर्ने मौका दिइरह्यौ भने म ठीक मान्नेछैनँ । उसको पनि खुट्टा नभाँचीकन छोड्दिन" (पृ.९१) ।

उपन्यासमा पात्रहरूका पहिलेदेखि चलि आएको परम्परा मान्नै पर्छ भन्ने वंशाणुगत प्रभाव परेको कुरा बाबुको अन्त्येष्टिका लागि ऋण गरेर भए पनि नयाँ कात्रो किन्ने चिन्तामा डुबेको र अन्त्यमा जसरी पनि त्यो कार्य पूर्ण गरेकोबाट स्पष्ट हुन्छ । नत्र शिवनारांको जातिमा 'देव' नामको एउटै कात्रोबाट सारा गुठियारहरू मर्दा काम चलाइन्थ्यो । यो कुरा प्रगतिशील अष्टनारांलाई मन परेको थिएन किनकी उनको विचारमा सङ्क्रमक रोगबाट मर्ने रोगीको रोग सर्ने देखेर उनले त्यो प्रथाको विरोध गरेका थिए । आफ्ना बाबुको यो विचारबाट प्रभावित शिवनारांको परिवारले केही ढिला गरेर भएपनि बाबुको विचारलाई लत्याएनन् यसले चाहिँ उनीहरूमा वंशानुगत प्रभाव राम्रो परेको देख्न सकिन्छ । यस सन्दर्भमा उपन्यासमा भनिएका छ - कात्रो किन नसकेर त्यही प्रथा अपनाउनु परे बेइज्जतको साथसाथै बाबुको छातीमा लात हान्नु जत्तिकै पाप हुने लौ पच्चिस रुपियाँ डाक्टरसित सापट लिऔं (पृ.३७) । सही परिवर्तन चाहने नेवारी किसान परिवारले बडोकस्टसँग ऋण लिएर आफ्ना बाबुको मनोभावना बचाउन काम गरेबाट र वंशाणुगत प्रभाव राम्रो परेको देख्न सकिन्छ । साथै पितृशोकमा पीडित भएका शिवनारांका सबै परिवार दुई दिनसम्म केही काम नगरी बसेर तेस्रो दिनदेखि आ-आफ्नो काममा लाग्नुले पनि वंशानुगत प्रभाव सन्तानमा रहेको देखिन्छ ।

उपन्यासमा प्रयोग भएका नारी पात्रहरू धेरै जसो नेवार जातिका छन् । उनीहरूमा आफ्नो जातिको प्रभाव राम्रो छ । पाटनकी हाकुमायामा पनि परिवर्तनको स्पष्ट प्रभाव परेको देखिन्छ । ऊ काम मात्र सबै कुरा होइन हाँसो ठट्टा गर्न पनि रूचाउने र परेको बेलामा बोलीले ठिक्क पार्न सिपालु नेवारी समुदायकी प्रतिनिधि पात्र हो । उसले छरछिमेकसँग पनि राम्रो सम्बन्ध राख्दै परिवारलाई विभिन्न भावी घटनाको बारेमा स्पष्ट कुरा राखेकी छ अनि राम बहादुरलाई तान लिन लाग्दा सित्तैमा ल्याई दिएकाले पच भयो समेत भनेर थर्काउँदछे । नयाँ तानको प्रलोभनमा पारेर नानीथकुं हात पार्न चाहने सुब्बाको कुरा थाहा पाए पछि शिवनारानले राम बहादुरलाई हात हाल्दा सहयोग गर्दै भनिएको छ - “दियो लियौं, फेरि फर्काइरहने मूर्खता किन ? जा पच भयो तेरो तान नालिस गर्न जा ।”

यस भनाइले नव नारीहरूमा परिवर्तनको छाप परेको छ । उनीहरू डराएर भाग्ने होइन की लड्न तम्सिएका छन् तर लतमायाले डराएर छोरा बुहारीलाई भावी परिणाम खतरनाक हुन्छ भनेबाट लतमायामा भविष्यप्रति चिन्तित रहने स्वभाव देख्न सकिन्छ ।

अष्टनारांको बाबु बाजेको पालादेखि नै खेती किसानी पेसा अपनाएको छ । त्यो पेसाबाट मनग्गे फाइदा नभई दुःखसँग जीवन चलेको छ । किसान परिवारलाई ऋण नगरी सुखै छैन । ऋण गर्दा तिर्न नसकेर पैतृक सम्पत्ति बेच्नु परेको छ । बाजेको पालाको १२ रोपनी बाध्यताले बेच्दा-बेच्दा नाति पनातिको पालामा ३ रोपनी बनेको छ । किसान पेसाबाट उन्नति प्रगति नभए पनि आफ्नो बाबु बाजेको बिडो सन्तानले थामिरहेका छन् । अष्टनारां खेतमा काम नगरी बस्नु महा पाप सम्भन्छन् ठीक त्यस्तै उनका छोरा शिवनारांमा पनि सोही स्वभाव छ । यस विषयले पनि सन्ततिमा वंशाणुगत प्रभाव परेको देखिन्छ ।

उपन्यासमा नेवार जातिको परिवारको सजिव चित्र उतारिएको छ । नेवार परिवारमा सबै सदस्यहरूले आ-आफ्नो काम गर्ने र संयुक्त खाना खाई मिलेर बस्दछन् । एक अर्कोमा आदर र प्रेमको सद्भाव राख्दछन् । प्रस्तुत उपन्यासमा पनि शिवनारांको ठुलो परिवारसँगै बसेको छ । एक अर्कोमा राम्रो मेलमिलाप छ । शिवनाराको परिवारमा विवाह पछि भिन्नै बस्नु पर्ने चलन छैन । परिवारका सबैले स्वतन्त्र भएर काम गरको छन् । सबै परिवारका सदस्य मिलेर बसेका छन् । सबै सदस्यले आफ्नो-आफ्नो काम इमान्दारीका साथ गरिरहेका छन् । उपन्यासमा बाबुबाजेको पालादेखि सबै परिवारका सदस्य मिलेर बस्ने परम्परलाई

शिवनारांको परिवारले स्वीकारेको छ । यसले पनि वंशाणुगत मूल्यमान्यताको प्रभाव परेको देखाउँदछ ।

नेवार जाति स्वाभाविक रूपमा सरल, सिधा र निष्कपट हुन्छन् तर उनीहरू आफ्नो मनमा सामान्य चोट पर्दा भने रिसको आवेगलाई थाम्न सक्दैनन् । **एक चिहान** उपन्यासका प्रमुख पात्र शिवनारां बढो ज्ञानी, सज्जन, मिलनसार, मिहिनेती र इमान्दार किसान हुन् । शिवनारां परिवारका जेठोबाठो बुद्धिमान व्यक्ति हुन् । शिवनारां अन्याय सहन सक्दैनन् । शिवनारांले आफ्नी श्रीमतीबाट नानीथकुं र डाक्टर गोदत्तको चर्तिकला थाहा पाउँदा रिसको आक्रोशलाई थाम्न सक्दैनन् । उपन्यासकारले शिवनारांको सो आक्रोसलाई यसरी चित्रण गरको छन् - शिवनारां रिसले अग्निशर्मा भएर आमालाई भन्दछन् - “बोलाउनुहोस्, त्यस नकचरीलाई आज पूजा नगरी छाड्दिन” (पृ.१३ ९) । त्यसैगरी राम बहादुरले बुढो सुरमान सुब्बाका लागि बहिनी माग्दा रिसले आगो भई दुवै हातले राम बहादुरको गर्दन डयाच्च समाउँदै भन्दछन् - “भन साले ! अब के चाहन्छस् तँ ?” (पृ.१५ ९) । राति बाली नाली नोक्सान पार्ने छाडा वस्तु भाउलाई देखेर रिसले चुरचुर हुँदै पिट्दै भन्दछन् “ के को गोमाता ! ...नमारी छाड्दिनँ म यसलाई (पृ.२१२) ।” त्यसैगरी नानीथकुंलाई भगाएर बेहोस बनाई गर्भिणी बनाउने डाक्टरदेखि रिसले चूर भएर दाँत करकर गर्दै भन्छन् - “डाकु डाक्टर ! हामी तिम्रो जिन्दगीको खेल खत्तम गर्ने कालहरू हौँ” (पृ.२१२) अनि ढोका नै फोरिदिन्छन् ।

**एक चिहान** उपन्यासका पात्रहरूमा पहिलादेखि चलि आएको परम्परा पूर्ण रूपमा हट्न सकेको छैन । प्रस्तुत उपन्यासमा नारीलाई स्वतन्त्रतापूर्वक प्रेम विहे गर्ने अवसर दिइएको छ । धेरै व्यक्ति जन्त जाने र ठुलो भोज गर्ने संस्कारमा परिवर्तन गरिएको छ । अन्तर्जातीय विवाह गराई नेवार पर्वते एक बनाइएको छ अनि विवाहमा आवश्यक खर्च मात्र गरिएको तर परम्परादेखि चलि आएको दाइजो दिने प्रथा भने पूर्ण रूपमा नहटेको देखिन्छ । किनकी उपन्यासमा माइला तामाङले छोरीलाई डोको, नाम्लो र हँसिया दिनु अनि शिवनारांले नानीथकुंलाई कुटो, कोदालो, हँसिया, खर्पन, खुकुरी, भादगाउँले टोपी र नेपालको एउटा नक्सा दिनुले भने दाइजो प्रथालाई अनुशरण गरेको छ । त्यसैगरी हर्षनारां र पुतली भित्र्याएपछि सानो भोजपछि नाचगान गर्नु पनि वंशाणुगत प्रभाव नै हो । यसै सन्दर्भमा उपन्यासकारले भनेका छन् - भातको सट्टा चिउरा, अलिकति मासु, तीन-तीन थोक तरकारीहरू अनि केही मात्रामा जाँड रक्सी राखेर हाँस्दै-नाच्दै राति अवेरसम्म भोज गरिएको

थियो (पृ.१९२) । खुसीको दिनमा मीठो खाने र रमाइलो गर्ने परम्परा पनि यथावत रहिरहेको पाइन्छ ।

विवाह गरेर ल्याइएको नव दुलहीसँग परिचय गर्ने, मुख हेर्ने, आशीर्वाद दिने प्रचलन नेपाली जातिका मानिसहरूमा पाइन्छ । प्रस्तुत उपन्यामसा पनि नवदुलही पुतलीका विषयमा कुरा काट्नेदेखि आशीर्वाद दिने, परिचय गराउने कार्य भएको छ यो नेवार जातिको वंशाणुगत विशेषता र परम्परा नै हो ।

नेपाली जातिका मानिसहरू आफन्त विरामी पर्दा मर्दापर्दा अत्यन्त सहयोगी कर्म र भावना प्रस्तुत गर्छन् । उपन्यासमा अष्टनारां बिरामी हुँदा परिवारका सबै सदस्यले असाध्यै सेवा गरेका छन् । नानीथकुंले बाबु बिरामी हुँदा गोडा मिचेको, छोराहरूले बिरामी बाबुको उपचार गर्न बोकेर लाने ल्याउने गरेको अनि मृत्युपछि टोलछिमेकीले सहयोग गरेको सबै परम्परागत मूल्यमान्यतालाई स्वीकार गरेको कार्य हो । यसले आफ्नो संस्कारलाई भुल्न नसकिने कुरा देखाउँछ ।

उपन्यासमा प्रयुक्त अधिक पात्रहरू नेवार जातिका छन् । उपन्यासको सुरुदेखि अन्त्यसम्मको कथावस्तु अष्टनारांको नेवारी परिवारमा सीमित छ । यो विचारप्रधान उपन्यास हो । यसमा वर्ग चरित्रताहरूको प्रधानता पाइन्छ । प्रस्तुत उपन्यासमा पात्रहरूले वंश परम्पराबाट आर्जित मान्यतामा उचित परिवर्तनको चाहना राखेका छन् तर पूर्ण रूपमा अनादर गर्न सकेको छैन । उपन्यासकारले यस उपन्यासमा समाजमा रहेका रूढिवादी परम्पराको विरोध गरेको पाइन्छ ।

यसरी उपन्यासमा प्रयोग भएका केही पात्रले आफ्नो वंश परम्परालाई यथावत राख्न चाहेका छन् भने धेरै पात्रहरूले साम्प्रदायिक भावनाको अन्त्य गरी एउटा छुट्टै सुधारिएको र प्रगतिशील समाजको स्थापना गर्न खोजेका छन् । उपन्यासकार नेवार समुदायको व्यक्ति भएका कारण **एक चिहान**मा नेवारी वंश परम्परालाई छर्लङ्ग प्रस्तुत गर्न सफल भएको पाइन्छ ।

## ५.१.२ मानसिक संरचनाको प्रभाव

हृदयचन्द्रसिंह प्रधानको मानसिक संरचना जातीय चरित्र, काठमाडौंको तत्कालीन किसानको सामाजिक परिवेश र उनको स्वाध्ययनबाट निर्मित छ । काठमाडौंमा जन्मेर त्यहींको हावापानीमा हुर्केर बढेका प्रधान पनि अन्य किसान परिवारका सदस्य झैं एक परिवारका पुत्र हुन् । त्यसैले उनले **एक चिहान**मा किसानहरूको गतिविधिलाई महत्त्व दिएका छन् ।

तत्कालीन नेपालमा खासगरी किसानहरूमा चर्को सामाजिक असमानता, आर्थिक विषमता, राजनीतिक अस्थिरताका कारणले रातोदिन परिश्रम गर्दा पनि पेटभरि खान धौ-धौ थियो । जग्गा जमिनमा स्वामित्व विस्तारै किसानको घट्दै थियो । आर्थिक अभावका कारण पुर्खौली सम्पत्ति बेच्न विवश थिए । किसान पेसा भएकाहरूले अरूको जग्गा जमिनमा तिरो तिर्ने गरी खेतीपाती गर्नु पर्दथ्यो । प्राकृतिक सङ्कट खडा हुँदा आफ्नो भएको जग्गा समेत जमिनदारको हातमा पुग्दथ्यो । यस्तै कारूणिक व्यथा **एक चिहान**मा पाइन्छ । अष्टनारांले आफू बिरामी हुँदा छोराहरूलाई अन्तिममा भने "ऋण लिने काम एउटा कहिल्यै नगर । यो मेरो तिमीहरूलाई आखिरी अर्ती हो । मलाई याद छ, बाजेको पालामा हाम्रो जम्मा १२ रोपनी खेत थियो । बाको पालमा ६ रोपनी भयो । मेरो पालमा ३ रोपनी हुन आइसक्यो । ऋण लिने काम गरेपछि त्यो पनि खतम हुन आउँछ ।" यस भनाइबाट पनि प्रष्ट हुन्छ कि किसान परिवारमा आर्थिक सङ्कट ठुलो छ । त्यसलाई टार्न बाध्यतावश पुर्खौली सम्पात्ति बेच्नु पर्दछ । आर्थिक सङ्कट प्रधानका जीवनमा पनि परिरहेका हुन्छन् । उनी सानै उमेरदेखि दमको रोगबाट पीडित थिए । वि.सं.२००७ सालको प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएको आरोपमा दुई महिनाभन्दा बढी जेल सजाय हुँदा जेलमा नै उनलाई टि.बी. रोगले सतायो र उपचार गराउन टोखा अस्पतालमा भर्ना गरिए पनि रोग निको नभए पछि भारतको मद्रास स्यानिटोरियममा दश महिनाको उपचारपछि ७ वटा करङ कटाएर टि.बी. रोगबाट मुक्त भई घर फर्किए । तर केही समयपछि पुनः टि.बी. रोगले आक्रमण गरेकाले तत्कालीन भारतका राजदूत श्री भगवान् सहायले उनलाई उपचार गराउन भोपाल पठाए । भोपालमा करिब अढाई वर्ष भोपाल स्यानिटोरियममा उपचार गराएर आफ्नो घर फर्किए । पछि आर्थिक समस्याका कारणले डाक्टरको सर्टिफिकेट अनुसारको औषधी, खुराक र आराम

नपाएर भोपालबाट फर्किएको करिब ९ महिनापछि ४४ वर्षको उमेरमा उनको निधन भयो (क्षत्री, २०५८:१४) ।

हृदयचन्द्रसिंह प्रधानको जीवनमा उपचार खर्च ज्यादै लागेको जसले घरको आर्थिक अवस्था झन-झन कठिन बन्दै गएको थियो । उनको **एक चिहान** उपन्यासमा पनि आफूले देखेको भोगेका जीवनचित्र पाइन्छ । गरिबलाई रोग लागेपछि उपचार गराउन लाग्दा झनै आर्थिक सङ्कट पर्दछ । **एक चिहान**मा रु १५०।- खर्च गरेर अष्टनारांको उपचार गराउँदा उनको मृत्यु संस्कार गराउन फेरि ऋण लिनु पर्ने बाध्यता सिर्जना हुन्छ जसले गरिबीको खाडल बढ्न पुग्दछ । यसरी उपन्यासकारको व्यक्तिगत जीवन र अष्टनारांको जीवनका आर्थिक समस्याहरू समान देख्न सकिन्छ ।

नेपाली साहित्य क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका प्रधानको **एक चिहान** उपन्यासमा आफूले देखेको भोगेको जीवनचित्र पाइन्छ । प्रस्तुत उपन्यासमा समाजका उच्च वर्गीय व्यक्तिहरूले दिएको अन्याय, अत्याचार, शोषणलाई विरोध गर्ने उपदेश छ अनि समाजमा रहेका अन्धपरम्परा कुरीति र कुसंस्कारको विरोध गर्ने सन्देश छ साथै उच्च वर्गीय व्यक्तिहरूले नारीमाथि राख्ने गरेको दृष्टि देखाइएको छ अनि त्यसको विरूद्ध नारीले नै आफ्नो मूल्य कायम राख्न सजक बन्नु पर्ने कुरा प्रस्तुत गरिएको छ । समाजमा रहेका शोषकहरूको अन्याय र अत्याचारलाई प्रतिकार गर्नुपर्छ भन्ने विचार भएका गरिब ज्यापू किसान परिवारको गरिबीकै कारण घर पनि मर्मत गर्न नपाउँदा प्राकृतिक प्रकोपमा परेर दु:खद् अन्त्य हुन्छ र उपन्यासको कथा पनि त्यहीँ समाप्त हुन्छ । यस्ता विविध घटनाहरूको सँगालो स्वरूप उपन्यास सिर्जना गर्नु लेखकको कला कौशल मानिन्छ र उनमा परेको प्रत्यक्ष प्रभाव पनि हो भन्न सकिन्छ ।

यसरी उपन्यासकार प्रधानको मानसिक संरचनाको निर्माण नेपाली जातिको निम्न वर्गीय किसान परिवार, काठमाडौंको विष्णुमती किनार नजिकैको स्थानीय वातावरण र प्रधानको अध्ययनबाट भएको देखा पर्छ । लेखक समाजबाट नै कच्चा पदार्थ निर्माण गर्छन् र त्यहीबाट सामग्रीको निर्माण गर्छन् । उनको मानसिक संरचनाको निर्माण हुन्छ अनि त्यसै विषयवस्तु कृतिमा अभिव्यक्त हुन्छ भन्ने मान्यता प्रधानमा पनि रहेको निष्कर्ष निस्कन्छ ।

परिच्छेद : छ

# एक चिहान उपन्यासमा परिवेश

## ६.१ 'एक चिहान' उपन्यासमा परिवेशको प्रभाव

परिवेशको प्रभाव परेको **एक चिहान** उपन्यास आलोचनात्मक यथार्थवादी उपन्यास हो । समाजको वास्तविक चित्र उतार्नमा परिवेशको प्रभाव परेको हुन्छ । परिवेश अन्तर्गत भौगोलिक परिवेश र सामाजिक परिवेश पर्दछन् । कृतिमा भौगोलिक परिवेश र सामाजिक परिवेशले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

### ६.१.१ भौगोलिक परिवेश

**एक चिहान** उपन्यासमा भौगोलिक परिवेशको यथार्थ प्रस्तुति पाइन्छ । परिवेश भन्ने बित्तिकै वरिपरिको वातावरण भन्ने बुझिन्छ । **एक चिहान** उपन्यास काठमाडौंको भौगोलिक परिवेशको सेरोफेरोमा नै आधारित छ । प्रस्तुत उपन्यासमा काठमाडौं उपत्यकाको कुरिया गाउँको एउटा गाउँले परिवेशलाई लिएर निम्न वर्गीय किसान समाजको वर्णन गरिएको छ । अष्टनारां बिरामी परेको अवस्थाबाट सुरु भएको प्रस्तुत उपन्यास उनको मृत्युको घटना, गोदत्त प्रसाद र नानीथकुंको प्रेम प्रसङ्ग र नानीथकुंलाई झुक्याएर कालिका स्थानमा लगेर लुकाएको र पछि पत्ता लागेको सन्दर्भ, नानीथकुं गर्भवती भएकी र उसलाई रामखेलावनले बिहे गरेको, सुरमानले नानीथकुं हात पार्न षड्यन्त्र गरेको, शिवनारांको सुरमान र राम बहादुरसँग भएको भनाभन र कुटाकुटको घटना, लगातार वर्षाद्को कारणले भलवाढी आउँदा घरगोठ बगाएर लैजाँदा परिवारका सबै सदस्यहरूको सामूहिक मृत्यु भएको करिब एक वर्षसम्मको घटनाको घेराभित्र समेटिएको देखिन्छ ।

प्रधानका पुर्खा काठमाडौंको विष्णुमती खोला नजिकैको जमिनमा खेती किसान गरेर बसेका थिए । प्रधानको परिवार सुख दुःख गरी परिवार पालेको एक निम्नवर्गीय किसान परिवार हो । किसानहरूसँग खेती गर्ने प्रशस्त जग्गा छैन त्यसकारण उनीहरूले जमिनदारको जग्गा कुत तिर्ने गरी लिएर खेतीपाती गर्दथे । उपन्यासको सुरुमा नै अष्टनारांले आफ्ना छोराहरूलाई आफूलाई बिरामी कुरेर नबसी खेतीपातीको रेखदेख गर्न उपन्यासमा यसरी अह्राउँदछ - "किसानका छोराले आफ्ना खेतमा खेल्न पाएन भने ऊ जिउँदै सुँगर हुन

जान्छ (प्रधान, २०५२:२१) । यस्तै मूल्य मान्यता लिएर निरन्तर कर्म गर्ने किसानको घरमा राम्रोसँग चुलो रमाउँदैन तर अरूको जीवन बचाउनमा ठुलो योगदान रहेको हुन्छ ।

प्रस्तुत **एक चिहान** उपन्यास उपत्यकाको परिवेश काठमाडौं जिल्ला भित्रको सहरको छेउको गाउँको एउटा गरिब किसान परिवारको परिवेशलाई आधार बनाइ तयार भएको देखिन्छ । गरिब किसान अष्टनारां साधारण रोगले दुई महिना थलिन्छन् । उनलाई बिरामी निको पार्न एक महिनासम्म आफ्नै टोलका गुभाजूलाई देखाउँदछन् । जसले छरछिमेकी र टोलियाको माझमा किसान परिवारको बसाइँ देखाउँदछ । गुभाजूबाट अष्टनारांको रोग उन्नाइसको बीस नभएपछि असनका तुयू गुभाजुलाई एक्काइस दिनसम्म देखाउँदछन् । तुयू गुभाजू टाढा भएकोले अष्टनारांका तीन छोराहरूले पालैपालो गरेर घण्टौं कुरेर बिरामी देखाउँदथे तर त्यहाँ पनि रोग निको हुँदैन । फेरि माहिला कविराजलाई दिनको दुई रुपियाँ फिस दिएर एक हप्ता देखाए तर व्यथा बढ्दै गयो । अष्टनारांका छोराहरूले ऋण भए पनि बाबुको उपचार गराएका थिए । भाकल, पूजा, पन्छाउने इत्यादि काम, औषधीमूलो र फिस इत्यादि गर्दा सय रूपैयाँ जति खर्च भइसकेको थियो (प्रधान, २०५६:५) । अन्त्यमा अष्टनारांले अन्त्येष्टि क्रियाको लागि जम्मा पारेर राखेको ढिकीनेर गाढेको पैसाले डाक्टरलाई देखाउँदछन् तर रोग निको नभई अष्टनारांको मृत्यु हुन्छ । यस प्रसङ्गले त्यस बेलाको काठमाडौंको भौगोलिक परिवेश र बसाइँ वातावरण पातलो र पुरानो ढिकी जाँतोको चलन भएको कुरा स्पष्ट हुन्छ ।

किसान परिवार गरिब भएकाले उनीहरूसँग जग्गाको स्वामित्त्व कम भएको कुरा उपन्यासमा देख्न सकिन्छ । जमिनदारको जमिन कमाएर जीविकोपार्जन गर्ने किसानको चलनले त्यस समय काठमाडौंमा खेती गर्ने जमिन भएको भौगोलिक परिवेश देख्न सकिन्छ । खेतबारीमा धान, आलु, मकै र तरकारीको खेती गर्ने गरेकाले कुरिया गाउँ आसपासको जग्गा जमिन त्यसबेला हरियाली वातावरण युक्त रहेको देखिन्छ ।

किसानहरूको राम्रो सेवा पाएपछि बाँझो खेतले हराभरा हुने मौका पाउँदछ । जब वर्षा भएर माटो ओसिन्छ तब किसानले अन्न बाली भित्र्याउने सपना देख्दछ । प्रस्तुत उपन्यासमा असारको नजिकै रिमझिम पानी पर्न लागेको देखेर बुढा बिरामी अष्टनारांमा एकाएक किसानी उत्साह र उमङ्ग उमेर आउँछ र उनी एकछिन त्यसको आनन्दले पुलकित हुँदै आफ्ना छोराहरूलाई जमिनमा रमाउन आग्रह गर्दै भन्दछन् - "बाबू ! असार

बिग्र्यो भने किसानको एक वर्षको सौभाग्य बिग्रन्छ । एक वर्ष बिग्र्यो भने प्राण रक्षाको लागि साहु लागेर उसको जिन्दगी नै बिग्रन्छ र उसका कैयन पुस्ता सन्तानको जीवन बिग्रन्छ, भविष्य नै अन्धकार हुन्छ (प्रधान, २०५६:२३) । यस भनाइबाट काठमाडौंको उपत्यकामा असार लागेर पानी पर्दा सबै किसान खुसीले काम गर्ने र खेतका फाँटलाई कडा मिहिनेत र परिश्रमले सिँगारी भविष्य सपार्ने काम प्रत्येक असारसँग भएको देखिन्छ ।

**एक चिहान** उपन्यासमा काठमाडौंको कुरिया गाउँ, राम बहादुरको निधारमा पशुपतिको चन्दन र टाउकोमा गुह्येश्वरीको फूल, पाटन माइत भएकी हाकुमाया, तुयू गुभाजूको घर असन, टुँडिखेलमा एउटा विशाल जुलुस, नानीथकुंलाई २ घण्टा पछि बेहोस हुने सुई लगाएर कालिकास्थान पुऱ्याइएको र ब्लक नम्बर ५१/७५ को घरमा राखेको, नानीथकुं विहे गर्ने रामखेलावनको डेरा पुतलीसडक, टार, पाखा, बलौटो अर्थात् अबल, दोयम, सिम, खेत र विष्णुमती खोला जस्ता भौगोलिक परिवेशहरू उल्लेख भएको पाइन्छ ।

राम्रो पानी परी खेतमा बिरूवाहरू सप्रेको देखेर किसानहरू दङ्ग पर्दछन् तर निरन्तर पानी परी नै रह्यो भने त्यसले फाइदाभन्दा नोक्सान बढी पुऱ्याउँदछ । प्रस्तुत उपन्यासमा पनि पानी तिन दिनसम्म अनवरत रूपमा परी नै रह्यो । उत्तरतिरको साह्रो जमिन नै पानी भएर दौडँदै आयो, वेग बढ्दै आयो, बाढी बन्यो र असङ्ख्य धानका बिरूवाहरू बग्दै आए, रुख समेत बग्दै आए, खेतका फाँटहरू जलमग्न भए, कैयन घर, छाप्रो, काठपात, बाखी, गाईभैंसी बग्दै आएर शिवनारांको घरमुनि पनि समुद्र बग्यो । यो देखि शिवनारांको डर, त्रास र भयको सीमा रहेन । उनले खेतमा बग्दै गरेका बिरूवालाई हेरेर आँसु खसाए । तल्सिङलाई कसरी कुत तिर्ने चिन्ता लिँदालिँदै शिवनारांको छाप्रो बगाउन लाग्यो । दुई छोराछोरी र श्रीमान् श्रीमती सबै डरले अँगालोमा बाँधिए । एकैछिनमा ती प्राणीहरू लास बने । उनीहरूको नामोनिसाना मेटियो । उता घरमर्मत नगरेका कारण भाइ, बुहारी र आमाको पनि मृत्यु हुन्छ (प्रधान, २०५६ : २३३) । यी सबै घटनाहरू देखाउन अनि पहाड, समथर हराभरा फाँट र बीचमा विष्णुमती खोला नजिकै खेतको छेउमा छाप्रो भएको भौगोलिक परिवेश उल्लेख गर्न उपन्यासकार सफल देखिन्छन् ।

प्रकृति र मानवबिचको अन्योन्याश्रित सम्बन्ध रहेको कुरा **एक चिहान**मा स्पष्ट देख्न सकिन्छ । बर्खा लाग्ना साथ परिश्रमी किसानहरू उमङ्गित भएर खेतबारीमा नै समय बिताउन प्रशन्न हुन्छन् । पानी र माटोको मिलनमा सृजनाको बीज रोप्छन् र त्यसको

सृष्टिमा प्रफुल्लित बन्दछन् । प्रस्तुत उपन्यासमा बराबर पानी परिरहेकोले शिवनारांको बाली सप्रिएको थियो । यो देखी शिवनारां भित्र भित्रै खुसीले गद् गद् भएर भावी योजना बनाउँदै तल्सिङको कूत तिरेर आनन्दले बस्ने सोच राख्दछन् । यस खुसीले शिवनारांका परिवारले उनीसँग विभिन्न प्रस्तावहरू राखेका थिए । यसै सन्दर्भमा उपन्यासमा भनिएको छ - "बा ! यसपालि तल्सिङलाई कूत तिर्न जाँदा तल्सिङका छोराको एउटा जडाउरी लुगा मागेर ल्याइदिनुहोला है बा ! लाउन लुगै छैन । म पनि सधैं भात खान्छु । बाली काटिसके पछि अलिकति धान बेचेर भए पनि यसपालि त एकचोटी सिनेमा पनि नहेरी छोड्दिनँ (प्रधान, २०५६ :२२८/२२९) । शिवनारां बालीलाई अझ राम्रो बनाउन दर्के पानीमा छाप्रोमा बस्ने र सानो पानीमा भिजे लँगौटी एउटा त भिज्ला भन्दै प्राकृतिक वातावरणमा रमाउँदै काम गर्दछन् । अनि बहत्तर घण्टाको पानीले ल्याएको भयङ्कर बाढीले बगाउन लाग्दा डरले भाइहरूको सम्झना गर्दै तिरो तिर्न नसकेको, भविष्य बिग्रिएको, तल्सिङको सदा ऋणी भई दुःखले जीवन बिताउनु परेको देख्दछन् । यसरी उपन्यासकार प्रकृति र मानव मनको सम्बन्ध देखाउन सफल देखिन्छन् ।

नेपाल खोलानाला, पहाड, उपत्यका भएको भूमि हो यहाँ धेरै जनसङ्ख्या कृषि पेसामा संलग्न छन् । अर्थात् नेपाल कृषियोग्य भूमि भएको राष्ट्र हो । काठमाडौं उपत्यका उर्वरायुक्त भूमि हो । यहाँ पहिला ज्यापू किसानले मुख्य बाली धान र अन्य सहायक बालीमा आलु, बोडी, मकै, तरकारी जस्ता विभिन्न प्रकारका बालीनाली लगाएका थिए । काठमाडौं चिसो हावापानी भएको परिश्रमका लागि अनुकूल भएको भौगोलिक वातावरण उपन्यासमा चित्रित छ । यही भौगोलिक वातावरणमा किसानले आफ्नो आर्थिक अवस्था उकास्ने लक्ष्य लिएर अथक परिश्रम गरिरहेको कुरा उपन्यासमा उल्लेख गरिएको छ । यसरी प्रधानको उपन्यास **एक चिहान**मा भौगोलिक परिवेशले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

### ६.१.२ सामाजिक परिवेश

**एक चिहान** उपन्यास समाजमा नै रहेर लेखिएको एउटा आलोचनात्मक सामाजिक यथार्थवादी उपन्यास हो । समाजमा घटित हुने घटना, रीतिरिवाज, चालचलन, सामाजिक, आर्थिक, राजनीतिक अवस्था प्रस्तुत उपन्यासमा सामाजिक परिवेशका रूपमा आएका छन् । यस उपन्यासमा तत्कालीन काठमाडौंका किसान ज्यापूहरूको ग्रामीण समाजको वस्तुस्थिति र प्राकृतिक प्रकोपलाई राम्ररी उतारेको स्पष्ट हुन्छ ।

मर्ने बेलामा दान पुण्य गर्ने संस्कार भएको समाजमा देखिने घटना **एक चिहान** उपन्यासमा उल्लेख भएको छ । पैंसट्ठी वर्षे अष्टनारांको मृत्यु भएपछि गाउँका छरछिमेकीहरू जम्मा भएर शोक सन्तप्त परिवारलाई सान्त्वना दिएका छन् अनि स्वर्गीय अष्टनारांको प्रशंसा गरेका छन् जसले नेपाली समाजमा रहेको मर्दापर्दा साथ सहयोग गर्ने प्रचलनको सङ्केत गर्दछ । प्रस्तुत उपन्यासमा ऋण गरेर भए पनि अन्त्येष्टि क्रियाका सराजाम जुटाइएको छ अनि कुल र जातीयता अनुसार मुर्दा जुलुस निकालिएको छ । छोराछोरीहरू सबै आफ्ना बाबुको शवयात्रामा रूँदै गएका छन् अनि श्रद्धा, स्नेह, प्रेम, भक्ति, पीडा, कृतज्ञता र गुनगानको भावनामा अर्धनिद्रामा त्यो रात काटेका छन् (प्रधान, २०५६,४१) । यस्ता प्रकारका सामाजिक संस्कार उपन्यासमा देखिन्छ । साथै उपन्यासमा जुठो नफुकेसम्म कोही कतै काममा जानु हुन्न, मरे परेका घरमा नाता कुटुम्ब, इष्ट मित्रहरूबाट 'व्याहबिचाः' लगी सहानुभूति प्रकट गर्नुपर्दछ जस्ता सामाजिक मूल्य-मान्यताहरू रहेका छन् ।

अष्टनारां एक प्रगतिशील व्यक्ति हुन् तर उनको खाई नखाई गरेर किरिया कर्म खर्च छिंडीमा २५ मोहर लुकाउनुले सनातन चलि आएको संस्कार छिट्टै बदल्न नसकिने कुराको सङ्केत गर्दछ । चाँडै अष्टनारांको शव खाग भएको देखेर सब गुठियारहरू छक्क परी अष्टनारांलाई साँच्चैका धर्मात्मा मान्दछन् जसले नेपालमा अझै अन्धविश्वासी भावना भएको देखाउँदछ ।

सांस्कृतिक सुधारका वाहक उपन्यासमा ज्यापू अष्टनारां र तिनका परिवार छन् । अष्टनारांको जेठा छोरा शिवनारांले यसै सन्दर्भमा भनेका छन् - "हामी अलि प्रगतिशील भएकोले समाज हामीदेखि टाढा रहन खोज्छ, समाजमा अलि अगाडि बढ्न खोजे पनि नहुने, अरू साधारण मानिसहरू जस्तै रूढि र परम्परागत भइरहन भने हाम्रो मन मान्दैन । अलि जान्ने बुझ्नेलाई फसार्दै हुँदो रहेछ" (प्रधान, २०५६) । यस विचारमा किसान ६५ वर्षका अष्टनारां बुढा, खेती नै सिहार्ने शिवनारां र जेठी बुहारी ठट्टालु हाकुमाया, माहिलो पुननारां राम्रो सिकर्मी बनेको र बुहारी सिन्तली, साहिलो अविवाहित हर्षनारां ज्यामी र सबै दाजुहरूका सौन्दर्यले बलिरहेकी २० वर्षकी तरूनी चेली नानीथकुं जुटेका छन् तर बुढी लतमायामा बज्र जस्तो भई जमिसकेको रुढिवादी संस्कार हटाउन सकेको थिएन । त्यसकारण लतमायाले आफ्ना लोग्नेको उद्धार गर्न दानदक्षिणा दिने र भात भत्यार ख्वाउने कुरामा जोड गरिन् तर बाबुको क्रान्तिकारी विचारबाट पूरा प्रभावित छोराहरूले त्यसो

गरेनन् । बरु बाबु मरेको तेस्रो दिनदेखि आफ्नो खतेको कामधन्दामा हिँडे । शिवनारांले बाबुको सिद्धान्त पनि हमेसा आफ्नो कामकर्तव्यमा  रूजु हाजिर भएर पूर्णत्त्व प्राप्त गर्नु हो भनी भाइहरूलाई समेत काममा पठाएका थिए । बाबुको मृत्युपछि घरको जेठो छोरामा जिम्मेवारी जाने चलनलाई समेत यस उपन्यासमा देखाइएको छ ।

आमाबाबु, लोग्ने मर्दा छोराछोरी, पत्नीले जति सक्यो उति बढ्ता आफ्नो शरीरलाई कष्ट दिनु नै परम कर्तव्य सम्झी क्रिया बस्ने आडम्बरी चलन त अष्टनारांको नेवार किसान जातिमा आएकै थिएन मात्र दाह संस्कार नसिद्धिदै कहीँ जान हुँदैन भन्ने थियो त्यसको पनि अष्टनारां घोर विरोधी थिए साथै दान दक्षिणा गर्ने, भातभत्यार ख्वाउने र बिचाः ल्याउने प्रथालाई बन्द गरिदिएका थिए । अष्टनारांको यस्तो प्रगतिशील कामकुरालाई सामन्ती र पुरोहित्याइँमा रजाइँ गरी आएका स्वार्थीहरूले मन पराएका थिएनन् । बरु सर्वसाधारण जनताको नजरबाट अष्टनारांलाई तिरस्कृत गराउने कोसिस गरिरहेका थिए । यस विषयले पनि त्यस समयको समाजमा सङ्क्रमणकालीन संस्कार रहेको देखिन्छ । उपन्यासकारले अन्धविश्वासी संस्कारलाई निर्मूल पार्न चाहेका तर समाजका स्वार्थी व्यक्तिले त्यसको बचाउ गरिरहेको स्पष्ट पाउन सकिन्छ ।

किसानका संस्कार अनुसार खेतालालाई प्रशस्त जाँडरक्सी खाजाखाना खुवाउने र खुसी पार्ने धर्म रहेको छ । यो धर्म अष्टनारांका परिवारमा पनि नपाइएको होइन । अष्टनारांले दुई-चार रूपैयाँको मुख नहेरीकन दुई चार खेताला बढी राखेर पनि रोपाइँ चलाउँथे । खेतालाहरूलाई प्रशस्त जाँडरक्सी र खाजा-खाना ख्वाएर पनि प्रसन्न गराउँथे । खेतालाहरू नाचगान गरीकन बडो रमाइलोसँग काम गर्थे (प्रधान, २०५६, १४७) । आफन्तका रोपाइँमा स्वेच्छाले पान सुपारी वितरण गर्न पाइने संसकार नेवारी समाजमा हुन्छ । डाक्टर गोदत्त प्रसादले भएभरका मसलाहरू किस्तीमा हालेर बोकाई ल्याएको र शिवनारांका रोपाइँमा आफैँले वितरण गरेको घटना छ अनि हिलो पानीको वृष्टि एक आपसमा गराएर मस्त भई हाँस्न गाउन थाल्नुले रोपाइँको संस्कारलाई स्पष्ट पारिएको छ ।

नेवारी संस्कारमा छोरीले बाबुका खुट्टा छुन हुने देखिन्छ । अष्टनारां बिरामी पर्दा उनकी छोरी नानीथकुंले गोडा मिचिरहेकी देखेर डाक्टर गोदत्त प्रसादले भनेका थिए - “धेरै गोडा मिच्नु पनि ठीक छैन नानी !” (प्रधान, २०५६:१६) । प्रस्तुत उपन्यासमा छोरीले बाबुको

गोडा छुन नहुने संस्कार ब्राहमण, क्षत्री समाजमा भएको तर नेवारी संस्कारमा नभएकोले आ-आफ्नो संसकार अनुसार नै छुन मिल्ने चलन देखाइएको छ ।

समाजमा चलि आएको मृत्यु संस्कारलाई उपन्यासका पात्रहरूले केही अनुसरण गर्दै आएका छन् । मृत्यु संस्कारमा सन्तानले मृतकको आत्माको सखु शान्तिको कामनाका निम्ति एक अञ्जुली पानी दिने गरेको पाइन्छ । यसबाट श्रद्धाञ्जली गर्ने र पाउनेको आपसी सम्बन्धमा कुनै लेनदेन भए पनि त्यसबाट मुक्त भई आत्माले सुख पाओस् भन्ने कामना हुन्छ । मृत्युमा दानपुण्य गर्ने परम्पराले नेपाली संस्कार जेलिएको छ । त्यसको कडा आलोचना गर्दै अष्टनारांले आफ्ना मृत्युमा पूरै दान कर्म निषेध गरेका थिए । सोही अनुसार छोराहरूले पनि कर्म गरे । यसरी नेपाली अन्धविश्वासी संस्कार हटाउने प्रयासमा **एक चिहान** उपन्यास सफल देखिन्छ ।

नेपाली समाजमा अझै पनि खाना पकाउने र पस्कने काम नारी वर्गले गर्दछन् । पहिला पुरूष वर्गलाई खाना खुवाएर उब्रिएको खाना नारीवर्गले खाने प्रचलन छ । यस कुराको विरोध उपन्यासकारले **एक चिहान** उपन्यासमा गरेका छन् । अष्टनारांलाई एक प्रगतिशील पात्रको रूपमा स्थापित गरेर उनी आफ्नो धारणा प्रस्तुत गर्दछन् । अष्टनारांले ठुला र सानाको हिसाबले दाल, भात, तरकारी र जे भान्छामा पाकेको हुन्छ, सबलाई बराबर भाग लगाई एकैचोटी साथै खाने-ख्वाउने चलन घरमा चलाएका थिए जसले गर्दा पछि खानेले खानामा गडबड र अन्याय व्यहोर्नु पर्दैन थियो । यो प्रचलन अरूमा नभएको कुरा रञ्जनादेवीले श्रीमान्  गोदत्त प्रसादलाई खाना ख्वाएर आफूले खाएबाट स्पष्ट हुन्छ ।

**एक चिहान** एक प्रगतिशील उपन्यास भएकोले यसभित्र आएका विषयवस्तु सबै फरक छन् । यस उपन्यासमा भएको सामाजिक चालचलन पृथक छ । यस उपन्यासका पात्रले कसैलाई दुःख दिँदैनन् आफ्नो काम आफैँ गर्दछन् । प्रस्तुत उपन्यासमा शिवनारांले घरधन्दा र खेतीको काम बाहेक अरू काम श्रीमती हाकुमायालाई लगाउँदैनथे । यहाँसम्म कि आफ्नो मैलो लुगा समेत पनि फुर्सद खोजेर आफैँ धुन्थे, तमाखु आफैँ भर्थे, ओछ्यान आफैँ मिलाउँदथे जसले परम्परावादी संस्कार तोडेको देखाउँदछ ।

आर्थिक अवस्था कमजोर भएका किसान परिवारको विचार र भावना ठुला छन् । अष्टनारांको परिवारमा अन्तर्जातीय वैवाहिक सम्बन्ध गाँसिएको र सफल पनि भएको छ ।

प्रस्तुत उपन्यासमा अष्टनारां र तलमाया, पुननारां र पुतली, नानीथकुं र राम खेलावान बिच विवाह सम्पन्न भएको छ । यी सबै विवाहमा अनावश्यक खर्च गरिएको छैन । नराम्रो संस्कारलाई तोडेर सजिलो विधि अपनाइ विवाह संस्कार सम्पन्न गरेका छन् । यी तिनै विवाह स्वेच्छिक प्रेमी विवाह हुन् । यी विवाहमा धेरै खर्च नगरिएको र आवश्यक वस्तु जुटाइएको छ । विवाहमा दुलहा र दुलहीलाई नयाँ लुगाले सजाउने संस्कारलाई प्रस्तुत उपन्यासमा अँगालिएको छ अनि छोरीको विवाहमा दाइजो दिँदा, आवश्यक वस्तुहरू दिइएका छन् । यसै सन्दर्भमा नानीथकुंलाई दिएको दाइजोमा - "एक जोर चर्खा, हँसिया, हथौडा, कुटो, कोदालो, कोदाली, दुल्लेठो । बस, यत्तिकै दाइजोका साथ ज्वाइँलाई उपहार भनी एक जोर खर्पन, एउटा डोको, एउटा डालो, नेपाली कुटो, कोदालो, एउटा खुकुरी, एउटा भादगाउँले टोपी र एउटा नेपालको नक्सा पनि दिई पठाएका थिए (प्रधान, २०५६:२२३) । सबैलाई ढोगभेट गरी नानीथकुं घरका सबै मानिसबाट पाएका आशिष-शुभेच्छा शिरोपर गरेर माइतबाट बिदा भइन् । उता पुतली नव दुलहीमा गौनको फरिया, मखमलको चोलो र खास्टो पहिरिएर बाबुले दिएको डोको, नाम्लो र हँसिया बोकेर अनमिइन् । छोरीको विदाइमा पुतलीका आमाबुबाले आँसु खसाल्दै ज्वाइँ हर्षनारांतिर हेरर भन्दछन् - "छोरी केही नजानेकी सीधासाधा छ विराएकोमा माफ गरी तालिम गर्नुहोला (प्रधान, २०५६:१९) । यो छोरी विदाइको सामाजिक संस्कार युक्त क्षण हो तर धेरै जम्मा भएर जन्त जाने प्रथा तोडिएको छ । यो नेपाली संस्कारको परिवर्तनमा एक उत्कृष्ट नमुना हुन सफल भएको छ ।

**एक चिहान** उपन्यासमा शिवनारां पात्र सधैँ नेपालको एकता र प्रगति चाहने व्यक्ति हुन् । शिवनारांले आफ्नो परिवारमा नेवार-पर्वते-मधेसी यी तीन जाति र संस्कृतिको समन्वयलाई गङ्गा-यमुना-सरस्वतीको समन्वय भएर महा तीर्थ बनिरहेको त्रिवेणी मानी नेपालको उन्नति तब हुन्छ जब तीन जाति र संस्कृतिको सम्बन्ध स्थापना हुन्छ (प्रधान, २०५६:२१८) भनेका छन् । जसले जातीयताको संस्कार छोडेर सबै एकै हुनुपर्ने संस्कार र संस्कृतिमा विविधता हुन नहुने कुरा देखाउन खोजिएको छ ।

**एक चिहान** उपन्यासमा विवाह संस्कारको परिमार्जित रूप देखाइएको छ । प्रेम र विवाह सम्बन्धमा उत्तिकै प्रतिगामी दृष्टि छ । आमा रत्नमाया, नेवारी उच्चारणले लतमाया, पर्वते खसकी छोरी ३५ वर्ष अघि नेवारी घरमा भित्रिएकी थिइन् । उनकै साहिँला छोराले

तामाङकी छोरी पुतलीलाई घरमा भित्र्याए । यसले साम्प्रदायिक सङ्कीर्णता हटाएर देशमा बन्धुत्त्वको भावना स्थापित गरेको छ । विवाहमा खुसी मनाएर भोज गर्ने संस्कार आफू अनुकूल शिवनारांको परिवारले गरिरहेको छ । नयाँ दुलहीले प्रवेश गरेको दिन भएकोले भातको सट्टा चिउरा, अलिकति मासु र तीन-तीन थोक तरकारीहरू पनि थिए, जाँडरक्सी पनि केही मात्रामा थियो । सबैले हाँस्दै नाच्दै भोज खाए । यस कार्यले नेवारी जातिको संस्कारलाई स्पष्ट पारेको छ ।

**एक चिहान** उपन्यासले नेपाली समाजको पुन सिर्जना गर्न खोजेको छ । विभिन्न संस्कार र संस्कृतिको विरोध गरेको छ । पतिको आदर नगरे नरक जानुपर्छ र आफूले पूज्य व्यक्तिबाट प्राप्त गरेको प्रेम मात्र पवित्र प्रेम हुन्छ (प्रधान, २०५६:११०) । यस्ता प्रकारका मान्यताहरूको आलोचनात्मक व्याख्या उपन्यासकारबाट भएको छ । अष्टनारांले मान्छे मर्दा दानदक्षिणा गर्ने परम्पराको विरोध गर्नु, एउटै कात्रो धेरै पटकसम्म प्रयोग गर्ने 'देव' प्रथाको विरोध गर्नु, परिवारका ठुला व्यक्तिलाई खाना पर्खिनु र ठुलाले खाना खाएपछि मात्र घरका भान्से र बुहारीहरूले खाने प्रचलनको विरोध गर्नु, जातीय उचनीच र भेदभावको विरुद्ध अष्टनारां आफैँले पर्वते जातकी केटी तलमाया (रत्नमाया) सँग बिहे गर्नु, शिवनारांले आफ्नो सबै काम आफैँ गर्नु र श्रीमतीलाई आफ्नो काम नलगाउन, बिहे गर्न जातीय बन्धन नरहेको कुरा गर्नु, इच्छा विपरीतको गर्भपतन गराउनु, जन्ती जाने र दुलहीलाई बोकेर ल्याउने परम्पराको विरोध गर्नु सामाजिक मान्यता र परम्परा विरूद्ध द्वन्द्व हो ।

प्रस्तुत **एक चिहान** उपन्यासमा आर्थिक अवस्था कमजोर हुँदा भोग्नु परको दु:खलाई देखाइएको छ । यसमा गरिबीको कारणले अष्टनारांका पुर्खा उपचार गराउन नपाई मरेर जानु र अष्टनारांलाई पनि बिरामी अवस्थामा उपचार गराउन ऋण लिनु पर्ने बाध्यता पर्नु, उपचारको राम्रो व्यवस्था नहुँदा साधारण रोगकै कारण मृत्यु हुनु, वर्षाद राम्रो नहुँदा उत्पादन नहुनु र बाली तिर्न नसक्दा उमेर पुगिसकेकी नानीथकुंको बिहे गर्न नसक्नु, अष्टनारांको मृत्यु हुँदा कात्रो किन्ने पैसा समेत नहुनु र डाक्टरसँग सापट लिने, सहयोगको निहुँमा डाक्टरको कुदृष्टि नानीथकुंमाथि पर्नु र डाक्टरको सिकार बन्नु, गरिबीकै कारण सुरमानले पुरानो बाँकी माफी गर्ने र नयाँ तान किनिदिएर नानीथकु हात पार्ने विचार गर्नु, जीर्ण भएको घर मर्मत गर्न नपाउँदा र खेतको गोठ बलियो बनाउन नसक्दा ज्यापू परिवारले अकालमा मर्नु पर्ने अवस्था सिर्जना हुनु सबै गरिब परिस्थितिले सिर्जिएको

सामाजिक घटना हुन् । गरिबीकै कारणले नानीथकुंको विषय लिएर शिवनारांले डाक्टर गोदत्त प्रसाद, राम बहादुर र सुरमानसँग भनाभन र कुटाकुटको अवस्था अपनाउन परेको छ । जुन गरिबलाई धनीले गरेको सामाजिक शोषण, अन्यायको चरम उदाहरण हो । काठमाडौंको प्राकृतिक दृश्यावलीहरूको चित्रण विपन्न आर्थिक अवस्थाका ज्यापू किसानी जीवन अनुरूपको संस्कार रीतिरिवाज, भेषभूषाले **एक चिहान** उपन्यास सफल देखिन्छ ।

**एक चिहान** उपन्यासमा नेपालमा चलिआएको बहुविवाह र अनमेल विवाह जस्ता सामाजिक कुसंस्कारहरूको विरोध गरिएको छ । आर्थिक उच्चता प्राप्त व्यक्तिले न्यून आर्थिक अवस्था भएका व्यक्तिलाई शोषण गर्दथे । यदि उनीहरूबाट सहानुभूति पाइयो भने त्यसमा अवश्य स्वार्थ लुकेको हुन्थ्यो । प्रस्तुत उपन्यासमा जमिनदार सुरमान सुब्बाले नानीथकुंलाई विवाह गर्ने सोचमा पुरानो तिरो मिनाहा र नयाँ तान दिएर सहयोग गर्दछन् । सुब्बाले राम बहादुर मार्फत लतमायालाई फकाउन लगाई विवाहको प्रस्ताव राख्दछन् तर प्रगतिशील सोच भएका शिवनारांलाई सो प्रस्ताव अनुचित लागि ठाडै अस्वीकार गर्दछन् । यस विषयमा भनाभन मात्र नभइ कुटाकुट समेत हुन्छ अनि बहुविवाह र अनमेल विवाहको संस्कार बोकेकाले हार्नुपर्दछ । त्यसैले यो उपन्यास सांस्कृतिक क्रान्तिको एक सकारात्मक र प्रगतिशील कदम मान्नुपर्दछ ।

आर्थिक अवस्था कमजोर भएकै कारण **एक चिहान** उपन्यासका शिवनारांको परिवारले प्राकृतिक प्रकोप सहनु परेको छ । सबैको घर निर्माण गर्ने पुननारां आर्थिक विपन्नताका कारण आफ्नै घर मर्मत गर्न सक्दैनन् अनि शिवनारां सुत्ने गरेको गोठ मजबुद बनाउन सक्दैनन् । मन हुँदा हुँदै पनि त्यसलाई दबाउनु पर्ने बाध्यता किसान ज्यापू परिवारमा छ । उनीहरूको घर झुत्रो भइरहेको थियो । छानो चुहिई, गाह्रो फुटी वर्षौंदेखि घरमा पानी पसी घाँस उम्रिसकेका र चिप्लेकीरा हिँडिसकेका थिए । घर भत्कनै लागिरहेको थियो तर मर्मत गर्ने पैसा थिएन । गरिबहरूको यो दुःखलाई प्राकृतिक वातावरणले पनि गिज्याइरहन्छ अर्थात् पानी परिरहन्छ । ७२ घण्टाको अविरल वर्षालाई घरले र गोठले थेग्न सक्दैन । बाढी आउँछ र घर गोठमा बसेका सुतेका सबैलाई एकै चिहान बनाएर जान्छ । सबैको एकै साथ मृत्यु हुन्छ । लाश बुझ्ने हकवाला समेत कोही बाँकी रहँदैनन् ।

राणा शासनको समाप्त भएर प्रजातन्त्रको बीजारोपण भएको समयमा नेपालीहरूको आर्थिक जीवनस्तर उकास्ने समस्या थियो । सनातनदेखि चलि आएका रुढिवाढी संस्कार

हटाउन सचेत नागरिक लागेका थिए । जीवनभर अन्याय, अत्याचार र शोषणको विरोध गरेर अनुशासित, कर्मयोगी, इमानदार व्यक्ति बन्ने प्रयासमा प्रगतिशील धारणा भएका व्यक्तिहरू लागेको थिए तर गरिबीका कारण हरेक समस्या उनीहरूमाथि नै जाइ लाग्दछ । यति सम्मकी प्रकृतिले पनि गरिबलाई छाड्दैन र सबै मर्नुपर्दछ भन्ने अवस्था प्रधानले इङ्गित गरेका छन् । यसरी यस उपन्यासमा समाजमा घटित यस्ता घटनाहरू सामाजिक परिवेश अन्तर्गत रहेका छन् ।

## परिच्छेद : सात

# उपसंहार

नेपालको राजधानी काठमाडौं जिल्ला ढोकाटोल मरूहिटीमा जन्मिएका हृदयचन्द्रसिंह प्रधानले साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । प्रधान काठमाडौं निवासी मध्यम वर्गीय परिवारका सन्तान भएकाले उनका उपन्यासमा निम्न वर्गीय नेपाली जीवनका कथा व्यथाको तस्वीर खिचिएको पाइन्छ ।

नेपाली साहित्यका उज्ज्वल नक्षत्र प्रधानको जन्म वि.सं.१९७२ साल माघ १२ गतेको दिन काठमाडौंमा भएको हो । उनको वास्तविक नाम चन्द्र प्रसाद प्रधान हो । उनी औपचारिक शिक्षा नेपाली स्रेस्ता परीक्षाको चार उत्तीर्णमा सीमित रहे पनि अनौपचारिक रूपमा अथाह ज्ञान प्राप्त गर्न सफल भए । प्रधान वि.सं.१९९२ मा शारदा पत्रिकामा प्रकाशित **भ्रातृस्नेह** नामक निबन्धको प्रकाशनपछि नेपाली साहित्यको लेखनका क्षेत्रमा देखा परेका प्रतिभा हुन् । स्वाध्ययनबाटै साहित्य लेखनका लागि क्षमता हासिल गरेका प्रधानले वि.सं.१९९५ सालमा 'नौसिन्दा' तहको जागिरमा प्रवेश गरी जागिरे जीवनको सुरुवात गरेका हुन् । नौसिन्दा पदबाट जागिर सुरु गरेका प्रधान बहिदार, राइटर, मुखिया हुँदै वि.सं.२००४ सालमा नेपाली भाषा प्रकाशिनी समितिमा 'ग्रन्थकार' को पदसम्म पुगे ।

काठमाडौंको क्षेत्रपाटीमा एउटा विद्यालयको संस्थापक प्रधान नेपाली साहित्य परिषद्को संस्थापक सदस्य र सञ्चालक समेत भएका थिए । साहित्य स्रोत, जागरण जनचेतना जस्ता नेपाली भाषामा प्रकाशित हुने पत्रिकाहरूका साथै 'नेपाल' नामक नेवारी भाषाको पत्रिकाको समेत सम्पादन गरी एउटा कुशल सम्पादकको रूपमा उनले काम गरेको पाइन्छ । निबन्ध लेखनबाट नेपाली साहित्यको फाँटमा प्रवेश गरेका प्रधानले नेपाली व्याकरण, समालोचना, कविता, कथा, एकाङ्की र उपन्यास जस्ता साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका अधिकांश साहित्य सिर्जनाहरूमा समाजमा रहेका अन्धपरम्परा, कुरीति, अन्याय, अत्याचार र शोषण विरूद्धका सन्देशहरू रहेका छन् । उनका कृतिहरूले सामाजिक यथार्थ चित्रण प्रस्तुत गर्दै प्रगतिशील समाजको स्थापनाको लागि अभिप्रेरित गरेका छन् । उनले उपन्यास मार्फत आलोचनात्मक यथार्थवादी धारा भित्र्याउने काम गरेका छन् ।

**स्वास्नीमान्छे** (२०११) र **एक चिहान** (२०१७) गरी दुईओटा उपन्यासको रचना गरेका प्रधानले सामाजिक यथार्थवादी धारापछि साहित्यमा अर्को धारा आलोचनात्मक यथार्थवादी धाराको सूत्रपात गरेका हुन् । सामाजिक यथार्थवादपछि जन्मिएको आलोचनात्मक यथार्थवादले निम्न वर्गीय जीवनका कटुतम पीडा, अन्याय र शोषणलाई प्रस्तुत मात्र नगरी आलोचनात्मक रूपमा यथार्थ ढङ्गले प्रस्तुत गर्ने काम गर्छ । प्रधानका उपन्यासमा मानवतावाद पाइन्छ अनि नारी स्वतन्त्रता र सम्मान पनि पाइन्छ ।

प्रधान एक मार्क्सवादी विचारबाट प्रभावित साहित्यकार हुन् । राजनीतिक सोच भएका व्यक्ति भएकाले उनले वि.सं.२००७ सालको प्रजातान्त्रिक आन्दोलनमा प्रत्यक्ष सहभागी भएको आरोपमा करिब ७५ दिनसम्म जेल जीवन बिताउनु परेको थियो । उनले नेपालका विभिन्न जिल्लाहरू र उपचारको क्रममा दुई पटकसम्म भारतको भ्रमण गरेका थिए । उनले वि.सं.२००४ सालमा भएको प्रतियोगितात्मक निबन्ध प्रतियोगितामा 'जुँगा' निबन्धमा प्रथम पुरस्कार प्राप्त गरेका थिए । पाँच वर्षको उमेरदेखि नै दमको रोगबाट पीडित हृदयचन्द्रसिंह प्रधानको दम र टि.बी. रोगका कारण वि.सं.२०१६ माघ १० गते ४४ वर्षको उमेरमा मृत्यु भयो ।

हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित **एक चिहान** उपन्यास यथार्थवादी सामाजिक उपन्यास हो । एउटा गाउँको निम्नवर्गीय किसान परिवारलाई आधार बनाई लेखिएको प्रस्तुत उपन्यास प्रगतिशील विचारबाट प्रभावित एउटा उपन्यास हो । किसान परिवारका दुःख, पीडालाई समेटेर लेखिएको **एक चिहान**मा प्रयोग भएका पात्रहरू प्रगतिशील विचारका छन् । अष्टनारां एक प्रगतिशील विचार भएका पात्र हुन् । उनी आफ्ना छोराहरूलाई परिश्रमी बन्न र अन्याय, अत्याचार, शोषण र समाजमा रहेका अन्धपरम्परा कुरीति र कुसंस्कारको विरोध गर्ने उपदेश दिन्छन् । अष्टनारांको गरिबी र यही गरिबीका कारणबाट सिर्जिएका विभिन्न समस्याहरूलाई मुख्य कथावस्तु बनाई प्रस्तुत भएको यो उपन्यासमा डाक्टर गोदत्त प्रसाद र नानीथकुंको प्रेम प्रसङ्गको कथालाई सहायक कथाको रूपमा प्रस्तुत गरिएको छ । यस्तै घटना परिघटनाहरू नेपाली समाजमा स्पष्ट देखिन्छन् ।

साहित्य समाजको पुनः सिर्जना गर्ने एक सशक्त हतियार हो । साहित्य मार्फत समाजको चालचलन, रीतिरिवाज आदिको स्पष्ट रूपरेखा कोर्न सकिन्छ । जसरी ऐनाले मानिसलाई प्रत्यक्ष देखाउँछ त्यसैगरी साहित्य मार्फत समाजका क्षण, जाति र परिवेशको

अध्ययन गर्न सकिन्छ । लेखकले आफू बाँचेको समयको वातावरण, आफ्ना संस्कृति र त्यहाँका प्रजातिले पार्ने प्रभावको सन्दर्भ कृतिमा उल्लेख गरेका हुन्छन् । एउटा युगको कृति र अर्को युगको कृतिमा फरक धारणा पाइन्छ । यस्तो फरक धारणा पाइनुको मुख्य कारण भनेको त्यस समयको राजनीतिक अवस्था, आर्थिक अवस्था, सामाजिक परिवेश र भौगोलिक परिवेश हुन् । समाजमा घटित घटना प्रजातिगत अध्ययनमा परिवेशले पार्ने प्रभावको अध्ययन समाजशास्त्रले गर्दछ । साहित्यको मुख्य उद्देश्य समाजसित साहित्यको सम्बन्धको खोजी र यसको व्याख्या गर्नु हो । उपन्यास विश्लेषणका समाज शास्त्रीय आधारहरू क्षण, जाति र परिवेश हुन् । साहित्यकार तथा कलाकारले भोगेको तथा बाँचेको युगको प्रतिविम्ब साहित्यमा अभिव्यक्त भएको हुन्छ । लेखकका आफ्ना कृतिमा मानसिक संरचनाको प्रभाव परेको हुन्छ । लेखक जुन मानसिकतामा रहेको छ उसले त्यही कुराको स्पष्ट चित्र आफ्ना साहित्यक कृतिमा कोर्दछ । त्यसका साथै समाजका विभिन्न जात जातिहरूको चित्रण, यिनीहरूलाई पर्ने वातावरणको प्रभाव साहित्य मार्फत् प्रस्तुत हुन्छ ।

सङ्ख्यात्मक र गुणात्मक योगदान दिने प्रधानका दुईओटा उपन्यासहरू प्रकाशित छन् । प्रधानको **एक चिहान** (२०१७) उपन्यासमा सामाजिक यथार्थताको चित्रण गरेका छन् । उपन्यासमा उपन्यासकारले विभिन्न क्षणहरूको उल्लेख गरेका छन् । प्रजातन्त्रको उदयपछि जनतामा आएको जागरण, गरिबीको पीडा र २०११ सालमा आएको बाढीले निम्त्याएको दुरावस्थाको वर्णन उपन्यासमा प्रस्तुत गरेका छन् । आर्थिक अवस्था कमजोर भएका गरिब किसानहरू साधारण रोगको उपचार नपाई मर्न विवश छन् । समाजमा रहेका शोषकहरूको अन्याय र अत्याचारलाई प्रतिकार गर्नुपर्छ भन्ने विचार भएका गरिब ज्यापू किसान परिवारको गरिबीकै कारण घर पनि मर्मत गर्न नपाउँदा प्राकृतिक प्रकोपमा परेर दुःखद अन्त्य हुन्छ ।

बहुपात्र अर्थात् ३३ जना पात्रहरू भएको यो उपन्यास विचारप्रधान उपन्यास हो । यसमा अष्टनारां, शिवनारां, डाक्टर गोदत्त प्रसाद, सुब्बा सुरमान, नानीथकुं आदि प्रमुख पात्र हुन् भने रञ्जनादेवी, पुननारां, हर्षनारां राम बहादुर, लतमाया, हाकुमाया, रामखेलावन आदि सहायक पात्र हुन् । यी सबै पात्र प्रधानको टोलछिमेक र जाति सुहाउँदा छन् । उनले प्रस्तुत उपन्यासमा शोषक र शोषित वर्ग रहेको परम्परा र अन्धविश्वासले समाज गाँजेको अनि भर्खर मात्र जागरण आउन सुरु गरेको सामाजिक परवेश उल्लेख गरेको पाइन्छ ।

उपन्यासमा गाउँघर, खेतबारी, वनपाखा गोठ पँधेरीकै कथाव्यथा उनेर विशुद्ध ग्रामीण सामाजिक परिवेश भित्र्याउनु प्रधानको औपन्यासिक चमत्कृति नै सावित हुन पुगेको छ ।

आर्थिक अवस्था कमजोर भएकै कारण प्रत्येक वर्ष अरूले भन्दा चाँडो ज्यापू किसान परिवारले खेत रोप्दछन् । घामपानी नभनी अहोरात्र धर्ती माताको सेवामा जुट्दछन् । शिवनारां जस्ता किसान छाडा छाडेका साँढे तथा गाईले धान खाला भनी खेत नजिकै छाप्रोमा रात काट्न बाध्य छन् । राजनीतिक चेतना भर्खरै पलाउँदै गएका कारण समाजका अन्याय अत्याचार र शोषणको प्रतिकार गर्न सुरुवात गरेका छन् तर गरिबीका कारण हरेक क्षेत्रका धारिला प्रहारहरू अष्टनारांको परिवारमाथि पररहन्छ । राम्रो राजनीतिक पहुँच र शिक्षादीक्षा नभएकै कारण सोझा नेपाली जनता आफ्नै हातमुख जोर्ने समस्यामा नै केन्द्रित रहेका छन् । प्रजातन्त्र पूर्व नेपालको राजनीतिक अवस्था तानाशाहहरूको हैकममा चलेकाले गरिब किसानहरूसँग आफूलाई पुग्ने जग्गा र जमिन साथमा थिएन । उनीहरू जमिनदारको जग्गा कमाएर आफ्नो बिग्रँदो आर्थिक अवस्था सुधार्न खेती किसानीमा खटिइरहेका थिए तर प्राकृतिक प्रतिकूलताले उनीहरूको थाप्लामा ऋणको भारी बोकाउँदथ्यो । काठमाडौं विष्णुमती खोलाको सेरोफेरामा रहेको उपन्यासमा भौगोलिक अवस्थिति अत्यन्तै सुन्दर रहेको पाइन्छ । प्रकृति र मानवका बिचमा अन्योन्याश्रित सम्बन्ध रहेको कुरा **एक चिहान** उपन्यासमा स्पष्ट देख्न सकिन्छ ।

समग्रमा हेर्दा हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) आधुनिक नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । **भ्रातृस्नेह** (१९९२) निबन्ध मार्फत साहित्य क्षेत्रमा उदाएका प्रधानले नेपाली व्याकरण, समालोचना, कविता कथा, एकाङ्की र उपन्यास जस्ता विधामा कलम चलाएका छन् । उपन्यासका क्षेत्रमा सशक्त ढङ्गले कलम चलाएका प्रधानका दुईओटा उपन्यासहरू **स्वास्नीमान्छे** (२०११) र **एक चिहान** (२०१७) मा सामाजिक यथार्थताको प्रस्तुति पाइन्छ । प्रधानका उपन्यासमा आलोचनात्मक यथार्थवादी दृष्टि, प्रगतिशीलता, नारीवादी दृष्टिकोण, प्रकृतिपरक चित्रण, मानवतावादी दृष्टिकोण, कारूणिकता र दु:खान्तता, जातिपरकता, सहरिया विषयवस्तु चयन जस्ता औपन्यासिक प्रवृत्ति पाउन सकिन्छ । **एक चिहान** प्रधानको उत्कृष्ट कृति हो । **स्वास्नीमान्छे** उपन्यासभन्दा श्रेष्ठ र उच्चकोटीको उपन्यास मानिने **एक चिहान**मा अत्यन्तै मार्मिक घटनाहरूको शृङ्खलाबद्ध वर्णन पाइन्छ । समाजमा घटित घटनाहरूको वर्णन गरिएको उपन्यासमा वि.सं.२०११ सालमा विष्णुमती

खोलामा आएको बाढीले गरेको नोक्सानी र त्यस समयमा कृषक वर्गको आर्थिक अवस्था अत्यन्त कमजोर भएको देखाइएको छ । समाजका उच्च वर्गीय व्यक्तिहरूले नारीमाथि राख्ने दृष्टिकोणको र नारीहरूले त्यसको विरूद्ध आफ्नो मूल्य कायम राख्नु पर्ने कुरा प्रस्तुत गरिएको छ जसले समाजमा हुने अन्याय, अत्याचार, शोषण र दमनका विरूद्ध सबै जागरूक हुनुपर्ने यथार्थ पक्षको वर्णन उपन्यासमा गरिएको छ ।

**एक चिहान** (२०१७) उपन्यास राणा शासनको अन्त्य र प्रजातन्त्रको बिजारोपण भएको समयमा रचना गरिएको सामाजिक यथार्थवादी उपन्यास हो । एउटा गाउँको परिवेश, एउटा गरिब परिवारको आर्थिक समस्याबाट सिर्जिएका विभिन्न आर्थिक कठिनाइ र समस्याहरू प्रस्तुत उपन्यासले आफ्नो पृष्ठभूमिका रूपमा उठाएको छ र उपन्यासको नायक पनि निम्नवर्गकै व्यक्ति शिवनारां हो । उसका माध्यमबाट समाजमा व्याप्त रहेका, अन्ध परम्परा, कुरीति, कुसंस्कार, शोषण अन्याय र अत्याचार र विसङ्गतिहरूको विरोध र त्यसका विरूद्ध सङ्घर्ष भएको छ । उसले कुनै अवस्थामा समाजका सामन्त र शोषक वर्गसँग सम्झौता र आत्मसमर्पण गरेको पाइँदैन । तत्कालीन समयमा अन्तर्जातीय विहे गर्नु आदर्श होइन बरु त्यो समाजमा रहेको जातीय उचनीच र भेदभाव विरूद्धको विद्रोह हो । डाक्टर र सुरमानको शोषण गर्ने प्रवृत्तिको विरोध र प्रतिकार गर्नु वर्ग सङ्घर्षको थालनी हो । नारी स्वतन्त्रता, समानताको आवाज उठाउनु र नारी आदर्शको सम्मान गर्नु अथवा उचित व्यक्ति रोजेर विवाह गर्न पाउनु, नारी शोषणको विरोध गर्नु, यो सबै कार्य तत्कालीन समाजको एउटा प्रगतिशील क्रान्ति हो । यसरी उपन्यासकार प्रगतिवादी भएको कारण उपन्यासमा प्रगतिवादी विचारहरू मुखरित भएको पाइन्छ । उपन्यासमा प्रयोग भएका नेवार जाति प्रधानको आफ्नै जात भित्रका हुन् । प्रधान नेवार जाति भएका कारण पनि उपन्यासमा जातिगत प्रभाव परेको पाइन्छ । नेवार जातिमा 'देव' प्रथा, अन्त्येष्टि संस्कार, छोरीले गोडा मिच्ने इत्यादि चलन छ त्यसको प्रभाव उपन्यासमा पनि परेको छ ।

उपन्यासको अर्को बाटो भनेको परिवेश हो । परिवेश भन्ने बित्तिकै वरिपरिको वातावरण भन्ने बुझिन्छ । भौगोलिक विविधताले भरिएको देश नेपालमा धेरै नदीनाला र उपन्यकाहरू छन् । यहाँको चिसो पानीले नेपाललाई शान्त बनाएको छ । यही वातावरण काठमाडौंमा पाइएकाले ज्यापू किसानहरू मरी मरी अहोरात्र खेतीपातीमा खटिएका छन् ।

राम्रो लगाउने र मीठा खाने रहर बोक्दा बोक्दै गरिबलाई प्रकृतिले नै नामोनिसाना मेटाइदिन्छ अर्थात् मानवभन्दा प्रकृति बलियो भएको कुरा उपन्यासमा उल्लेख गरेको पाइन्छ ।

**एक चिहान** (२०१७) उपन्यास समाजमा घटित घटनाको यथार्थ वर्णन गरिएको आलोचनात्मक कृति हो । यसमा आफ्नो पसिना र परिश्रममा भर परी माटामा जीवन भर्ने किसानहरू एकतिर सामाजिक शोषणहरूबाट उत्पीडित छन् भने अर्थ अभावका कारण प्राकृतिक प्रकोपबाट पनि तिनै गरिबहरूकै सर्वनाश भएको देखाइएको छ । उपन्यासमा काठमाडौंको वातावरणको प्रस्तुति अनि नेवार जातिको रीतिरिवाज संस्कारको प्रस्तुति भएबाट **एक चिहान** उपन्यास जाति, क्षण र परिवेशका निम्ति महत्त्वपूर्ण रहेको छ । समाजमा घट्ने घटना रीतिरिवाज, चालचलन सामाजिक परिवेशका रूपमा आएका छन् । तत्कालीन काठमाडौंका ज्यापू किसानको ग्रामीण समाजको वस्तुस्थितिलाई आलोचनात्मक यथार्थपरक ढङ्गले उतारिएको पाइन्छ । वंश परम्पराबाट आर्जित विशेषतालाई पात्रहरूले सहर्ष स्वीकार गरेका छन् भने लेखकमा पनि त्यसको प्रभाव परेको पाइन्छ । आर्थिक अवस्था सुधार्ने अभिलाषाले रातदिन माटोसँग जुधिरहेका किसानको समस्या सुध्रिने सङ्केत देखाइरहेको बेलामा प्रकृतिले नराम्रो झटारो हान्दछ । मान्छेसँग मान्छेले मुकाबिला गरे पनि प्रकृतिसँग नसकिने कुरा भने उपन्यासमा छर्लङ्ग देखिन्छ ।

यसरी हृदयचन्द्रसिंह प्रधान विभिन्न समयमा भएका घटनाहरूको वर्णन त्यसमा प्रयोग भएका जातिहरूमा परेको परिवेशको प्रभाव उपन्यासमा सजाउन सफल भएका छन् ।

# सन्दर्भ सामग्री सूची


आचार्य, वासुदेव (२०३६), **उपन्यासकार हृदयचन्द्रसिंह प्रधान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

क्षत्री, उदय (२०६३), **समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन**, विद्यावारिधि शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

कर्माचार्य, माधवलाल (२०२२), **समालोचना र साहित्य**, काठमाडौँ : साझा प्रकाशन ।

खत्री, कमल बहादुर (२०५८), **एक चिहान उपन्यासको कृतिपरक अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रि.वि.नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

गौतम, मञ्जु (२०७०), **'मुलुक बाहिर' उपन्यासमा क्षण, जाति र परिवेशको अध्ययन,** शोधपत्र, त्रि.वि.केन्द्रीय विभाग, कीर्तिपुर ।

घिमिरे, रामबाबु (२०३६), **हृदयचन्द्रसिंह प्रधान जीवनी व्यक्तित्व कृतित्व अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

जैन, निर्मला (ई.१९९२), **साहित्यका समाज शास्त्रीय चिन्तन**, हिन्दी विभाग, दिल्ली विश्व विद्यालय ।

त्रिपाठी, वासुदेव (२०५८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, काठमाडौं : साझा प्रकाशन ।

थापा, हिमांशु (२०३६), **साहित्य परिचय,** काठमाडौं : साझा प्रकाशन ।

दाहाल, खेमनाथ (२०५८), **आधुनिक नेपाली उपन्यासको समाजशात्रीय अध्ययन**, अप्रकाशित विद्यावारिधि शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

पाण्डेय, मैनेजर (ई.१९८९) **साहित्यको समाजशास्त्र के भूमिका**, चण्डीगड : हरियाणा साहित्य अकादमी ।

पौड्याल, कुवेर प्रसाद (२०६२), **'माइतघर' उपन्यासको समाज शास्त्रीय अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रि.वि. केन्द्रीय विभाग, कीर्तिपुर ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार,** (चौ.सं), काठमाडौं : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४४), **साझा सामालोचना**, काठमाडौं : साझा प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह (२०११), **स्वास्नीमान्छे,** काठमाडौं : साझा प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह (२०१७), **एक चिहान,** काठमाडौं : साझा प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह (२०१३), **तीस रूपैयाँको नोट**, (दो.सं.), काठमाडौं : बाङ्गेमुढा सन्देश गृह ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), उपन्यास **सिद्धान्त र नेपाली उपन्यास** (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०४०) **प्रगतिवाद र नेपाली उपन्यास,** विराटनगर : प्रभाव जनसाहित्य परिवार ।

भट्टराई, घटराज (२०४०), **प्रतिभै-प्रतिभा र नेपाली साहित्य**, काठमाडौं : डिल्लीबजार, नेसनल रिसर्च एसोसियट ।

मगर, लक्ष्मण (२०६९), **'तीन घुम्ती' उपन्यासको समाजशास्त्रीय विश्लेषण**, स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

राई, इन्द्रबहादुर (२०५८), **नेपाली उपन्यासका आधारहरू** (ते.सं.), काठमाडौं : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०३६), **नेपालका केही आधुनिक साहित्यकार**, भैरहवा : नेपाली साहित्य घर ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्र प्रसाद (२०६२), **शोधविधि**, (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन ।

सुवेदी, हेमन्ता (२०६८), **'मुलुक बाहिर'को परिवेशगत अध्ययन,** स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।